# कपुरकोट दर्पण

प्रकाशक

**कपुरकोट गाउँपालिका**

**सल्यान**

**कर्णाली प्रदेश नेपाल**

## कपुरकोट दर्पण


लेखक/सङ्कलक : भद्र सिंह बुढामगर 'भद्रभास्वर'

ठेगाना : कपुरकोट गा.पा.-५, रिम, सल्यान

प्रकाशक : कपुरकोटा गाउँपालिका, सल्यान

संस्करण : पहिलो, २०८० भाद्र

संस्करण प्रति : ५०० प्रति

ISBN NO. : 9789937146067

मुद्रण : न्यू सफल अफसेट प्रेस, नेपालगन्ज
९८५८०६०३८१

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल
☏ ०८८-४१००६९/४१००७०
ito.kapurkotmun@gmail.com
kapurkotruralmun073@gmail.com

प.सं.:- २०८०/०८१
च.नं.:-

मिति २०८०।०५।११

## शुभकामना

कपुरकोट गाउँपालिका वडा नं. ५ रिम सल्यान निवासी समाजसेवी, साहित्यकार एवम् राजनीतिक व्यक्तित्व श्रद्धेय भद्रसिंह बुढामगर (भद्रभास्वर)ले आफ्नो अथक मेहनत र परिश्रमबाट सङ्कलन तथा खोज अनुसन्धान गरी तयार गरिएको 'कपुरकोट दर्पण' नामक पुस्तक कपुरकोट गाउँपालिकाले प्रकाशन गर्न लागेको कार्यले मलाई असाध्यै हर्ष विभोर बनाएको छ । पुस्तकमा कपुरकोट गाउँपालिकाको समग्र ऐतिहासिक, राजनीतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, शैक्षिक र सामाजिक लगायतका महत्त्वपूर्ण विषयहरू समावेश भएको देखिन्छ । कपुरकोट गाउँपालिकाको बारेमा अध्ययन गर्न चाहने शोधकर्ताहरूका लागि मार्गदर्शक बन्ने अपेक्षा गरेको छु । यस पुस्तकमा कपुरकोटको ऐतिहासिक चिनारी दिने गरी बाइसे चौबिसे राज्यका पालादेखि हालसम्मको राजनीतिक इतिहास, पालिकाको भौगोलिक अवस्था, सामाजिक जनजीवन, संस्कृति, भाषा, जनसङ्ख्या, यहाँका विभिन्न स्थानहरूको नामकरणको अर्थ, विभिन्न धार्मिक तथा पर्यटकीय स्थल र यहाँ मनाइने चाडपर्व, मेला, जात्रा, कला, नृत्य, लोकगीतका बारेमा समेत अभिलेखीकरण गर्ने कार्यमा लेखकले विशेष मेहनत गरेको देखिन्छ । लेखकले यहाँका भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, स्वास्थ्य, शिक्षा, गौरवका आयोजना लगायत यस पालिकाभित्रका विभिन्न पक्षहरूलाई समेत उजागर गरेको पाइन्छ । प्रस्तुत 'कपुरकोट दर्पण' पुस्तक गाउँपालिकाको स्रोतका रूपमा रहने विश्वास लिएको छु ।

यस पुस्तक प्रकाशनका लागि विभिन्न खोज अनुसन्धान गरी लेखन कार्यमा महत्त्वपूर्ण योगदान गर्नुहुने साहित्यकार तथा यस पुस्तकका लेखक भद्रसिंह बुढामगर (भद्रभास्वर)ज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अनुसन्धानमूलक प्रस्तुत पुस्तकको मुद्रण कार्यमा सहयोग गर्ने न्यू सफल अफसेट प्रेस नेपालगन्ज, पुस्तक प्रकाशन लागि सल्लाह सुझाव दिने विभिन्न महानुभावहरू र प्रत्यक्ष अप्रत्यक्ष रूपमा साथ दिने सहयोगीहरूलाई कपुरकोट गाउँपालिका कार्यालयको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु । यसका साथै आगामी दिनमा लेखकको लेखन कला र साहित्य सिर्जनामा अझै निखार आउने विश्वासका साथ पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

दुर्गा बहादुर पुन
(अध्यक्ष)

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल
☏ ०८८-४१००६९/४१००७०
ito.kapurkotmun@gmail.com
kapurkotruralmun073@gmail.com

प.सं.:- २०८०/०८१
च.नं.:-

मिति २०८०।०५।११

# शुभकामना

कपुरकोट गाउँपालिका वडा नं. ५ रिम निवासी साहित्यकार, राजनीतिज्ञ, समाज र संस्कृतिका बारे विशेष जानकारी राख्ने भद्रसिंह बुढामगर ( भद्रभास्वर)द्वारा लेखिएको हाम्रो कपुरकोटा गाउँपालिकाभित्रको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, राजनीतिक, आर्थिक र सामाजिक जीवनसँग जोडिएका विविध पक्षको विषयवस्तुलाई समाहित गरी **कपुरकोट दर्पण** पुस्तक गाउँपालिका प्रकाशक रही प्रकाशन गर्न लागेकोले खुसी लागेको छ । कपुरकोट गाउँपालिकामा लाग्ने विभिन्न मेलाजात्रा, यहाँको मुख्य स्थलहरूको नामकरणको ऐतिहासिकता सन्दर्भ र विविध विषयमा बोल्ने आजसम्म आधिकारिक दस्तावेज हामीसँग रहेको छैन । हामीले भौतिक पूर्वाधारका भवन, खानेपानी, विद्युत, बाटो, सिँचाइ जस्ता ठुलाठुला ऐतिहासिक संरचना तयार गर्‍यौँ तर आजसम्म आइपुग्दा कपुरकोटको सामान्य जानकारी दिने हामीसँग कुनै सामग्री छैन । त्यतिमात्र होइन विगतमा हाम्रा पुर्वजहरूले गरेका महत्त्वपूर्ण संस्कार र संस्कृति र राम्रा कार्यहरूको चिनारी पनि छैन । कपुरकोट बेमौसमी तरकारीको मुख्य हाटबजार र उत्पादन क्षेत्रको स्थान हो । यी कार्य कहिलेदेखि हुने गरे भन्ने कुराको लिखित दस्तावेज छैन । त्यसैले आजसम्म हामी अँध्यारो कोठामा बसेको यात्री जस्ता भएका छौँ । मलाई लाग्छ, यस पुस्तकले कपुरकोट गाउँपालिकाको विविध विषयको सन्दर्भमा आधारभूत चिनारी गराउनका लागि सहयोगी हुनेछ भन्ने विश्वास लिएको छु । यो पुस्तक स्थानीय पाठ्यपुस्तक निर्माणका लागि कोशेढुङ्गा सावित हुनेछ ।

अन्त्यमा पुस्तकका लेखक भद्रसिंह बुढामगर (भद्रभास्वर) पुस्तक लेखन र प्रकाशनमा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने सबै महानुभावहरूमा हार्दिक धन्यवाद ।

प्रकाश भरारी
गाउँपालिका उपाध्यक्ष

प्रकाश भरारी
उपाध्यक्ष

कपुरकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल
☏ ०८८-४१००६९/४१००७०
ito.kapurkotmun@gmail.com
kapurkotruralmun073@gmail.com

प.सं.:- २०८०/०८१
च.नं.:-

मिति २०८०।०५।१०

## हार्दिक शुभकामना

कपुरकोट गाऊपालिका वडा न ५ रिम निवासि पुर्व शिक्षक तथा हाल समाजसेवा, साहित्य र राजनितिक कार्यमा सक्रीय रहँदै आउनुभएका श्रदय व्यक्तित्व भद्रसिंह बुढामगर (भद्रभास्वर)ले कपुरकोट गाउँपालिका प्रकाशक रहनेगरी गाउँपालिकाको प्रस्तावमा कपुरकोट गाउँपालिकाको समग्र ऐतिहासिक, राजनीतिक, भौगौलिक, धार्मिक, सांस्कृतिक, शैक्षिक र सामाजिक लगायतका महत्त्वपुर्ण विषयहरू लेखन तथा संकलन गरेर "कपुरकोट दर्पण" नामक पुस्तक प्रकाशन गर्न लाग्नुभएकोमा मलाई असाध्यै खुसी लागेको छ । यो प्रकाशनमा लेखकले कपुरकोट गाउँपालिकाको इतिहासलाई दस्ताबेजीकरण गर्नुभएको छ । यस पुस्तकको प्रकाशनले भद्रभास्वर सर अव भद्रभास्वर मात्र नभएर उहाँले कपुरकोट गाउँपालिकाको इतिहासको लेखकका रूपमा आफ्नो नाम लेखाउने सुअबसर समेत प्राप्त गर्नुभएको छ । यसका लागि सर्वप्रथम म भद्रसिंह सरलाई हार्दिक बधाई ज्ञापन गर्दछु । तपाईँले यस अगाडि र अब पछि प्रकाशन गर्ने रचनाभन्दा यस पुस्तक प्रकाशनको भिन्न महत्त्व रहनेछ किनकि अब यो कपुरकोट रहँदासम्म तपाईँको उपहार कपुरकोट दर्पण रहिरहनेछ र तपाईँ भौतिकरूपमा रहे वा नरहेपनि तपाईँ कपुरकोटबासीहरूको मन र मस्तिष्कमा सधैँ बसिरहनुहुनेछ। कपुरकोटको सामाजिक उत्पत्तिबारे प्राचीन कालमा लिपिबद्ध इतिहास नभेटिएपनि बाइसे चौबिसे राज्यका पालादेखिको राजनीतिक इतिहास, यस पालिकाको भूगोल, जनसङ्ख्या ,चाडपर्वहरू, यहाँका विभिन्न स्थानहरूको नामकरणको अर्थ, सामाजिक तथा सांस्कृतिक सङ्घ संस्थाहरू, यहाँका पर्यटकीय, सांस्कृतिक तथा धार्मिक स्थलहरूको सुव्यवस्थित अभिलेख पनि यस पुस्तकमा राखिएको छ । लेखकले यहाँका लोक संस्कृति, मेला, बाजागाजा, नृत्य, स्वास्थ्य तथा शिक्षण संस्थाहरूको सामान्य परिचय लगायतका यस पालिकाका सम्पदाहरूलाई लिपिबद्ध गरेको छ । कपुरकोट गाउँपालिकाको स्थानिय पाठ्यक्रमको लागि एउटा महत्त्वपुर्ण स्रोतपुस्तिका र गाउँपालिकाको मुख्य तथ्याङ्कको स्रोतका रूपमा यो पुस्तक स्थापित हुनेछ भन्ने बिश्वास मैले लिएको छु । मलाई विश्वास छ यस पुस्तक गाउँपालिकाकाबासी सबै नागरिकहरूको हातहातहरूमा पुग्नेछ र सबैले यो पुस्तकमा गर्व गर्नुहुनेछ । यस पुस्तक प्रकाशन गर्न सामाग्रीहरू सङ्कलन गर्न सहयोग गर्ने सम्पुर्ण सर्जक, सहयोगीहरू, मुद्रण गर्ने न्यू सफल अफसेट प्रेस, नेपालगन्जलाई कपुरकोट गाउँपालिकाको कार्यालयको तर्फबाट हार्दिक धन्यबाद व्यक्त गर्दछु । कपुरकोट गाउँपालिकाको जागरण अभियान अन्तर्गत मौलिक संस्कृति संरक्षण गर्ने, नयाँ पुस्ताहरूलाई आफ्नो संस्कृति र इतिहासप्रति गर्व गर्ने बनाउने अभियानमा यस पुस्तकमार्फत योग्दान गर्नुभएकोमा साहित्यकार तथा यस पुस्तकका लेखक भद्रसिंह बुढामगर (भद्रभास्वर) सरलाई हार्दिक धन्यबाद सहित यस पुस्तकको सफलताको सुभकामना व्यक्त गर्दछु ।

भरत कुमार वली
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार वली
प्रमुख प्रशासकीय अधिकृत

# दुई शब्द

कपुरकोट गाउँपालिका कर्णाली प्रदेशको पूर्वी द्वार हो । यो बेमौसमी तरकारी खेतीका लागि नेपालभरि प्रसिद्ध छ । भारतका केही ठाउँमा यसले आफ्नो पहिचान बनाएको छ । प्रकृतिले धेरै सुन्दर सिँगारिएका रमणीय ठाउँहरू उपहार दिएको छ, तर पनि यहाँको खारा पहिरो, सल्लामको पात्ला पहिरोले यहाँ ठुलो चुनौती दिएको छ । यहाँका मानिसहरू परिश्रमी, लगनशील, स्वाभिमानी, उत्पादनशील छन् । यस पालिकाभित्र रहने मानिसहरूको लागि र यस पालिकाको विविध पक्षसँग जानकार हुन चाहने मानिसहरूका लागि यो प्रकाशन हुन लागेको कपुरकोट दर्पणले चिनारीको काम गराउने छ । यहाँको भौगोलिक, ऐतिहासिक, सांस्कृति, राजनीतिक, आर्थिक र सामाजिक जीवनसँग सम्बन्धित विविध पक्षको विषयलाई एकीकृत रूपमा राखेर कपुरकोट दर्पण पुस्तक प्रकाशन गरिएको छ ।

देख्दा सानो पुस्तक भए पनि लेख्दा प्राप्त स्रोतको अभाव र कठिनाइका कारण भनेजस्तो सार प्राप्त हुने पुस्तक बन्न सकेको छैन । तरपनि कपुरकोटका सन्दर्भमा जान्न चाहने सङ्घसंस्था, शोधकर्ता र भावी पुस्तका लागि यसले कपुरकोटको चिनारी दिनसक्छ भन्ने पूर्ण विश्वास लिएको छु । जसरी एउटा ऐनाले आफ्नो अनुहार देखाउन सक्छ । आन्तरिक अङ्ग देखाउन सक्दैन ठिक त्यसैगरी यस पुस्तकले कपुरकोटको चिनारी देखाउन सक्छ यसको अन्तरवस्तुको लागि थप अध्ययन गर्नुपर्ने हुन्छ । त्यसैले पनि यस पुस्तकको नाम **कपुरकोट दर्पण** राखिएको हो ।

केही समयदेखि यस पुस्तक लेखन र स्रोत सङ्कलनका लागि दिनरात खटपटन गरियो । यहाँको विविध विषयको क्षेत्रमा अभिलेखको साह्रै अभाव रहेको छ । सन्दर्भ सामग्रीको निकै सीमितता छ । यस क्षेत्रका जानकार बयोवृद्धको कमी र स्मरणको अभाव पनि रहेको छ । यति हुँदाहुँदै यस पालिकाभित्रका र बाहिरका समाजसेवी सम्बन्धी विषयका जानकार, बयोवृद्धहरू र पालिका परिवारको गतिशील प्रेरणाका कारण यो पुस्तकले जन्म लिएको हो । समाजका बयोवृद्ध र सम्बन्धित विषयका जानकारहरूको भनाइ नै बढी स्रोतको माध्यम भएकोले केही तिथिमितिहरू फरक पर्न सक्छन् । केही विषयवस्तुका विषयहरू छुट्न पनि सक्छन् । यस पुस्तकको विद्वान् पाठकवर्गबाट थप सुझाव आएमा अर्को संस्करणका लागि ती सल्लाहसुझावहरू सम्पत्ति हुनेछन् । यस पुस्तकले पाठकवर्गलाई भनेजस्तो प्राप्त ज्ञानको खुराक नदिएपनि कपुरकोटको पहिचान गराउनेमा यो अचुक सामग्री बन्ने छ र उठेका जिज्ञासाको न्यून रूपमा भए पनि समाधान गर्ने छ भन्ने कुरामा विश्वस्त छु । पुस्तक लेखन कला, शैली, ज्ञानको अभाव, विषयवस्तुको प्रस्तुतिमा सुन्दरताको कमी हुनसक्छदन्, तर त्यसलाई पाठकवर्गहरूले सामान्य रूपमा लिई अध्ययन गरिदिनुहुनका लागि अनुरोध गर्दछु ।

यस पुस्तकको लेखनमा स्रोतका भूमिका खेल्ने सङ्घसंस्था र व्यक्तिहरूप्रति आभार प्रकट गर्दछु । संस्थाहरू जिल्ला प्रशासन कार्यालय सल्यान, कपुरकोट गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सल्यान, कपुरकोट प्रहरी चौकी, अस्थायी प्रहरी पोस्ट रिम, कपुरकोट कृषि हाटबजार समिति, अदुवाबाली अनुसन्धान कार्यक्रमको कार्यालय कपुरकोटप्रति हार्दिक धन्यवाद । त्यस्तै सम्बन्धित विषयका जानकारहरू टेक बहादुर बोहरा, डण्ड बहादुर सेन, रूद्र प्रसाद शर्मा, श्यामकृष्ण शाह, भीम बहादुर खड्का, रूद्रमणि सुवेदी, भीम दसौंदी, मित्रलाल घर्ती, बम कुमारी बुढा, लालसिंह घर्ती, तेज बहादुर राना, कृष्ण मल्ल, प्रदीप खड्का, चूर्ण बहादुर घर्ती, ईश्वर बुढा, नवराज बुढा, मानबहादुर राना, ओम बहादुर बुढा, शान्त बहादुर बुढा, रामलाल बि.क., रत्न वली, शोभाराम बि.क., पूर्ण बहादुर बुढा, डिल बहादुर पुन, वीर बहादुर बुढा, खिमलाल बुढा, मित्र कठायत, टीकाराम कठायत, हरिलाल पुन, शिवराज बि.क., गोविन्द जङ शाह, गौरीलाल खत्री, होमराज खड्का, डिलबहादुर पुन, द्रोण बहादुर पुन, नरसिंह पुन, वीरसिंह पुन, नरबहादुर बि.क., बलसिंह पुन, रूद्र बहादुर बुढाथोकी, तेज बहादुर बुढाथोकी, ठगवीर बि.क., मनबहादुर कामी, डम्बर एरी, दामोदर शर्मा, बालाराम खड्का, पूर्भान पुन, मणि बुढा, भुल बहादुर बि.क., हेरम बुढाथोकी, झाक बहादुर महतारा, दलबहादुर बुढा, गोकुल घर्ती, प्रेम पुन, अम्मर राना, श्यामकृष्ण बोहरा, चद्रभान बि.क., द्रोण केसी, यम कुमार बस्नेत, दुर्गा बलाल, यम थापा, तिला बुढा, महेश पुन, हिमलाल बुढा, प्रकाश सेन, युवराज घर्ती, मिन बहादुर सेन, दल बहादुर बुढा, जनक पुन, कर्ण बहादुर बाँठा, टिकाराम खड्का, खिम बहादुर रावत, भूपाल साहु, अम्मर बहादुर बकरी, जित प्रकाश आचार्य,

तिलक शर्मा, खिम बहादुर पुन, खड्ग केसी. टोपेन्द्र केसी, पवित्रा घर्ती, बलसिंह घर्ती, टिकाराम बुढा, नारायण बि.क., शिवराज बि.क., घनश्याम शर्मा, प्रेमा अधिकारी, कलसिंह बुढाथोकी, रेशम पुन, अम्मर महतारा, मित्रलाल खड्का, घनश्याम पाण्डे, कृष्ण बि.क., लोक बहादुर डाँगी, टीका बुढाथोकी, धिरेन्द्र बहादुर श्रेष्ठ, हर्षलाल रेग्मी, डिल्ली उपाध्याय, कृष्ण श्रेष्ठ, खिमलाल केसी, डा.मित्र पाठक लगायत सहयोगी सबैलाई धन्यवाद ।

अन्त्यमा यो पुस्तक लेखनलाई प्रेरणाका स्रोतका रूपमा गतिशील बनाउने कपुरकोट गाउँपालिका पपिरवार, पुस्तकको टङ्कण गर्ने गेहेन्द्र केसी, दयाराम बुढा, ईश्वर पुन, भूमिका लेखिदिने पालिका अध्यक्ष दुर्गा बहादुर पुन, उपाध्यक्ष प्रकाश भरारी, प्रमुख प्रशासकीय अधिकृत भरत कुमार वली, सुद्धासुद्धी हेरिदिने भेरी साहित्य समाजका हरि तिमिल्सिनाप्रति आभार व्यक्त गर्दछु । यो पुस्तक मुद्रण गरिदिने न्यू सफल अफसेट नेपालगन्जका सञ्चालक अन्तरिक्ष देवकोटालाई पनि धन्यवाद ।

# विषयक्रम


१. ऐतिहासिक पृष्ठभूमि १
- १.१ ठाउँको नाम रहनुको कारण १
- क) प्राकृतिक वातावरण तथा प्राकृतिक वस्तु उपलब्धका आधारमा १
- ख) मानवद्वारा निर्माण गरेको वस्तुका आधारमा १
- ग) सामाज र संस्कृतिका आधारमा १
- घ) विभिन्न समयमा घट्ने घटनाका आधारमा २
- ङ) प्रसिद्ध व्यक्तिका जीवन गतिविधिका आधारमा २
- १.२ कपुरकोटको नामकरणका सन्दर्भ २
- १.३ प्राचीन, मध्य र आधुनिककालमा कपुरकोट ४

२. कपुरकोटको भौगोलिक अवस्था ७
- २.१ सङ्क्षिप्त विवरण ७
- २.२ टोलबस्ती ८
- २.३. पहिरोहरू १२
  - २.३.१ कपुरकोट खारा पहिरो १२
  - २.३.२ कपुरकोट ५ सल्लामको पात्ला पहिरो १२
- २.४ सामुदायिक वन र वन क्षेत्रका नामहरू १३
- २.५ पालिका स्तरीय सामुदायिक वन उपभोक्ता महासङ्घ २०
- २.६ जनसङ्ख्या २०
- २.७ शैक्षिक अवस्था २१
- २.८ स्वास्थ्य अवस्था २२
- २.९ कृषि २५

३. सामाजिक जनजीवन २८
- क) प्राचीन समाज २९
- ख) मध्यकालीन समाज ३०
- ग) आधुनिककाल समाज ३१
- ३.१ भाषा ३२
- ३.२ संस्कृति ३६
  - ३.२.१ कपुरकोटमा लोप भएर गएको संस्कृति ३७
  - क) झ्याउङा ३७
  - ख) कठौरा ३९
  - ग) फाँक गीत ४५
  - घ) सिँगारू नाच ४६
  - ङ) ज्वरा नृत्य ४६
  - च) भुमे/भुम्या नाच ४७
  - छ) कौडा नृत्य ४८
  - ज) ठाडी भाका गीत ४८
  - झ) झ्याउरे/साइँली गीत ५०
  - ३.२.२ कपुरकोटाको हाल चलिआएको संस्कृति ५४
  - क) पैँसरी ५४
  - ख) सोरठी ५५
  - ग) टप्पा गीत र नाच ७३
  - घ) पञ्चेबाजा ७४
  - ङ) जागरण गीतहरू ७४
  - च) लाखे नाच ७६
- ३.३ चाडपर्व ७८

४. कपुरकोट पालिकाभित्रको प्रमुख मेलाजात्राहरू ७८
- ४.१ छायाँनाथ मेला, वडा नं. ६ ७८
- ४.२ रूम्टी मेला, वडा नं. १,२ र ५ ८०
- ४.३ तीन डाँडा मेला, वडा नं. ५ ८१
- ४.४ मङ्राको मेला, वडा नं. ३ ८२
- ४.५ कनकनथानको मेला, वडा नं. ५ ८३
- ४.६ कालापात्लाको मेला, वडा नं. १ ८४
- ४.७ दानवाङको मेला, वडा नं. २ ८५
- ४.८ कपुरकोटको लाखे मेला, वडा नं. ३ ८५
- ४.९ दहवन (गैरीवाङ)को मेला, वडा नं. १ ८६

५. धार्मिक तथा पर्यटकीय स्थल ८७
- ५.१ शिव पाइला, वडा नं. ५ ८७
- ५.२ दक्षिण कालिका भगवती मन्दिर, वडा नं. ३ ८८

| | |
|---|---|
| ५.३ सातामूल, वडा नं. ६ | ८९ |
| ५.४ बेहुलाबेहुली ढुङ्गा, वडा नं. ५ | ९० |
| ५.५ पाटेश्वरी मन्दिर, वडा नं. ४ | ९२ |
| ५.६ दुर्गामाता मन्दिर, वडा नं. ५ | ९३ |
| ५.७ राधाकृष्ण मन्दिर, वडा नं. ५ | ९४ |
| ५.८ शिव मन्दिर मङ्रा, वडा नं. ३ | ९४ |
| ५.९ ऐतिहासिक स्थल न्याले पौवा, वडा नं. ५ | ९५ |
| ५.१० सिस्नेरी धर्मशाला (ठाँटी) वडा नं.५ | ९७ |
| ५.११ घँङारू चौर, वडा नं. ४ | ९७ |
| ५.१२. रूम्टी लेक, वडा नं. १, २ र ५ | ९८ |
| ५.१३. वनस्पति अनुसन्धान केन्द्र मूलपानी वडा नं. ३ | ९८ |
| ५.१४ कालापात्ला सिद्धथान मन्दिर वडा नं. १ | ९९ |
| ५.१५. बराह थान उनवाङ मन्दिर वडा नं. १ | ९९ |
| ५.१६ सिद्धबाबा मन्दिर वडा नं. १ सारपानी | ९९ |
| ५.१७ सिद्धबाबाको थान वडा नं. ४, क्युरेनी | १०० |
| ५.१८ कालिका मन्दिर वडा नं. ४ | १०० |
| ६. सहिद तथा बेपत्ताहरूको विवरण | १०० |
| ७. निर्वाचित जनप्रतिनिधिहरूको विगतदेखि हालसम्मको ..... | १०२ |
| ८. गाउँपालिकाको कार्यालय प्रमुखको हालसम्मको विवरण | १०८ |
| ९. गाउँपालिका भित्रका सहकारी तथा बैङ्कहरूको विवरण | १०९ |
| १०. सल्यानका प्रमुख जिल्ला अधिकारीहरू | ११० |
| ११. वडामा भएका बाटा र लिफ्टिङ खानेपानी | ११२ |
| १२ यस पालिकाका गौरवका योजनाहरू | ११३ |
| सन्दर्भसामग्री | ११४ |

# कपुरकोट दर्पण

## १. ऐतिहासिक पृष्ठभूमि

### १.१ ठाउँको नाम रहनुको कारण

मानव सभ्यताको विकाससँगै जब मानिसले आफ्ना भावना अर्को व्यक्तिलाई बुझाउने प्रयासको विभिन्न अभ्यासबाट भाषाको आविष्कार गर्न सफल भयो त्यस पछि यो सम्पूर्ण ब्रह्माण्डभित्रका हरेक वस्तु, जीवजनावर, पिण्डहरू र स्थानहरूको नामकरण गर्न पुग्यो । नामकरण गर्नुको आसय हो आफूले बुझ्नु, चिन्नु, जान्नु र अरूलाई बुझाउनु, चिनाउनु, त्यसबारे जान्ने बनाउनु । हरेक वस्तुको नाम राख्न त्यस समुदायले तत्कालीन अवस्थामा के भाषा बोल्दथे भन्ने कुराले निर्धारण गर्दछ । तिनै भाषाका आधारमा भिन्न वस्तु र स्थानको नाम राख्ने गरिन्छ । हरेक मानव सभ्यतामा जुनसुकै भाषा बोलचालमा आएपनि नाम राख्नका लागि मानिसहरूलाई विभिन्न आधारहरू तयार भएका छन् । ती आधारहरूलाई सामान्यरूपमा निम्नअनुसार उल्लेख गरिन्छ :

**क) प्राकृतिक वातावरण तथा प्राकृतिक वस्तु उपलब्धका आधारमा**

जस्तैः जङ्गल, तलाउ, पोखरी, नदी, पहाड, भिरपाखा, पहाड, हिमाल, उपत्यका, तराई, ताता, चिसा, गहिरो, थुम्को, डाँडा, बैँसी, सागर परेको ठाउँ, पहिरो, बाढी, भूकम्प, सुख्खा, वर्षात, पानी हराएको, पानी भएको, पानी जागेको, मरूभूमि, रूखोमाटो, मलिलो माटो, समथर, ढुङ्गा भएको ठाउँ, चिप्लो ठाउँ, आगो लागेको, जङ्गली जनावर हुने ठाउँ, कन्दमुल पाइने, रूख, बुट्यान, घाँस, चराचुरूङ्गी, चट्टान, हिमनदी, भूकम्प आदि ।

**ख) मानवद्धारा निर्माण गरेको वस्तुका आधारमा**

खेत, बारी, बाटो, पुल, लप्को, पार्क, ग्यारेज, पाटीपौवा, बाग, बगैँचा, चिहानघाट, पिङ, मन्दिर, चैत्य, गुम्बा, भूत, कलकारखाना, विद्यालय, सहर, बजार, टोल, बस्ती, रेलमार्ग, विश्वविद्यालय, सडक, धावनमार्ग, बन्दरगाह, खानी उत्खनन, श्रमस्थल आदि ।

**ग) सामाज र संस्कृतिका आधारमा**

जाति, भाषा, भेषभूसा, धर्म, खानपिन, दण्ड, सजाय, पुरस्कार, प्रशासनिक, पापपुण्य, दान, उपहार, वीरता, मनोरञ्जन, गायन, वाध्यवादन,



मेला, यज्ञ, नृत्य, जन्म, न्वारान, पास्नी, बिहे, मृत्यु, अन्येष्टी, स्तुति, श्राप, आसन, उपासन, आन्दोलन, युद्ध, शक्ति, सम्झौता, किनबेच, भोजभतेर, ज्ञानआर्जन आदि ।

**घ) विभिन्न समयमा घट्ने घटनाका आधारमा**

आकासीय पिण्ड खस्नु, बायुयान, जलयान, जलयानको दूर्घटना हुन्, नयाँ कुरा पत्ता लागनु वा आविष्कार गर्नु, अनौठो वस्तु देखा पर्नु, भएका वस्तु लोप हुनु ।

**ङ) प्रसिद्ध व्यक्तिका जीवन गतिविधिका आधारमा**

जन्म, बिहे, ज्ञान आर्जन, ज्ञान प्रसारण, बिहे, मृत्यु र अन्त्येष्टी

### १.२ कपुरकोटको नामकरणका सन्दर्भ

कपुरकोटको नामकरण सम्बन्धमा पनि माथि उल्लेखित आधारहरूमध्ये केही आधारहरू रहेका छन् । हालसम्ममा सुन्दै भन्दै आएका केही भनाइ र सत्यतथ्य आधारलाई निम्न अनुसार उल्लेख गरिन्छ :

कपुरकोटमा मानव बस्ती नबस्ने समयमा यहाँ प्रसस्त जङ्गल थियो । यी जङ्गलमा गाई, भैँसी, भेडा, बाख्राको चरण गर्नको लागि उपयुक्त स्थान थियो । यहाँ ग्वालाहरू आफ्ना पशु चौपाया चराउने समयमा बाघ लागेर धेरै सताउने गर्दथ्यो । बाघको पीडाबाट आजित भएका ग्वालाहरूले बन्दुकहरूको जन्जिर बनाई र बाघ हुल्ने ढुङ्गाको खोर बनाई बाघलाई मार्ने जुक्ति तयार गरी साँझ सुरक्षित रूपमा बस्न, शीतबाट जोगिन कपडाको पाल हालेर बस्न थाले । केही हदसम्म बाघलाई जन्जिर र खोरमा पार्न सफल भए । त्यसैले यस स्थानलाई ग्वालाहरूले पछि कपडाको पाल हालेको कोट भन्दै जाँदा अपभ्रंश भई कपराको कोट हुँदै कपुरकोट भएको भन्ने एकथरीको भनाइ छ ।

कपुरकोटको नामकरण नहुँदै यहाँ केही पशुचौपाया पालन गर्नका लागि गोठ हालेर बसेका केही मानिसहरू थिए । स्वर्गद्वारीका महाप्रभु नारायण क्षेत्री फलावाङदेखि सल्यान जाने क्रममा यहाँका मानिसहरूलाई कपुरको बोट रोप्न लगाएको र आफूले पनि रोपे । यसरी यस स्थानमा कपुरको बोट रोपेकोे हुँदा यस ठाउँको नाम कपुरकोट रहन गयो भन्ने भनाइ पनि एक थरीको भनाई छ ।

कपुरकोट नजिकको स्थानमा खुङा भन्ने ठाउँ रहेको छ । मगर

भाषाको खाम भाषामा खुङाको अर्थ खरी भएको ठाउँ भन्ने हुन्छ । साविकका धनवाङ, गर्पा, रिम, सिवाङ गा.वि.स.हरू हालको कपुरकोट क्षेत्र जुम्ला राज्यको क्षेत्र विस्तार भन्दा पहिले अठार मगरात राज्य क्षेत्रको शासित क्षेत्र थियो । यस्को राजधानी शेष क्षेत्र भन्ने ठाउँको जङकोटमा रहेको थियो । शेष क्षेत्रबाट यहाँ भेडा चराउन आउने र यो ठाउँ भेडा चराउका लागि पनि अति उपयुक्त थियो । भेडा चराउन आउने ग्वालाहरूले आफूसँग भेडाका बथान सुरक्षाका लागि थुप्रै कुकुरहरू साथमा लिएर आउने गर्दथे । ती कुकुरहरूलाई निश्चित स्थानमा राख्ने गरिन्थ्यो । मगर भाषमा काभुरको अर्थ कुकुर बाँधेको, कुकुर भुकेको, कुकुर झम्टेको भन्ने हुन्छ । कोटको अर्थ अग्लो ठाउँ हुन्छ । काभुरकोट भन्दै जाँदा अपभ्रंश भएर कपुरकोट भएको प्रमाणिक रहेको छ । किनकी रिम, गर्पा, सिनवाङ, धनवाङ शब्द पनि मगर भाषाबाट आएका शब्द हुन् ।

**रिमः** रि को अर्थ खाम भाषामा पानी, मा को अर्थ पत्तालिएको लोप भएको भन्ने हुन्छ । त्यसैले रिमा भन्दै जाँदा अपभ्रंश भएर रिम भएको हो । जसको अर्थ पानी लोप भएको वा पानी पत्तालिएर गएको स्थान भन्ने हुन्छ ।

**गर्पा** : खाम भाषामा गार्पाको अर्थ तल झरेको, सागर परेको बस्ती वा ठाउँ भन्ने हुन्छ । गार्पाबाट अपभ्रंश हुँदै गर्पा भएको हो । कसैकसैले गर्पालाई बाक्लो बस्ती भएको ठाउँको कारण गर्खा भन्ने गर्दै गर्दा गर्पा भएको पनि भन्ने गरेका छन् ।

**सिनवाङ** : खाम भाषामा सिङको अर्थ काठ, दाउरा र जङ्गल भन्ने हुन्छ भने वाङको अर्थ चौर भन्ने हुन्छ । जङ्गल भएको, काठ दाउरा प्रसस्त पाइने चौर भएका कारण सिङवाङ भनिएको हो । सिङवाङबाट अपभ्रंश हुँदै यसको नाम सिनवाङ हुनगयो ।

**धनवाङ** : खाम भाषामा धङको अर्थ तिघ्रा जस्तो ठाडो लेक भन्ने हुन्छ भने वाङको अर्थ चौर हुन्छ । तिघ्राजस्तो ठाडो लेकमुनि रहेको चौर भएका कारण यसलाई धङवाङ भनिएको हो । पछि गएर धङवाङबाट अपभ्रंश हुँदै धनवाङ भयो ।

दाङ पनि मगर भाषाबाट आएको शबद हो । यसको अर्थ हुन्छ समथर, सम्म परेको र कर्णाली राज्यको विस्तारसँगै यस क्षेत्र पनि १३औं शताब्दीमा कर्णाली राज्यको मातहतमा आएपछि मगर भाषाको खाम भाषा विस्तारै लोप भएर गयो । तत्कालीन समयको खस भाषा हालको नेपाली



भाषाले स्थान ग्रहण गऱ्यो ।

### १.३ प्राचीन, मध्य र आधुनिककालमा कपुरकोट

मानवहरूको विकास हुने क्रममा प्रागमानवहरूका लागि चुरे पर्वत दाङको तिल्केन क्षेत्र त्यतिखेरको लागि उपयुक्त वातावरण थियो भन्न सकिन्छ । दाङको तुइ उपत्यका, विजौरीको ग्वार क्षेत्रमा प्रागमानवले प्रयोगमा ल्याएका ढुङ्गे हतियार फेला पारेको कुरा र विश्वका विभिन्न विश्वविद्यालय अनुसन्धानकर्ताहरू यस क्षेत्रमा अध्ययनका लागि विभिन्न समयमा आउने गरेको पाइन्छ । दाङसँगै सटेका यस क्षेत्रका विभिन्न जङ्गल गुफा भएका कारण ती प्रागमानवहरू दाङतिर विचरण गर्ने क्रममा बढी गर्मी हुने समयमा शीतल हावा, पानी, कन्दमुल र सिकार गर्न कपुरकोट क्षेत्रका वनजङ्गल प्रयोगमा ल्याएको हुनु पर्दछ । तर प्रागमानव समयका ढुङ्गे उपकरणहरू अध्ययन, अनुसन्धान विज्ञताको कमीले होला प्राप्त हुन सकेको छैन ।

प्राचीन समयका हाम्रा पुराणहरूमा यस क्षेत्रलाई शिवगमन क्षेत्र भनिएको छ । देवका पनि देव महादेव अर्थात् कैलाशपति, पशुहरूका पति, आफ्ना पति शिवलाई सतिदेवको जन्मदिने बुबा दक्ष प्रजापतिले महायज्ञ सञ्चालन गर्ने क्रममा दुवै दम्पत्तिलाई निम्ता नगरेको कारण के हो भनी छोरी सतिदेवीले सोध्दा पिता दक्षप्रजापतिले शिवको अनेकन घृणा निन्दा र अपमान गरेकोले सहन नसकी महायज्ञ सञ्चालन गर्ने यज्ञमा हाम फालेर मृत्यु वरण गरेपछि शिवले आफ्नो सेनालाई दक्षको यज्ञ विनास गर्न लगाए । विनास गरिसकेपछि शोकमा डुबेका शिवले अग्निमा परेको सतीदेवीको लासलाई बोकेर घुम्ने क्रममा विभिन्न ठाउँमा सतीदेवीको अङ्गहरू पतन हुँदै गए । अन्त्यमा सल्यानको छायाक्षेत्रमा सतीदेवीको बाँकी अवशेष पतन भयो । कपुरकोट ५ रिमको खजुरे सामुदायिक वनभित्र पर्ने ठुलो चौर हाल खेलमैदान रङ्गशालाको रूपमा विकास गरेको स्थानको नजिक जामुने टुनीबोटको मोटर बाटोमा एउटा ढुङ्गामा शिवको पाइलाको छाप छ । जस्लाई गाउँघरका मानिसले बाटो हिँड्ने क्रममा वरपर गर्दा, वनको जङ्गलका बोट विरूवाका पात र वनका घाँस तथा पुष्पहरू चढाउने गरिन्छ । त्यसैगरी कपुरकोट वार्ड नं. ५ जामुने रिममा कनकन थान भन्ने स्थान रहेको छ । यस स्थानमा शिवगमन गर्ने क्रममा शिवका कनकन (कुण्डल) खसेको कारण यस ठाउँलाई कनकन थान भन्ने गरिन्छ ।

शिव छायाक्षेत्रमा आउँदा यस कपुरकोट क्षेत्रमा पाइलाको छाप रहेको भन्ने जनविश्वास रहेको छ । त्यसैले प्राचीन समयमा यस क्षेत्रलाई शिवगमन क्षेत्रपनि भनिएको हो भन्ने भनाइ छ । जसरी काठमाडौँमा आजभन्दा ३३ सय वर्ष पहिले गाई पाल्ने गोपालहरूले आफ्नो पेसा व्यवसाय सञ्चालनका लागि बाहिरबाट आएर त्यहाँ बसोबास गरे भन्ने विभिन्न विद्वान्हरूको भनाइ छ । त्यस्तैगरी यहाँ झन्डै आजभन्दा २४/२५ सय वर्ष अगाडि तत्कालीन समयका शेष क्षेत्रबाट झरेका मानिसहरूले यस क्षेत्रको पशुपालनका लागि जङ्गल प्रयोग गरेका हुन् । पछि यस क्षेत्रका जमिनलाई उत्पादन गर्न विस्तारै खेतबारी बनाउँदै जाँदा स्थायी बसोबास गर्न पुगे । मध्यकालीन समयमा कर्णाली जुम्ला राज्य शक्तिसाली बन्दै जाँदा तेह्रौँ शताब्दीतिर यो क्षेत्र जुम्ला राज्यको अधिनमा रह्यो । खस भाषाको प्रचलन शुरू भयो । जुम्ला राज्यबाट आएका विभिन्न जातजातिहरू पनि यस क्षेत्रमा बसोबास गर्न थाले र यहाँ मिश्रित समाजको निर्माण भयो ।

जुम्ला खसराज्य १३औँ र १४औँ शताब्दीमा धेरै शक्तिसाली थियो तर १५औँ शताब्दीको प्रारम्भमा यो कमजोर हुन पुग्यो र यो राज्य २२ भन्दा बढी टुक्रामा विभाजन हुकेक्रममा कपुरकोट क्षेत्र सल्यान राज्यको मातहतमा बस्यो । पछि वि.सं. १८६९ मा सल्यान राज्य नेपाल राज्यको अधिनमा आएपछि यो नेपालको राज्यको मातहतमा बस्यो । यस क्षेत्र १८ मगरातको राज्यभित्र हुँदा यस क्षेत्रलाई कटाली क्षेत्री भनिन्थ्यो । मानिसहरूले काठको अटाली बनाई पशुचौपायाहरू हेर्ने भएको हुनाले कटाली क्षेत्र भन्ने चलन थियो । यहाँबाट तलको सम्म भूमि देख्ने भएका कारण दाङ भन्ने गरिन्थ्यो । दाङ मगर भाषाको खामबाट आएको शब्द हो । जसको अर्थ सम्म परेको भूभाग, फराकिलो समथर जमिन भन्ने हुन्छ ।

वि.सं. १८६९ मा सल्यान नेपालमा गाभिएपछि यस क्षेत्रलाई तत्कालीन समयको चाँदीका टक आठ हजार रूपैयाँ कर असुली हुने भएकाले आठहजार क्षेत्र भन्ने गरियो तर हालको रिम, सिनवाङ, धनवाङ, गर्पा मात्र नभई हाल रोल्पामा पर्ने बुढागाउँ, जुगार, गैरीवाङ पनि यही आठहजार क्षेत्रमा पर्दथे । कपुरकोट प्राचीन समयमा शिवगमन क्षेत्र, अठार मगरातको समयमा कटाली क्षेत्र, जुम्ला खसराज्यको पालामा पुर्वी क्षेत्र, बाइसे राज्यको पालामा सल्यान राज्यको पूर्वी क्षेत्र हुँदै नेपाल राज्यको मातहतमा आइपुग्दा यो क्षेत्रलाई आठहजार क्षेत्र भन्ने गरियो । पञ्चायतकालमा धनवाङ, गर्पा, रिम, सिनवाङभित्र



पर्ने यी स्थानमा मानिसको आवतजावत गर्ने कार्य निकै कम हुँदै गयो । २०२५/२६ मा दाङ सल्यान हुँदै हाल रूकुम जाने राप्ती राजमार्ग सर्बे भई २०२६/२७ मा खन्न सुरू गरेपछि मानिसहरू धनवाङको पातीहाल्ना, पाखापानी, धैरेनी, सातबास, सिस्नेरी ठाँटी र सिरखोला हुँदै पातु खोलाको किनाराबाट दाङ पहाड गर्ने बाटो साँघुरो र जोखिम भएका कारण यो मोटरबाटो खनेपछि यही बाटोबाट मानिसहरू दाङ-सल्यान आवतजावत गर्न थाले । क्रमशः मोटरबाटोको सुधार भई गाडीहरू आवतजावत गर्न थालेपछि मानिसहरू कपुरकोट मोटरबाटोको दायाँ बायाँ घर बनाई वरपरका मानिसहरू बस्न थाले । २०३८/३९ सालमा राप्ती एकीकृत ग्रामीण परियोजनाले यस क्षेत्रका किसानलाई कृषि क्षेत्रमा विभिन्न सपोर्ट गर्न कपुरकोटमा कृषि सेवाकेन्द्रको व्यवस्था गऱ्यो । कृषि सेवाको मातहतबाट किसानलाई समूह निर्माण गरी कृषि सम्बन्धी विभिन्न उत्पादनमुखी क्षेत्रमा आर्थिक र प्राविधिक सहयोग गर्न थाल्यो । बेमौसमी तरकारी खेती तथा अदुवा उत्पादन र अदुवाको गानो निकाल्ने तरिका सम्बन्धी चेतना VFC/A Program र राष्ट्रिय अदुवा बाली अनुसन्धान कार्यक्रमको कार्यालयले विस्तार गऱ्यो । २०४८ ज्येष्ठबाट हप्ताको दुई बार मङ्गवार र शुक्रवार कपुरकोटमा हाटबजार लाग्ने व्यवस्था गरेपछि यस ठाउँका किसानहरूले उत्पादन गरेका कृषि उपज वस्तुहरू टमाटर, काउली, सिमी, भेडे खुर्सानी, खुर्सानी, अदुवा, बन्दा, गाजर, काँक्रा, आलु खरिद विक्री हुन थालेपछि नेपालभरि र भारतको केही ठाउँमा समेत यस ठाउँले ख्याती प्राप्त गऱ्यो । बजारको आकारमा पनि यसको विस्तार हुन पुग्यो । ग्रामीण क्षेत्र रोल्पा र यस क्षेत्रका मानिसहरू आई बजारमा घर बनाएर विभिन्न व्यापार व्यवसाय गरी बसोबास गर्न थाले । रिम, सिनवाङ, धनवाङ, गर्पा, रोल्पाको त्रिवेणी र बुढागाउँ, तुलसीपुर उपमहानगरापलिकाको राम्री क्षेत्रको तरकारी हाटबजारको मुख्य विक्री केन्द्र यो बनेपछि नेपालका बुटवल, काठमाडौँ, नारायणगढ, पोखरा, नेपालगन्ज, घोराही, तुलसीपुर, कोहलपुर, धनगढी, सुर्खेत, अत्तरीया, महेन्द्रनगर, भारतको रूपैडिहा, नानपारा, बहराइच, लखनउ, दिल्लीसम्म कपुरकोटको तरकारीले ख्याती प्राप्त गरी ब्रान्ड लियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि साविकको रिम, सिनवाङ, धनवाङ र गर्पा गाविसलाई मिलाएर साविक धनवाङ गाविसको यस तरकारी विक्री केन्द्र कपुरकोटको नामबाट यस पालिकाको नाम कपुरकोट गाउँपालिका रहन गयो । पालिकाको केन्द्र पनि यही स्थानमा रहेको छ । यहाँबाट ६ वटै वडामा विभिन्न सेवा प्रदान गर्दै आएको छ ।

हाल कपुरकोट गाउँपालिकामा सामाजिक सुरक्षाका सन्दर्भमा कपुरकोट बजारमा वि.सं. २०४१ सालमा प्रहरीचौकी कपुरकोट र २०७६/१०/१९ मा अस्थायी प्रहरी पोस्ट रिम शीतल बजार स्थापित भएका हुन् । कपुरकोट गाउँपालिका स्तरीय नेपाल रेडक्रस ससोइटी कपुरकोट उपशाखाको स्थापना वि.सं. २०६२/१०/०२ गते रिममा भएको हो । यी संस्थाहरू समाजिक सेवामा क्रियाशील छन ।

## २. कपुरकोटको भौगोलिक अवस्था

### २.१ सङ्क्षिप्त विवरण

कपुरकोट गाउँपालिका कर्णाली प्रदेशको सुदूरपूर्वमा पर्ने कर्णाली प्रदेशको सुदूरपूर्वी द्वार हो । साविकको मध्यपश्चिमाञ्चल अन्तर्गत राप्ती अञ्चल सल्यान जिल्लामा पर्ने रिम, सिनवाङ, धनवाङ गर्पा गा.वि.स. हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र २०७२ पछि यी चार वटा गा.वि.स.हरू मिलेर कपुरकोट गाउँपालिका भएको हो । यस कपुरकोटा गाउँपालिकाभित्र ६ वटा वडा रहेका छन् । यसको भौगोलिक अवस्थिति ८०°२४' उत्तरी अक्षांश र ८०°२३' पूर्वीय देशान्तरमा फैलिएको छ । गाउँपालिकाको कुल क्षेत्रफल ११९.२१ वर्ग किलोमिटर रहेको छ ।

यसको पूर्वमा रोल्पा जिल्लाको रूम्टीगढी गाउँपालिका अन्तर्गत वडा नं. ८ का लापु, ढोरवाङ, मगरगोरी, खसगोरी, धुम्का र रावत डाँडा जस्ता टोलबस्तीले छोएको छ भने पूर्वी उत्तरी क्षेत्रमा रोल्पाको त्रिवेणी गाउँपालिका अन्तर्गत वार्ड नं. २ को द्वारपानी, वार्ड नं. ३ को कोइला, रातामाटा, वार्ड नं. ४ को निगालपानी, लामपोखरा, चक्री, रानागाउँ टोलबस्तीसँग सीमाना जोडिएको छ । उत्तरी क्षेत्रमा सल्यानको छायँक्षेत्र गाउँपालिकाको वडा नं. ४ अन्तर्गत अकाशी र झङ्खानीसँग सीमा जोडिएको छ । पश्चिम क्षेत्रमा सल्यान जिल्लाकै त्रिवेणी गाउँपालिकाको वडा नं. ४ अन्तर्गत फलावाङको बडाखोला र बुगीचौर, वडा नं. ५ को सिम्क, सल्ले, ढोरचौर, मुलाबारी र टुनीबोट टोलबस्तीहरूसँग सिमाना जोडिएको छ ।

दक्षिण क्षेत्रमा दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ को कल्ले, बल्ले र राम्री, वडा नं. ४ को खुङ्खानी, पेलानी, मुलकोट जस्ता टोलबस्ती र वन क्षेत्रमा सीमाना जोडिएको छ । पानीको स्रोत कम भएको सुख्खा हावापानीको बढी प्रभाव रहेको छ भने पतझर जङ्गलहरू प्रसस्त पाइन्छ ।



कपुरकोट गाउँपालिकाको भूबनोट हेर्दा महाभारत पर्वत सृङ्खलाभित्र पर्ने भएकोले यहाँ डाँडाकाँडा, भिरपाखाहरू, खोलाखाल्सी प्रसस्त छन् । यहाँ त्यति अग्ला डाँडा नभए पनि धनवाङ फालावाङको सीमानाको थर्कोट लेक सिनवाङको आकाशखुटी, बल्लेजुर, खानीको सिद्धथान, रिमको दयाधुरी र झारखर्का लेक, गर्पा र रिमको सीमानामा पर्ने रूम्टी लेक यस पालिकाका अग्ला लेकहरू हुन् । यहाँका लेकहरू समुद्र सतहदेखि २२०० देखि २६०० मिटरका उचाइमा रहेको अनुमान गरिन्छ भने सिनवाङको खानी लेकभित्रको सिद्धथान यस ठाउँको सबैभन्दा अग्लो स्थान भन्ने गरिएको छ । यहाँको माटो, गेगर, ढुङ्गा मिसिएको कतै चिम्टाइलो र बैँसीहरूमा दोमट खालको छ । अधिकांश भाग भिराइलो भएको कारण यहाँ समथर भूमि कमै रहेको छ । समथर खालका भूमिहरूमा मानव बस्ती बसेर खेतीपाती गर्नलाई आवादीहरूका रूपमा चर्चिएको छ । यहाँ ठुला ठुला फाँट नभएता पनि यस पालिकाको वडा नं. ६ सिनवाङको खोली गाउँ ज्युला असाध्यै मिलेको पालिकाकै सबैभन्दा ठुलो फाँट हो । घुरखोलीले बनाएको यो सँगै सटेको रिमाली ज्युला पनि आकर्षक ज्युला हो । त्यस्तै गरी यहाँका ज्युलाहरू गर्पाको सिलेज्युला, गोगनखोली ज्युला, रिठाबोट, धनवाङको फँलाटे र धैरेनी, रिमको घट्टेखोला, सिँदुरखोला, खाली खोला ज्युला, रिम सिनवाङको घुरखोलीले बनाएका ज्युलाहरू यहाँका उत्पादनशील र सिँचाइयोग्य जमिन हुन् । यी ज्युला र फाँटहरूबाट प्रसस्त खाद्यान्न र तरकारी उत्पादन हुने गर्छ ।

यसका अतिरिक्त साविकको सिनवाङ, रिम, धनमाङ र गर्पाका पाखाबस्तीहरू पनि समथर खालका ठाउँहरू छन् । जसले गर्दा ठुला ठुला बारीहरू बनेका छन् । यसबाट बेमौसमी तरकारी, फलफूल, अदुवा, टिमुर प्रसस्त रूपमा उत्पादन हुने गर्छ । यहाँका खोलाहरूमा घुरखोला, लवाङखोला, घट्टेखोला, अन्यारी खोला, भित्री खोला, यार खोला, धैरेनी खोला, चोर खोला, दमार खोला, रिठाबोटको खोला, सिले खोला, गोगन खोला, खामे खोला, सिँदुर खोला, खाली खोला आदि रहेका छन् । यहाँको सबैभन्दा ठुलो खोला घुरखोला हो ।

### २.२ टोलबस्ती

कपुरकोट गाउँपालिका डाँडा, पाखा, खोला, खाल्सी, भिराइलो जमिन, पहाडी भूगोल भएको हुनाले टोलबस्तीहरू पनि सोही अनुसार घनाबस्ती नभएर छरपस्ट भएर बसेका बस्तीहरू छन् । यस्तो बस्तीहरूमा

भौतिक पूर्वाधारका संरचनाहरू पुऱ्याउन खर्चिलो र बढी समय लाग्ने र यस्ता भौतिक संरचनामा प्राकृतिक प्रकोपको बढी असर हुने देखिन्छ तापनि यस पालिकामा पूर्वाधारका संरचनाहरू निरन्तर भइरहेका छन् । यस पालिकाका प्रमुख टोलबस्तीको नामहरू उल्लेख गर्न आवश्यक ठानिएकोले प्रत्येक वडाभित्रका टोलबस्तीको नाम निम्नानुसार रहेका छन् :

**वडा नं. १ :** गैरीवाङ, उनवाङ, कालापात्ला, सार्पानी, लापु, खामागारे, लाम्पोखरा, बाँझबोट, खोरबारे, पुरानागाउँ, स्याल्डेरा, ढोरवाङ, बलटाकुरा, खलटाकुरा, भुन्टेटाकुरा, कार्कीगाउँ, छाप, दहवन, झाँक्रीथान, गर्खाटोल, बयलडाँडा ।

**वडा नं. २ :** सिमलकुना, दानवाङ, सिवाङ, अम्राइडाँडा, खलटाकुरा, ढन्ठाना, झिम्मन, काउले पानी, गोठीवन, गोठीवन टाकुरा, दहखोला, काउले खोला, गेरू खोला, झुल्नेटा, गर्पा, सल्लेरी, बबनटाकुरा, खहरे, भकम, रूम्टीलेक, रिठाबोट, अँधेरीखोला, भैराखोर्रे, बारीवन, धारा, च्यानटाकुरा, बाउनटोल, त्रिसुले, लोहापानी, स्याउडाँडा रहेका छन् ।

**वडा नं. ३ :** जम्पानी, मूलपानी, फलाँटे, खुङा, कपुरकोट, काले, कटौँजेरी, कालामुरा, केतुकीघारी, पाखापानी, लामिडाँडा, धैरेनी, दमारखोला, घाँडे, कपुरकोट, गोठरी, चोरपानी, रणभीमटोल, पैँयाबारी, गौजे, मङ्रा, बाउनडाँडा, सोलावाङ, सम्दीमोड, रिठाबोट रहेका छन् ।

**वडा नं. ४ :** किमीचौर, थापा टोल, घर्ती टोल, दारिमचौर, धनवाङ, ड्वाङड्वाङे, खसटोल, आरूगैरा, रातामाटा, राउत टोल, लेक टोल, डाँडापानी, चुनवाङटोल, फूलबारी टोल, छाप टोल, रोका टोल, चिन्नेखोला, डाँगीटोल, धाराखोला, दवाङ लैसे टोल, मुख्यटोल, जिम्मल टोल, छिपछिपेटोल, चैतेलाखुरी, बुढाटोल धनवाङ, महतारा टोल, नमुना बस्ती, भट्यारा, कलेल टोल, जैसी टोल, बुढाटोल किमीचौर, खोरिया वनटोल, बार्दला टोल, ठकुरी टोल किमचौर, घोर्लास टोल, देउखुरीवाङ, एरी टोल, बोराचौर टोल, पातलकटेरी, रोका टोल रहेका छन् ।

**वडा नं. ५ :** खाली, स्याली गारे, रोटेपानी, सिर्वाली, पात्ला, रावतडाँडा, लेकसल्लाम, आरूगैरा, भिँगारेचौर, सिँदुरखोला, सिँदुरी, दएकोट, जुँगेपानी, पाङ्राङ, मेलचौर, न्याले, ओखरपाटा, बर्ले, आगरखोला, डाँडाटोल, छापटोल, शीतलबजार, खजुरे, अकासी, देउराली चौर, धौलेगारे, रिम, काफलगैरी,



सिप्पनगैरा, फल्लेपानी, रेउलेटोल तल्लो, रेउलेटोल मथल्लो, सिस्नेरी, पानीखोला, हुलाके टोल, खारखोला, बोहोरा टोल, गाईग्वाले टोल, कनकनथान, चौके ढुङ्गा, बगरचौर, धैरेनीपाखा, जामुने तल्लो, जामुने मथल्लो, बाइसहाङ्गे पिपल, टाकुरे टोल, भल्कम, सिरवाङ, डाँडाटोल, गैराटोल, गौराचौर, सिमलगैरा, जाम्दारटोल, डालीगन्ज, जाम्दोर खोर्रे, राउटे चौर, तल्लो बर्ले, गर्ज्याम, सल्लाबोट, साउने पानी, बुढाटोल छापटोला, बुढाथोकी टोल छापटोला, पुन टोल छापटोला, लाउरे टोल सिस्नेरी, सालघारी टोल सिस्नेरी, अरिँगाले फैँदी, मिलन बजार, बाघटाँगे, सिम खाली, भट्यारा खाली, भट्टेचौर खाली, गैरा खाली, डाँडागाउँ खाली, ओर्गाने टोल खाली ।

**वडा नं. ६ :** खसघुर, मगरघुर, जल्वाङ, पोखरी, दवाङ, घुयाल्डाँडा, किमुगैरा, भेरीखोर, रातामाटा, खोलीगाउरूँ, भित्री खोलीगाउँ, डाँडागाउँ, छायाँनाथ, रामीडाँडा, स्यानीखाल, डिवाङ, डाङ्री, रएँजे, एकपाखे, खानी, ढोरवाङ, छापनेटा, सातामूल, सिङवाङ, गौडेखोला, चौर, गर्खा, रिमालीज्युला, भैँयाथान, भाँडाचौर, तारापरे, एकरथे, पोखरडाँडा, बाघमारे, घरनेटा, ढोरबाङखोला, जगरे सिसाखानी, सागिनी, पटारखोला, कोइला, बल्लेजुर रहेका छन् ।

यी माथि उल्लिखत टोलहरू यस पालिकाभित्रका विभिन्न वडामा रहेका छन् । यी टोलहरूको समग्र विकासका लागि कपुरकोट गाउँपालिकाले २०८० सालबाट टोल विकास समिति गठन गरेको छ । यी टोल विकास समितिले जनचेतना, विकासको अनुगमन, मूल्याङ्कन, योजनाको माग र श्रमदानको लागि पहल गर्ने जस्ता कार्यहरू गर्नका लागि निम्न अनुसार टोल विकास मितिहरू गठन भएका छन् :

## टोल विकास समितिको नामावली विवरण

### कपुरकोट गाउापालिकामा मिति २०८०/०५/११ गते सम्म दर्ता भएका टोल विकास संस्थाको विवरण

| क्र.स. | टोल विकास संस्थाको नाम | ठेगाना | अध्यक्षको नाम | मोवाइल नं. |
|---|---|---|---|---|
| १ | सिस्नेरी टोल विकास संस्था | कपुरकोट ५ सल्यान | देवेन्द्र बहादुर रेउले | ९८२९५५८८२ |
| २ | शितल वजार टोल विकास संस्था | कपुरकोट ५ सल्यान | शिवराज कामी | ९८०३९८४१८५ |
| ३ | खालि मिलन वजार टोल विकास संस्था | कपुरकोट ५ सल्यान | इन्द्र बहादुर खड्का | ९८४०६६४४४१ |
| ४ | जामुने, अक्कासी, देउरालीचौर टोल विकास संस्था | कपुरकोट ५ सल्यान | रुद्र बहादुर रेउले | ९८२२९६१९९४ |
| ५ | सिन्दुरी दयाकोट टोल विकास संस्था | कपुरकोट ५ सल्यान | बागविर डाँगी | ९८६६१८५६०३ |
| ६ | बरले साउनेपानी टोल विकास संस्था | कपुरकोट ५ सल्यान | कुल बहादुर बुढाथोकि | ९८४७९८२१०४ |
| ७ | छापटोल, ओखरपाटा टोल विकास संस्था | कपुरकोट ५ सल्यान | कमल बहादुर बुढा | ९८०९५७४५०९ |

| क्र.स. | टोल विकास संस्थाको नाम | ठेगाना | अध्यक्षको नाम | मोवाइल नं. |
|---|---|---|---|---|
| ८ | रैजेखोला टोल विकास संस्था | कपुरकोट ६ सल्यान | दुर्गा प्रशाद बोहरा | ९८०६५३००३५ |
| ९ | छापनेटा, बागमारे टोल विकास संस्था | कपुरकोट ६ सल्यान | बसन्त खड्का | ९८६००२५५९१ |
| १० | नवजागरण टोल विकास संस्था | कपुरकोट ६ सल्यान | शसिराम खड्का | ९८०९५९९०५९ |
| ११ | मगरघुर टोल विकास संस्था | कपुरकोट ६ सल्यान | टिका कामि | ९८२३५०८१८३ |
| १२ | नवजागरण ठुलागाउ टोल विकास संस्था | कपुरकोट ६ सल्यान | कमान सिं बोहरा | ९८०८९५७४९७ |
| १३ | डिवाङ टोल विकास संस्था | कपुरकोट ६ सल्यान | डोटे सार्की | ९८०९५४८१२७ |
| १४ | रुपान्तरण टोल विकास संस्था | कपुरकोट ६ सल्यान | मेघराज बुढाथोकि | ९८४७९८४९५० |
| १५ | रामिडाँडा टोल विकास संस्था | कपुरकोट ६ सल्यान | गोविन्द डाँगी | ९८१०९५१०८३ |
| १६ | डाँडागाउँ टोल विकास संस्था | कपुरकोट ६ सल्यान | काशिराम बोहरा | ९८२९५४०७०४ |
| १७ | रिमालिज्यूला टोल विकास संस्था | कपुरकोट ६ सल्यान | गणेश बुढाथोकि | ९८०९७८६६७४ |
| १८ | डाँग्री टोल विकास संस्था | कपुरकोट ६ सल्यान | इश्वर शाहु | ९८२९८११७७४ |
| १९ | स्यानिखाल, रातामाटा, छायानाथ टोल विकास संस्था | कपुरकोट ६ सल्यान | कुल बहादुर खड्का | ९८४४९४३१४९ |
| २० | दानवाङ टोल विकास संस्था | कपुरकोट २ सल्यान | शंकर घर्ति | ९८१०९८९१२६ |
| २१ | गर्पा खहरे टोल विकास संस्था | कपुरकोट २ सल्यान | खिम बहादुर राना | ९८०९७०९२४३ |
| २२ | गोठिवन टोल विकास संस्था | कपुरकोट २ सल्यान | इन्द्र बहादुर घर्ति | ९८२९५०७१०५ |
| २३ | डाँफे टोल विकास संस्था | कपुरकोट २ सल्यान | रमेश राना | ९८२९५८४५०८ |
| २४ | हरियालि टोल विकास संस्था | कपुरकोट २ सल्यान | खुमराज बुढा | ९८४६९३०४६६ |
| २५ | कनकनथान टोल विकास संस्था | कपुरकोट ५ सल्यान | टेक बहादुर शाहु | ९८०९७८२६३८ |
| २६ | मालारानी टोल विकास संस्था | कपुरकोट ४ सल्यान | मनिराम राना | ९८२९५६६६३१ |
| २७ | कपुरकोट टोल विकास संस्था | कपुरकोट ३ सल्यान | भुवनेश्वर गौतम | ९८४७९७८५६३ |
| २८ | जनचेतना टोल विकास संस्था | कपुरकोट ४ सल्यान | बेलमति बुढा | ९८४८३५५२२७ |
| २९ | पाखापानी टोल विकास संस्था | कपुरकोट ३ सल्यान | नरेन्द्र बहादुर पुन | ९८४७९९३३७६ |
| ३० | मुलपानी टोल विकास संस्था | कपुरकोट ३ सल्यान | खिम बहादुर बाँठा | ९८४४८९९३५० |
| ३१ | शिर्जनसिल टोल विकास संस्था | कपुरकोट ४ सल्यान | टिकाराम कठायत | ९८४७९३९६०७ |
| ३२ | दानवाङ चिन्नेखोला प्रगतिशिल टोल विकास संस्था | कपुरकोट ४ सल्यान | चित्र बहादुर थापा | ९८१०८३१५५४ |
| ३३ | मिलन टोल विकास संस्था | कपुरकोट ४ सल्यान | आसाराम घर्ति | ९८०९५४१८९९ |
| ३४ | प्रगतिशिल टोल विकास संस्था | कपुरकोट ४ सल्यान | गणेश कामि | ९८०५२९१९२६ |
| ३५ | अमर स्मृति टोल विकास संस्था | कपुरकोट ४ सल्यान | सुरेश कुमार बुढा | ९८०६२६७७४७ |
| ३६ | राधाकृष्ण टोल विकास संस्था | कपुरकोट ५ सल्यान | टिकाराम बुढा | ९८०४५३२४१३ |
| ३७ | डाँडागाउँ श्रीवाङ टोल विकास संस्था | कपुरकोट ५ सल्यान | रेशम उपाध्यय | ९८०६२७३३०३ |
| ३८ | सल्लाम पात्ला टोल विकास संस्था | कपुरकोट ५ सल्यान | टेक बहादुर घर्ति | ९८४७९३८२४० |
| ३९ | लेकसल्लाम टोल विकास संस्था | कपुरकोट ५ सल्यान | गंगाराम वि.क. | ९८४९३६२७४३ |
| ४० | हरियाली टोल विकास संस्था | कपुरकोट ४ सल्यान | सुरेन्द्र वली | ९८४३३६५०५४ |
| ४१ | कालिका टोल विकास संस्था | कपुरकोट ३ सल्यान | भुप बहादुर यरी | ९८०९५५९८५० |
| ४२ | नमुना टोल विकास संस्था | कपुरकोट ४ सल्यान | प्रेम बहादुर बुढा | ९८२३५५४७४६ |
| ४३ | लामिडाँडा टोल विकास संस्था | कपुरकोट ३ सल्यान | बेद प्रकाश बाँठा मगर | ९८४३३६५०८५ |
| ४४ | सारपानी टोल विकास संस्था | कपुरकोट १ सल्यान | उजराम वाँठा | ९८०६२३६७८७ |
| ४५ | सुर्यमुखि टोल विकास संस्था | कपुरकोट ६ सल्यान | मैमा कामी | ९८२९५८१८८१ |
| ४६ | गैरीबाङ कार्कीगाउँ टोल विकास संस्था | कपुरकोट १ सल्यान | दलबहादुर पुन | ९८४९२०७३२५ |
| ४७ | लापु लामपोखरा टोल विकास संस्था | कपुरकोट १ सल्यान | देवचन्द पुन | ९८६२५६१९७१ |
| ४८ | उनबाङ कालापात्ला टोल विकास संस्था | कपुरकोट १ सल्यान | लिलबहादुर रावत | ९८०९५५६४२७ |

स्रोत : ..........................................



## २.३. पहिरोहरू

### २.३.१ कपुरकोट खारा पहिरो

कपुरकोट खारा पहिरो नेपालकै सम्बेदनशील पहिरोमध्येको एक पहिरो हो । यो कपुरकोट पालिका वडा नं. ३ को बजार क्षेत्रको दक्षिण पश्चिम राप्ती राजमार्गसँग सटेको छ । यो पहिराको सन्दर्भमा २०२४/२५ सालतिर समथर खुल्ला चौर थियो । यहाँ गाईभैँसी चरीचरण गर्ने भैँसी खाल बसाउने एउटा ठुलो पोखरी थियो । यहाँ बालबच्चाहरू खेल खेल्नका लागि खेलमैदान पनि थियो । त्यस समयमा साना ढिस्काहरू तल पाखापानी जाने बाटोको नजिकमा खस्ने गर्दथे । त्यो सामान्य नै थियो । पहिरोको पूर्व लाइनमा खेतहरू थिए । खेतहरूमा धान रोपिन्थ्यो । बिस्तारै ती ढिस्काहरू वर्षाको याममा खस्न सुरू गरे । राप्ती एकीकृत ग्रामीण विकास र भूसंरक्षण कार्यालय सल्यानको तर्फबाट नर्सरीहरू तयार गरियो । त्यस स्थानमा चरीचरण पूर्ण रूपले बन्द गरी  २०४३/४४ बाट तत्कालीन प्रधानपञ्च रूद्र प्रसाद शर्माको अगुवाइमा वृक्षारोपण गरियो । तैपनि बिस्तारै माटो बग्ने क्रम बन्द भएन । मिति २०६९ साल श्रावण १२ देखि १४ गतेसम्म भएको अविरल वर्षाले यो पहिराको नजिक कालिका मा.वि.को भवन पूर्ण रूपले क्षति पुऱ्यायो । राप्ती राजमार्ग पनि धेरै पहिरोले असर पुऱ्यायो भने खारा पहिराको नजिक भएका अधिकांश घरहरूलाई क्षति पुऱ्यायो । कालिका मा.वि.लाई सरकारी निकाय, स्थानीय व्यक्तिहरू, सङ्घसंस्था र विद्यालयको पहलमा कामचलाउको रूपमा टहरा निर्माण गरी पठनपाठन सुरू गरियो । तुरून्तै जग्गाको व्यवस्था गरी भवन बनाई पढाइ सञ्चालन यथासिघ्र सुरू गरियो । बजार क्षेत्रको खारा पहिराले बढी प्रभाव पारेको क्षेत्र हाल पनि विस्तारै खस्किरहेको छ । यसको रोकथामका लागि सङ्घ प्रदेश, स्थानीय निकाय, गैह्र सङ्घसंस्थाबाट विभिन्न समयमा रोकथामका लागि बजेट विनियोजन गरी रोकथामका कार्य गरेपनि हालसम्म खस्किने काम रोकिएको छैन । यो पहिराले राप्ती राजमार्गलाई असर पुऱ्याउँदा रोल्पा, रूकुम, सल्लायनबासीहरूलाई ठुलो असर पुऱ्याइरहेको छ । यसका सन्दर्भमा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र स्थानीय जनताबाट विशेष पहल गरी दूरगामी रोकथामको उपाय खोजी गर्न अत्यन्त आवश्यक छ ।

### २.३.२ कपुरकोट ५ सल्लामको पात्ला पहिरो

कपुरकोट गाउँपालिका वार्डनं नं. ५ सल्लाममा रहेको पात्ला गाउँमा

मिति २०७९ असोज १९, २०, २१ गते परेको अविरल वर्षाले २१ गते बिहान कपुरकोटदेखि रोल्पा जाने बाटो सहित पात्ला गाउँ बगाएर लग्यो । चार वटा गोठ, दुई वटा घर सहित थुप्रै पशु चौपाया, तरकारी खेती गरेका बारीहरू बगेर तल आरूगैरामा रहेका बस्तीलाई समेत असर पारेको थियो । सल्लमको पातला भन्ने यो टोल पहिरोले समाप्त गरिदियो । यसका लागि सम्बन्धित निकायहरूको ध्यान जान आवश्यक छ । यस ठाउँका बासिन्दालाई स्थानीय वन उपभोक्ता समिति, स्थानीय वासी र पालिकाले अन्यत्र बस्ने व्यवस्था गरेता पनि दीर्घकालीन रूपमा यस स्थानको संरक्षण गर्न आवश्यकछ ।

### २.४ सामुदायिक वन र वन क्षेत्रका नामहरू

कपुरकोट गाउँपालिकाको सम्पूर्ण भूभागको झन्डै ६४% भूभाग जङ्गल झाडी गुट्यानले ढाकेको छ । वन विकास गुरू योजना २०४६ को आइसकेपछि यसैमा टेकेर वन ऐन २०४९ र वन नियमावली २०५१ ले दीगो वन व्यवस्थापन गर्नका लागि सामुदायिक वन उपभोक्ताहरूनै एक स्वशासित उत्तराधिकारीवाला संस्था हुने छ भन्ने कानुनी नीति बनिसकेपछि देशैभरि सामुदायिक वन उपभोक्ता समिति निर्माण भए । यसैक्रममा कपुरकोट गाउँपालिकाभित्रका वन क्षेत्र उपभोग गर्ने सबै उपभोक्ताहरूले आआफ्नो सामुदायिक वन उपभोक्ता समिति निर्माण गर्न थाले । सल्यान जिल्लाकै नमुनाका रूपमा रहेको मुनाल सामुदायिक वन पनि कपुरकोट गाउँपालिकाभित्र पर्दछ । यस पालिकामा रहेका सामुदायिक वनहरू र वन क्षेत्रका नामहरू निम्न अनुसार रहेका छन् :

#### सिनवाङ

**अम्राइभित्ता सामुदायिक वन (सिनवाङ साविक वडा नं. १)**

काफ्ले खोली, घ्वात्घ्वाते खोला, गौँरे खोला, ताउली पुरे, बगर, थोतीखोला, मौरि वराल, बाँझखेत, अम्राइभित्ता, सिस्ने खोला ।

**भिउसेन चुला सामुदायिक वन (सिनवाङ साविक वडा नं. १ र २)**

भिउसन चुला, पातीहाल्ना, ढोरवाङ खोला, कामीचौर, दुबेरी, बिच्छे खोला, जामिर खोला, बगालीको खोर्रे, जामटाकुरा, बुगीको चौर, इजरा नेटा, आगर नेटा ।

**काउले खोला सामुदायिक वन (सिनवाङ साविक वडा नं. ३)**

पोखर डाँडा, खानी, रातापहर, काउले ।



**गोगनपानी सामुदायिक वन (सिनवाङ साविक वडा नं. ३ र ४)**

कालोखोला, थारफुला, रोटेपाखा, ठारी गैरी, लामा डाँडा, गोगन पानी, एक पाखे, जैरी खोली, जुरे ढुङ्गा, गरगरे, धुम्का, भर्दैया घरेली, बनेस्त्या गैरा, कबुरफाले गौँरा, पातीखोला गौँरा, रोटे पाखा, डाँडाखुटी, आकाश खुटी, एकरथे, मसिने, मूलखोला, ढाँरे, चमेरे, पातीखोलाको खुटी, सालिके गैरो, एक रथेधुरी, छोटो भिर, झाले पहर, स्याँले गैरा, राता पहर, उदे गैरा, खाली भित्ता ।

**स्यालीभित्ता झालेपहर सामुदायिक वन (सिनवाङ साविक ५, ६ र ७)**

स्यालीभित्ता, झालेपहर, कालो खोला, सालघारी, बल्लेजुर, भालुदुला, जुगेपानी, सुबेगैरा, बोजेरी ।

**सिद्धार्थ सामुदायिक वन (सिनवाङ साविक ८ र ९)**

पोखर डाँडा, सिस्ने खोला पाखो, कोइलाको भिर, झाले पहर, रानी वन, झाँक्री सल्लो, भारे गैरा वल्नो, छड्के हान्ने ठाउँ, काफल नेटी मथल्नो, कटौँजेरी खोला, आरू गैरा, घाम तापा, बोजेरपाखा, तल्लो काफलनेटी ।

#### गर्पा

**गैरीवाङ सामुदायिक वन (गर्पा साविक वडा नं. १)**

गैरीवाङ, झाँक्री पोले, सानो पत्ल्यान, ठुलो पत्ल्यान, लिसे खोला, रानीवन, बल्लखाया खोला, क्युरेनी, भिरबाटा, रोटेपानी भित्ता, धाउखानी, यारखोली, डुब्ले पानी, लापुभित्ता, धैरेनी, भुन्टे टाकुरा ।

**पैयाखोली सामुदायिक वन (गर्पा साविक १)**

लान्त्री, थोर्से बोटखोला, थोर्सीबोट, बगर खोला, राता माटा, चिउरे पानी, पैया खोली ।

**लालीगुराँस सामुदायिक वन (गर्पा साविक २)**

सल्लेरी, खारे खोला, जलगिरी खोला ।

**कोइली सामुदायिक वन (गर्पा साविक २)**

कोट्ज्याभिर, फुर्केमेल

**फुर्केमेल सामुदायिक वन (गर्पा साविक ३)**

फुर्केमेल, मेला लाग्ने चौर, लाखुँरी डाँडा, ढुङ्ढुङ्के खोला, च्यानडाँडा, बाङ्गे सिमल, राइ रूङा, लौसे, गेरू खोला ।

**हिले सामुदायिक वन (गर्पा साविक ३)**

हिले, फुर्के पहर, ड्वाङड्वाङे खोला, चापी खोला, जिन्ने, गोगने खोला, झुल्नेटा, पारूलबोट, गौजेगैरा ।

**नौलो विकास सामुदायिक वन (गर्पा साविक ४)**

झिम्मन, स्यालटाकुरा, जोगी टाकुरा, बाउन टाकुरा, चिउरी भित्ता, रिठाबोट, बाघ खोर, दह खोला, गर्वाङ खोला, स्यौंला खोला, राइ रूङा ।

**मौरी भिर सामुदायिक वन (गर्पा साविक ५)**

मौरी भिर, जुगे खोला, मुसे खोला, त्रिसुले, डुडिले, आर खुट्टे, हिले खोला, ठुलो खोला, पल्लो सालघारी, चापी खोला ।

**शिव मन्दिर सामुदायिक वन (गर्पा साविक ६)**

रूम्टी, जङ्गल भित्ता, स्यौंला खोला, चिन्ने पानी, चौफारी ।

**भुजेत्री चौर सामुदायिक वन (गर्पा साविक ६)**

चिल बस्ने नेटा, लान्त्री खोला ।

**भूत खोला सामुदायिक वन (गर्पा साविक ६)**

टुनी भित्ता, न्याउली डाँडा ।

**बाँझ बोट सामुदायिक वन (गर्पा साविक ७)**

स्याली भित्ता, कालो ओढार, भवन ठान, ठुलो गैरा, बख्खुर, खर्चे डाँडा, खामा गारे, पुत्लीबास, सातमुले, बजाउने पहर, यारखुली ।

**फुलबारी सामुदायिक वन (गर्पा साविक ८)**

बराह थान, बाँसटाकुरा, घरेली चौर, भिर, जुके पानी, अनेरी खोला ।

**स्यालडेरा सामुदायिक वन (गर्पा साविक ९)**

स्यालडेरा, लिसे खोला, रूम्टी लेक, बगाले डाँडा, दोमइ खोला, लाम सोटा ।

## <u>धनवाङ</u>

**गौजे सामुदायिक वन (धनवाङ साविक वडा १)**

गौजे, तेर्छी, सिमलडाँडा, राताडाँडा, घङारू चौर, भला नेटी, अमलडारी, घोरदौले ।



**शिवशक्ति सामुदायिक वन (धनवाङ साविक वडा १)**

सालिम डाँडा, धोग्रिनी गैरा ।

**मेलचौर सामुदायिक वन (धनवाङ साविक वडा १)**

भङारी, पुत्लीकाट्ना, मेलचौर ।

**अरिगाले सामुदायिक वन (धनवाङ साविक वडा १)**

अरिगाले, मसारी खोला, काफल खोला, कुटुम डाँडा, सुवा खोला, म्याउसी खोला ।

**नमुना सामुदायिक वन (धनवाङ साविक वडा २)**

मेल्टाकुरी, पोखर डाँडा, धारा वन, बयँस्कोट, सोालवाङ ।

**मौलागारे सामुदायिक वन (धनवाङ साविक वडा २)**

घाङे खोला, लाटी भिर, जलजला चौर, घाङ चौर, जगी चौर, उन्ने चौर, स्यानपात्ला गैरा, ठुला पात्ला गैरा, स्यानी खाली, मौला गारो, आगर खोला, बाँस खोली, थाङ्ने खोला, बाघ पाइले, बलोफाले, सिले खोली ।

**तारे पहर सामुदायिक वन (धनवाङ साविक वडा ३)**

गुहेली खोला, ताम पानी खोला, मसिन टाकुरी, तारे पहर, साउने खोला, मिठी मेल, धुइरा लेक, मटी खन्ने डाँडो, जलाधार खोला, फलाँटे खोला, आगर खोला, पातीहाल्ने, ठुला चौर ।

**सुवा खोला उत्तीसे घारी सामुदायिक वन (धनवाङ साविक वडा ४)**

पन्यार खोला, सुवा खोला, कोरी सिम, सिम खेत, रिठे खोला, चोऱ्या बाँसठान ।

**एक खुट्टे सालडाँडा सामुदायिक वन (धनवाङ साविक वडा ४ र ५)**

एक खुट्टे, सालडाँडा, छररेनी गैरा, खोर्रे, ढार ।

**कालिका सामुदायिक वन (धनवाङ साविक वडा ४ र ५)**

पिर्रे बारी, खार चाट्ने, पाखराको चौर, दमाई पोले, मजेरी खोला, ड्वाङड्वाङे चौर, भैंसी खाली बस्ने, मेलडाँडा, कोल गारे, मथल्लो चौघारी, तल्लो चौघारी, पेदी खोला, स्याना छहरा, सिउरेटी चौर, नयाँ पानी, बुरा खोर्रे, टुँगेन, जुगे खोला, फलामे झ्याम्टा, बुरा पोले ।

**घुम्रेटुनी सामुदायिक वन (धनवाङ साविक वडा ४ र ५)**

क्युरेनी, घुम्रेटुनी, लामपोखरा, बन्चरे ढुङ्गा, गनगन गारे, खुम्बास

चौर, स्यानी भ्यार चौर, ठुला सिम, कालिमाटी चिरो ।

**पाखापानी सामुदायिक वन (धनवाङ साविक वडा ६)**

पातीहाल्ना, रानी वन, अमल डारी, पाल्लो वन, धैरेनी, कोप्ची बास, खाल्टे पानी, भैँसी खुट्टी, पोखरा डाँडा, धान विरे, एक खुट्टे, गोगन पानी, टिमुर खोली, धार खोला, उत्तीस गैरा ।

**लामी डाँडा सामुदायिक वन (धनवाङ साविक वडा ६)**

धरम पानी, भित्री खोला, धैरेनी, खार खोला, गौजे, रानी वन, बाखी खोला ।

**मुलाबारी सामुदायिक वन (धनवाङ साविक वडा ७)**

लाखुरीको बुटा, जुकेपानी, कालिका मन्दिर, कटौजेरी, ओखत्ते, राता माटा, चुने पोखरा, सुकी दह, मुलाबारी लेक, उत्ताने, थाप्ला, भैरम थान, छरछरे, गोटी खोखा, मन्दिर बनेको डाँडा, देउराली खोला, बस्वारी ।

**ज्यामिरे सामुदायिक वन (धनवाङ साविक वडा ७)**

सुकी दह, ज्यामिरे, चौखे डाँडा, डाटकी, दाङछिरी, हिले, सागिने, झुल्नेटा, गोगने खोला, दमार खोला, भिर घारी, काउले खोला, गेरू खोला, फुर्के मेल, टेकन डाँडा ।

**तालु खोला सामुदायिक वन (धनवाङ साविक वडा ७)**

सिमेनी, पैयाँबारी, आरू गैरा, जोगी डाँडा, टेकन डाँडा खोला ।

**काफल नेटी सामुदायिक वन (धनवाङ साविक वडा ७)**

खुङा, खारा, सागिने गैरा ।

**भैँसी खुट्टी सामुदायिक वन (धनवाङ साविक वडा ७)**

काले, आगर खोला, राता माटा, भैँसी खुट्टी, पोखरा, पैयाँ डाँडा, स्याँला, खलबोट, स्यान डाँडा ।

**काली जङ् सामुदायिक वन (धनवाङ साविक वडा ८)**

गेरूवाने, लैँसे, सतुपुले, पोखरी ज्युला ।

**काफलगेडी सामुदायिक वन (धनवाङ साविक वडा ९)**

गुयाँल पानी, आखरेनी गैरा, सेवि चौर, मौलाहाल्या डाँडा ।

**घरेली पाखा सामुदायिक वन (धनवाङ साविक वडा ९)**

जुँगे पानी, तुसारे खोली, एक्ले साल, नखेल क्षेत्र, नर खोला ।



## रिम

**मुनाल सामुदायिक वन (रिम साविक वडा १)**

छिपछिपे, ठुलो सल्ली, कालिजा गैरा, इजरा डाँडा, जेवी चौर, चैते काफल, भेडे पुज्ने डाँडा, खोली बगर, सिमा गैरा, तिनु खोला, घन खोली, झाँक्री सल्ला, घुम्ने बाटो, बोजेरी, भीँ डाँडा, चार सल्ली, मोरे सल्लो, मालुरूखको भित्ता, धैरेनी भित्ता, जम्मु बोट, कामी डेरा, बिच्छे खोला, तीन डाँडा, ब्याउली गैरा, पिरो हाल्ने थलो, लुगा धुने घाट, पट्टी खेल्ने चौर, बोइपोल्या डाँडो, पोखरी डाँडो, लसुन पाटा, अर्नी खाने गैरो, छिपछिपे चौर, जुम्ली खोर्रे, लप्का बोट, छरा बोट, ठुलो सिम, अँगार भित्ता, दमाई चोर, खोली बगर, लवाङ खोली ।

**दयाधुरी सामुदायिक वन (रिम साविक वडा २)**

मुले पोखरी, लाम पोखरा, दयाधुरी, कोसिनी खाको गैरा, थार्मारे, कोइराल गैरा, घाम तापा, देल उघारे, धरम पानी, मुलाबारी, चक्कु हाल्ने नेटा, झाँक्री पोले चौर, कालो खोला, कवे चौर, आवर खोला, सिद्ध थान, मेल्टाकुरी, मौरी ढुङ्गा, छिपछिपे, रचनी चौर, कोरेनीको टाउको छर्रेको चौर, सुस्साउने खोला, कालिजाको गैरा, बाटो फाट्ने मेलाको रूख, पातीहाल्ना, चैते काफल, जम्मु गैरा, पुनरजोते, पयाँल डाँडा, थाम नेटा, नाउला, गुहेखोली, पाखा पानी, भट्टे चौर, कोदारीको चौर, एक्ले पुज्ने सल्लो, दारे गौँरा, काफल गैरी तल्लो, काफल गैरी मथल्लो, पानी जाग्ने, काउले पानी, देशी गारे, बड्डी गारे, झुले, धम्कने, बख्खुर, दुमचौर, हारे काफल, डिमुरे गैरा, भिर पाटी, जिवल रासे, तिते डाँडा, सौँरा खोला, वली खोर्रे, लामी डाँडा, कोसी गैरा, मेल्फ्याम्टी, मटल्ले चौर, चिल्ला बाटा, लामी डाँडा, न्याले पारी, चारकुने पोखरी, ग्वाला बस्ने चौर ।

**जामुने बारी सामुदायिक वन (रिम साविक वडा ३)**

सिद्धगुफा चाउका, सार्की बसे, तिनो खोला, झारी वन, दौँदाले सागर, झुल्डाँडा, पारेको चौर, धनवाङे डाँडा, हर्रे पानी, कोल बोट्या चौर, बाघ मारे, पानी खोला, लामतरा, तुसारे खोला, रोटे पानी, जुरे बस्ने ढुङ्गा, कल्लेरी खोला, सिवन गैरा, मलामे डाँडा, तिमीरे पानी खोला, आँगन नेटा, तिते डाँडा, जुगे खोला, पिपला डाँडा, तिते गैरा, काफल रूख खोला, फल्ले पानी काफला रूख गैरा, गरूल खोला, छिपछिपे पानी, काब्रे खोला, ढोइरेनी, काफल गैरी ।

**बयल डाँडा सामुदायिक वन (रिम साविक वडा ४)**

बच्चा चौर, बगर चौर, ताउला रह, जुगे खोला, बयल डाँडा, गरगरे ढाँड, देउराली खोला, शिव गुफा, धार खोला, टुनी रूख पोखरा, पन्यारा खोला, कैले नर, ढार खोला, पल्लो खोला, पङ्गी बोट, काफलको रूख ।

**खजुरे सामुदायिक वन (रिम साविक वडा ५)**

खजुरे, शिव पाइला, गर्ज्याम, सिस्ने खोला, सान्नन चौर, ढिमगारे, भालु दुला, घिउ तिना सिम, मारहाल्ने डाँडा, भुकुन टाकुरी, पटकली चौर, फाल्कुने ढुङ्गा, मन्नली थान, ठुलो सिम, दाबेला चौर, तारा परे, गते डाँडा, अमिल्ले, छड्के पार्ने डाँडा, जगन टाकुरी, तेल घोप्ट्या गैरा, तुसारे खोला, झाँक्री पोल्ने डाँडा, चारन्नी थैली, आरूगैरा, काप गैरा डाँडा, ठुलो चौर ।

**कोशी खोला सामुदायिक वन (रिम साविक वडा ६)**

सिँदुर खोला, कोशी खोला, वन खोली, धार खोली, स्याना लेक, रूम्टी लेक, कानी गारे, सिर्वाली, लामी डाँडा, कुकुरगारे, प्याँला माटाको डाँडा, बाउन गारे, खर्सु बोट, पाती हाल्ने, भेडा बस्ने चौर, सन्तु लुक्या डाँडा, बड्डी गारे ।

**थारमारे सामुदायिक वन (रिम साविक वडा ७)**

थारमारे, सिद्ध लेक, ढार पाखा, काठचापो गैरा, सिम पाखा, ताकुरा, झुले गैरा, ज्वाली गारे गैरा, तुसारे गैरा, जुगे पानी, रानी भिर, आगर खोला पाखा, खोबिल्टे, दयाधुरी, पाङ्राङ पाखो, नाके डाँडा, लामी डाँडा, चिप्ले भिर, ठुलो गैरा, आरू गैरा पाखो ।

**माया देवी सामुदायिक वन (रिम साविक वडा ८)**

ठुलो गैरा, गेरूवाने, कोप्चे पानी, पिर थला, तारे टिप्ने डाँडा ।

**भिउसन चुला सामुदायिक वन (रिम साविक वडा ८)**

चौपारी, घाडे डाँडा, धौली लोटे, गोगन खोली, ऐसेलु गैरा, चौके, सागेने गैरा, हात्ती ढुङ्गा, लाटी भिर, तिनु गैरा, उखाते गैरा, चिउरे भिर, कोदारी, ज्वाली गारे, खर्क लोटे, कोरी ओराल, बल्लेजुरा, बड्डी गारे, भिरा खोला ।

**ढाँर सामुदायिक वन (रिम साविक वडा ९)**

थाना गैरा, पानी खोला, निगाली खोली, धरमपानी, ऐते खोला, जाम्री खोला, बरी माटा, पत्तरी जङ्गल, तिरतिरे, सिद्ध गुफा, सुस्साउने, बाक्लो कर्वाने, बोरा गारे, पट्टा खेल्ने, ठुलो चौर ।



**२.५ पालिका स्तरीय सामुदायिक वन उपभोक्ता महासङ्घ :**

हरेक वन उपभोक्ता समूहको हकहित र वन सम्बन्धी ऐन नियमावलीमा आधारित भई वन संरक्षण, संवर्धन र उपभोग गर्ने गराउनका लागि पालिका स्तरमा एउटा पालिकास्तरीय सामुदायिक वन उपभोक्ता हरूको साझा सङ्घ पालिका स्तरीय सामुदायिक वन उपभोक्ता महासङ्घ हो । यो वि.सं. २०५३ देखि गठन गर्ने कार्य हुँदै आएको हो । सुरूमा सामुदायिक वन उपभोक्ता रेन्जपोष्ट स्तरीय महासङ्घ समिति भन्ने गरिन्थ्यो । २०७४ सालदेखि पालिका स्तरीय सामुदायिक वन उपभोक्ता महासङ्घ भन्न थालियो ।

**यस पालिकाको महासङ्घ समितिमा अध्यक्ष भई काम गर्ने व्यक्तिहरू**

| | |
|---|---|
| १) दामोदर शर्मा | २०५३-२०५८ |
| २) मिन बहादुर सेन | २०५८-२०६८ |
| ३) गोपाल गिरी | २०६३-२०६८ |
| ४) जित प्रकाश आचार्य | २०६९-२०७४ |
| ५) भिमा बुढाथोकी | २०७५-२०७९ |
| ६) खड्क केसी | २०८०-हालसम्म |

**२.६ जनसङ्ख्या**

कपुरकोट गाउँपालिकाभित्र पढ्ने साविकका धनवाङ, गर्पा, रिम, सिनवाङवासीहरूका पुर्खाहरू दाङ देउखुरीतिर पशु चौपाया चराउन अक्सर गरेर चिसो छल्नका लागि हिउदको समयमा जाने गर्दथे । पशुहरूलाई प्रसस्त मात्रामा खरघुरो, वनगस खुवाउने र पशु चौपायाहरूलाई आराम तथा मोटोघाटो बनाउन दाङ देउखुरी उपयुक्त स्थान थियो । प्रायः मानिसहरू हिउदको समयतिर पशु चौपायाहरूलाई हिउदमा लिने र चैत्र वैशाखतिर यस स्थानमा ल्याउने गर्दथे । यसैक्रममा अधिकांश मानिसहरूले आफ्नो जग्गा जमिनहरू दाङ देउखुरीमा बनाइसकेका थिए । औलो अगनका कारणले मानिसहरू पहिले बसाइ सर्ने गरेका थिएनन् तर पछि औलो उन्मुलनको कार्यक्रम आइसकेपछि अधिकांश मानिसहरू आफूले पशु पाल्ने गराएका जग्गा जमिनमा बसाइँ सराइ गरेर आउन थाले । बसाइँ सरेर गएको अनुपातमा बाहिर क्षेत्रबाट यस कपुरकोटा गाउँपालिकामा मानिसहरू आउने क्रम निक्कै कम रह्यो । त्यसैले यहाँको जनसङ्ख्या कम हुन गयो । कपुरकोट गाउँपालिकासँग सटेका र नजिकमा रहेका दाङ, बाँके, बर्दिया

जस्ता उत्पादन क्षेत्र र ठुला सहर, शिक्षा र रोजगारको अवशर प्राप्त गर्न सकिने भएकाले अहिले पनि जनसङ्ख्याको बसाइसराइ भइरहेको देखिन्छ । जसले गर्दा यस कपुरकोट गाउँपालिकाको जनसङ्ख्या भनेजस्तो वृद्धि हुन सकेको छैन । जनगणना २०७८ अनुसार जनसङ्ख्या तालिका निम्न अनुसार रहेको छ:

| कपुरकोट गाउँपालिका सल्यानको जनसङ्ख्या स्थिति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | जम्मा परिवार सङ्ख्या | | पुरुष जनसङ्ख्या | | महिला जनसङ्ख्या | | जम्मा जनसङ्ख्या | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| वडा नं.१ | ४९३ | १२।३९ | ९९५ | ११।८२ | १२१५ | १३।३१ | २२१० | १२।५९ |
| वडा नं.२ | ५११ | १२।८५ | १०७३ | १२।७४ | ११६५ | १२।७६ | २२३८ | १२।७५ |
| वडा नं.३ | ७१६ | १८।०० | १५२१ | १८।०७ | १६३६ | १७।९२ | ३१५७ | १७।९९ |
| वडा नं.४ | ६२४ | १५।६९ | १३१८ | १५।६६ | १४०३ | १५।३७ | २७२१ | १५।५१ |
| वडा नं.५ | ८५३ | २१।४४ | १८५१ | २१।९९ | १९६७ | २१।५४ | ३८१८ | २१।७६ |
| वडा नं.६ | ७८१ | १९।६३ | १६६० | १९।७२ | १७४४ | १९।१० | ३४०४ | १९।४० |
| जम्मा | ३९७८ | १००।०० | ८४१७ | १००।०० | ९१३० | १००।०० | १७५४८ | १००।०० |

स्रोत : रा.ज.ग.प्रारम्भिक प्रतिवेदन २०७८

## २.७ शैक्षिक अवस्था

यस पालिकाभित्रमा मानव सभ्यताको विकास सुरू हुने क्रममा यस क्षेत्रका मानिसहरूको शैक्षिक अवस्था अत्यन्तै सरल थियो । प्राचीन समय, मध्यकालीन समय र अधुनिक कालको सुरूवातमा पनि शिक्षा क्षेत्रमा ठुलो प्रभाव पारेको देखिँदैन । सामानय घर व्यवहार चलाउने सिपहरू सिकर्मी, डकर्मी, काठका भाँडाकुडा, माटोको डराकोठा, चोयाचित्राबाट निर्माण गर्ने विभिन्न सामग्री, काठबाट निर्माण गर्ने सामग्रीहरू, कम्मल, भाङ्रो, ठेट्टो बुन्ने सिप, विभिन्न रेसादार वस्तुबाट नामम्लो, दाम्लो विभिन्न साना ठुला डोरी बनाउने र विभिन्न रूखका पातबाट पोका, टपरी, दुना निर्माण गर्ने सिप, युद्धकला सम्बन्धी लाठी, भाला, बर्छी, ढाल तरवार चलाउने सुरक्षा र आक्रमण जस्ता कलाहरूको सिपहरू नयाँ सन्तानहरूलाई हरेक वर्ष सबै घरका किशोर अवस्थादेखि युवा अवस्थामा पुग्ने समयमा यस्ता सिपहरू प्रदान गरिन्थ्यो ।

प्राचीन समय या त मध्यकालीन मग्रात राज्यको प्रभाव समय या त कर्णाली खस राज्यको प्रभाव परेको उत्तर मध्यकालीन समय होस् या पन्ध्रौ शताब्दीमा सल्यान राज्य अलग भई बाइसे राज्यमध्येको स्वतन्त्र राज्य भएको अवस्था होस् या त गोर्खाली राज्यको मातहतमा सल्यान राज्य आएको अवस्थामा होस् या त वर्णाश्रम व्यवस्थाको गुरूकुलको समयको अवस्था होस्



कुनै समयमा पनि यस क्षेत्रमा आधिकारिक शिक्षा प्राप्तिका लागि शिक्षालयको व्यवस्था भएको पाइँदैन । गाउँघरका प्रमुख जिम्मेवारी मानिने व्यक्तिहरू जस्तै द्वारे, घाटबुरा, मुखिया, जिम्वाल, बैदार, जाम्दार र गाउँघरमा पूजापाठ गराउने ब्राम्हणहरूका सन्दर्भमा सामान्य लेखापढीको वातावरणका लागि ब्रम्हाचारी, तपस्वीयोगी जस्ता व्यक्तिको सम्पर्कमा गई शिक्षा लिने गरिन्थ्यो । त्यस्ता व्यक्तिहरूलाई ती महापुरूषहरूबाट केही समयका लागि शिक्षा प्रदान गर्ने गरेका कुरा स्वर्गीय वीर बहादुर पुन, स्वर्गीय प्रताप जङ शाह, स्वर्गीय रोमहर्ष उपाध्याय, स्व. तिलकराम खत्रीहरूले बताउनु भएको थियो ।

गाउँमा शासकीय जिम्मा पाएका त्यतिखेरका बैदार, जाम्दार, घाटबुरा, मुखिया, जिम्वाल र पूजापाठ गर्ने पण्डितहरूले गाउँमा पढ्न चाहने व्यक्तिहरूलाई आफूले सिकेका ज्ञानसिप, पाटीपौवा, घर कटेरा, टहरामा बसाई सिकाउने गरिन्थ्यो । तर यस क्षेत्रमा आधिकारिक शिक्षाको सुरूवात राणा शासनको अन्त्यसँगै २००९ सालदेखि यता निर्माण भएको पाइन्छ । कपुरकोट सामुदायिक सिकाइ केन्द्र र रिमको सरस्वती सामुदायिक अध्ययन केन्द्र २०६८ सालमा स्थापना भएको हुन् ।

हाल कपुरकोटा गाउँपालिकामा कपुरकोट बहुमुखी क्याम्पस २०६७ सालमा स्थापना भई सञ्चालनमा अँएको छ भने २०८०-१-१६ मा प्रस्तावित जीवनज्योति कृषि क्याम्पस सञ्चालनका लागि दुर्गा बहादुर पुनको अध्यक्षतामा क्याम्पस समिति निर्माण भएको छ । २०८०-१-१६ गते यस समितिले क्याम्पस प्रमुखको नियुक्ति भद्र सिंह बुढालाई दिएको छ । जीवनज्योति माविमा प्राविधिक धारतर्फ कृषि विषयको अध्ययन गर्ने गरी नमुना विद्यालय सञ्चालनमा छ । हालको साक्षरता प्रतिशत ७९.७५% रहेको छ ।

कपुरकोट गाउँपालिकाभित्र रहेका विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरूको स्थापना र तालिकालाई निम्न अनुसार उल्लेख गरिन्छ ।

| कपुरकोट गाउँपालिका सम्पुर्ण विद्यालयहरुका विवरण २०८० | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | विद्यालयको प्रकार | स्थापना मिति | सञ्चालित कक्षा | प्रधानाध्यापकको नाम थर | मोवाइल नं |
| १ | जिवन ज्योती मा.वि.रिम | सामुदायिक | वि.स. २००९ | शिशु देखि १२ कक्षा सम्म | भूपाल साहू | 9847819093 |
| २ | नेपाल राष्ट्रिय मा.वि. किमुचौर | सामुदायिक | वि.स. २०२१ | शिशु देखि १२ कक्षा सम्म | दामोदर शर्मा | 9857823545 |
| ३ | भवानी मा.वि. छाँयानाथ | सामुदायिक | वि.स. २०१५ | शिशु देखि ११ कक्षा सम्म | दल बहादुर खड्का | 9812806030 |
| ४ | कालिका मा.वि.कपुरकोट | सामुदायिक | वि.स. २०४६ | शिशु देखि ११ कक्षा सम्म | चुडामणी के.सी. | 9866749551 |
| ५ | विरेन्द्र मा. वि. गर्पा | सामुदायिक | वि.स. २०२३ | शिशु देखि १० कक्षा सम्म | डिल बहादूर नेपाली | 9809798372 |

| कपुरकोट गाउँपालिका सम्पुर्ण विद्यालयहरुका विवरण २०८० | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | सरस्वती आ.वि. जामुनेचौर | सामुदायिक | वि.स. २०४२ | शिशु देखि ८ कक्षा सम्म | गणेश प्रसाद शर्मा | 9866941950 |
| ७ | शिद्ध आ.वि. खाली | सामुदायिक | वि.स. २०४२ | शिशु देखि ८ कक्षा सम्म | शिवराम बस्नेत | 9848298281 |
| ८ | शिद्ध आ.वि. ढाँर | सामुदायिक | वि.स. २०४८ | शिशु देखि ८ कक्षा सम्म | कमान सिं वि क | 9844800222 |
| ९ | सरस्वती आ.वि. रातामाटा | सामुदायिक | वि.स. २०४२ | शिशु देखि ८ कक्षा सम्म | फौज बहादुर महतारा | 9748707521 |
| १० | गायत्री आ.वि. गाडापानी | सामुदायिक | वि.स. २०३७ | शिशु देखि ८ कक्षा सम्म | हस्त ब. बूढा | 9847907247 |
| ११ | जानकी आ.वि. डाग्री | सामुदायिक | वि.स. २०४९ | शिशु देखि ७ कक्षा सम्म | पवित्रा बलाल | 9849859413 |
| १२ | दहबन आ.वि. गैरिवाङ | सामुदायिक | वि.स. २०६३ | शिशु देखि ६ कक्षा सम्म | नर बहादुर घर्ती | 9866870485 |
| १३ | जनचेतना प्रा.वि. लामपोखरा | सामुदायिक | वि.स. २०६५ | शिशु देखि ५ कक्षा सम्म | अम्म ब. वि.क. | 9765870729 |
| १४ | शिवोदय प्रा.वि. सारपानी | सामुदायिक | वि.स. २०३४ | शिशु देखि ५ कक्षा सम्म | रिता घर्ती | 9848227806 |
| १५ | सरस्वती आ.वि. दानवाङ | सामुदायिक | वि.स. २०४५ | शिशु देखि ५ कक्षा सम्म | कूल बहादुर बूढा | 9823389688 |
| १६ | प्राथमिक विद्यालय क्युरेणी | सामुदायिक | वि.स. २०४५ | शिशु देखि ५ कक्षा सम्म | डिल बहादूर थापा | 9847995966 |
| १७ | प्राथमिक विद्यालय मुलपानी | सामुदायिक | वि.स. २०३८ | शिशु देखि ५ कक्षा सम्म | तिर्थराज बूढाथोकी | 9840240850 |
| १८ | जन ज्योती प्रा.वि. सिमलकुना | सामुदायिक | वि.स. २०५२ | शिशु देखि ५ कक्षा सम्म | दोर्णा कुमारी चन्द | 9845858210 |
| १९ | भुवनेश्वरी प्रा.वी. सिन्दुरी | सामुदायिक | वि.स. २०४३ | शिशु देखि ५ कक्षा सम्म | उत्तर कुमार डाँगी | 9768505064 |
| २० | सरस्वती प्रा.वि. चुनवाङ | सामुदायिक | वि.स. २०६८ | शिशु देखि ५ कक्षा सम्म | जगत ब. बूढाथोकी | 9746932542 |
| २१ | सरस्वती प्रा.वि. सल्लाम | सामुदायिक | वि.स. २०५२ | शिशु देखि ३ कक्षा सम्म | दलजित बुढा | 9847980058 |
| २२ | भानु प्राथमिक विद्यालय गोठिबन | सामुदायिक | वि.स. २०६४ | शिशु देखि ५ कक्षा सम्म | टिका बूढा मगर | 9822870929 |
| २३ | सरस्वती प्रा.वि. कालापाल्ला | सामुदायिक | वि.स. २०५० | शिशु देखि ५ कक्षा सम्म | कृष्ण बहादूर राना | 9809808443 |
| २४ | शिद्दबाबा बालबिकास केन्द्र सिस्नेरी | सामुदायिक | वि.स. २०६९ | शिशु कक्षा मात्र | नोखा कुमारी वली | 9829875131 |
| २५ | ब्लु डाइमण्ड वोर्डिङ स्कुल | संस्थागत | वि.स. २०६४ | केजी देखि ८ कक्षा सम्म | घनश्याम शर्मा | 9857825665 |
| २६ | नमुना बाल विकास बोर्डिङ स्कुल | संस्थागत | वि.स. २०६४ | केजी देखि ५ कक्षा सम्म | प्रेम भण्डारी | 9866952052 |
| २७ | संकल्प एकेडेमी छायाँनाथ | संस्थागत | वि.स. २०६४ | केजी देखि ५ कक्षा सम्म | हिरालाल भण्डारी | 9808698221 |
| | शिक्षा अधिकृत - सरस्वती भण्डारी ९८६९४२४५०९ | | | | | |
| | प्रा स - रमेशकुमार आचार्य ९८६४९४०१४१ | | | | | |
| | प्रमुख प्रशासकिय अधिकृत ९८५७८४४७०० | | | | | |

*स्रोत : कपुरकोटा गाउँपालिका*

## २.८ स्वास्थ्य अवस्था

कपुरकोटा गाउँपालिकाभित्र रहेका रिम, सिनवाङ, धनवाङ र गर्पाका विभिन्न टोलबस्तीमा बस्ने बासिन्दाहरूले प्राचीन समयमा स्वास्थ्य उपचार औषधिका रूपमा प्रयोगमा ल्याइएका जङ्गलका जडीबुटीहरू निम्नानुसारको पाइन्छ । चिराइतो, निलपाते, चुथ्रो, काफलको बोक्रा, कोइरालको बोक्रा, जामुनोको बोक्रा, सिस्नोको जरा, कुरिल्लोको जरा, गानेगुर्जो, लहरे गुर्जो, निमको पात, बरको चोप, बिसखाप्रे, घोडाटाप्रे, बटुलपाते, भुइँकाफल, भुइँकरेलीको जरा, तितेपाती, रक्तजरी, हरप्रसाद, आँख्ले, हुटहुट्याउँको अन्डा, ऐँसेलुको जरा, नरहरी बुटी, सयपत्री, केराको गुँबो, लालीगुराँस, वनमारो, घ्युकुमारी, पाँचऔँले, बाइअदुवा, कालो बेसार, बेसार, च्युरीको फल र तेल, श्रीखण्ड, कचुर, हतासे, कानेझार, दालचिनी, तुलसी, वनक्राँत्री, पिपलको बोक्रा,



कागती, दुबाको मुन्टो, ज्वानो, मेथी, टिमुर, भातेबेथु, सिल्पाइरो, कात्तिके मह, अरिङ्गालको गोला, ढिम्राको गोला, गँगटा, माहुरीको पोला, कुडैनोको फल, सिम्टाको फल, अरिलको तेल, रायो, सर्सु, ज्वाँले झार, मेलको काँचो फल, ऐरेलु, ब्याली, प्याँलजरे, किमु, रक्त चन्दन, खयर, सैजन आदि ।

घाउ नफुटेको रगत बाझिएको स्थानमा सफा सियोका झुप्पाबाट खुर्ने काम गरिन्थ्यो र कतै कतै बाझिएको रगत निकाल्न कर्दीको पनि प्रयोग गरिन्थ्यो । चोटपटक लागेमा वा हातखुट्टा भाँचिएमा जडीबुटीहरूको प्रयोग गरी काप्रोले बाँधेर उपचार गर्ने सिप विकास गरिएको थियो । रूघाखोकी लागेमा जडीबुटी राखेर बाफ लिने चलन पनि थियो । समाजमा देवी देवता, लागुभागु हुन्छ भन्ने विश्वास भएको हुँदा धामीझाँक्री जैसीहरू बोलाएर लागुभागु फालमन्सो गर्ने चलन पनि धेरै थियो । यस्तो फालमन्सो गर्ने धामीझाँक्रीले मन्त्र गरेर जडीबुटी पनि खुवाउने गर्दथे ।

जडीबुटीका सम्बन्धमा जानकार भएका व्यक्तिलाई वैद्य भन्ने गरिन्थ्यो । जडीबुटी सम्बन्धी ज्ञान भएका तर विगत र भविष्यवाणी गर्ने व्यक्तिलाई जैसी भनिन्थ्यो । आधिकारिक शिक्षा नलिएता पनि परम्परादेखि बाबुबराजुहरूबाट सिक्दै आएका ज्ञान सिप, जडीबुटीहरूको औषधिको प्रयोग, परिमाण सम्बन्धी र रोगहरूका सम्बन्धमा जानकारी प्राप्त गरेका हुन्थे । धामी झाँक्री, जैसी र वैद्यहरू स्वास्थ्य उपचारका व्यक्तिका रूपमा समाजमा चिनिन्थे ।

२०२९ सालदेखि पूर्व कपुरकोट गाउँपालिकामा आधिकारिक स्वास्थ्य उपचार गर्ने कुनै संस्था नै थिएन । यस पालिकाभित्रको तत्कालीन रिम गाउँ पञ्चायतभित्रको रिममा २०२९ सालमा आयुर्वेदिक औषधालयको स्थापना भयो । यो औषधालय सल्यान जिल्ला प्रमुख औषधालयको रूपमा स्थापना भएको थियो । यसले सल्यान जिल्लालाई सेवा क्षेत्र बनाएको थियो । यहाँ वैद्य र कविराजहरू दुई वटा कार्यालय सहयोगीहरू कार्यालयमा रहने व्यवस्था थियो ।

हालको स्वास्थ्यचौकी प्रजातन्त्रको पुनरवहाली पछि २०४८ यता कपुरकोट, रिम, सिनवाङ र गर्पामा उपस्वास्थ्य चौकी विस्तार भए । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधन २०७२ लागु भएपछि उपस्वास्थ्य चौकीलाई स्तर वृद्धि गरी स्वास्थ्य चौकी बनाइयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र भइसकेपछि साविकका गा.वि.स. रिम, सिनवाङ, धनवाङ, गर्पा कपुरकोटा गाउँपालिका बन्न पुग्यो । वडा नं. १ र ४ मा २०७४ मा निर्वाचित स्थानीय

सरकारले आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापनाका लागि व्यवस्था गऱ्यो । हाल यस पालिकाको स्वास्थ्य संस्था मार्फत सेवाग्राहीलाई निम्न अनुसार सेवा पुऱ्याउने काम गरेको छः

- ६ वटै वडामा स्वास्थ्य संस्था र बर्थिङ सेन्टरको व्यवस्था गरी सेवा दिइरहेको ।
- ज्येष्ठ नागरिकलाई घरघरमै गई स्वास्थ्य सेवा पुऱ्याएको ।
- सुनौलो १००० दिनेका आमा तथा शिशुहरूलाई पोषण अवस्था सुधार गर्न गर्भवती सचेतना कार्यक्रम सञ्चालन गर्ने गरेको ।
- पालिकाभित्र स्वास्थ्य संस्थामा सुत्केरीका लागि निशुल्क एम्बुलेन्स सेवा दिने गरेको ।
- सार्वजनिक विदाको दिन पनि स्वास्थ्य सेवा खुल्ला राखी सेवा दिने गरेको ।
- गर्भवती आमासँग उपाध्यक्ष पोषण कार्यक्रम सञ्चालनमा ल्याएको ।
- स्वास्थ्य संस्थाबाट प्रवाह गरेको सेवाको त्रैमासिक रूपमा पालिकाद्वारा सेवाग्राहीकहाँ पुगी अनुगमन गर्ने गरेको ।
- यस पालिकाभित्रका क्षयरोग बिरामीमध्ये अति विपन्न बिरामीलाई प्रत्येक महिना फुड बास्केट दिने गरेको ।
- पालिका सबै स्वास्थ्य संस्थाभित्र मासिक रूपमा गर्भवती आमाहरूलाई ग्रामीण अल्ट्रा साउन्डद्वारा स्वास्थ्य परीक्षण गर्ने गरेको ।
- प्रत्येक वर्ष स्वास्थ्यको प्रोफाइल प्रकाशन गरेको ।

## २.९ कृषि

प्राचिन समयमा यहाँका मानिसहरूको मुख्य पेसा पशुपालन नै थियो । पशु चराउन आएका मानिसहरू नै यस ठाउँमा बसोबास गरेको कुरा बुढापाकाबाट सुन्न पाइन्छ । सुरूमा पशु चौपाए चराउन टाढाटाढा पशुसँगै जाने गर्दर्थे । यस्तो अवस्थालाई घुमन्ते पशुपालन जीवन भन्ने भनाइ छ । घुमन्ते पशुपालन जीवन कस्टकर र दुखदाई हुन थाले पछि मानिसहरू एकीकृत रूपमा स्थायी बसोबास गर्न थाले । यसपछि कृषिको सुरूवात हुन पुग्यो । मानिसहरू आफु बस्ने घर, पशुचौपाया राख्ने गोठ, कुखुराहरू राख्ने खोर रातदिन खटेर निर्माण गर्न सुरू गर्न थाले । खानाको आपुर्तिका लागि अन्न उत्पादन, तरकारी उत्पादनका साथै उत्पादनका लागि आवश्यक उपकरणहरू बनाउन सुरू गरे जस्तै हलो, जुवा, कोदालो, फरूवा, खन्ता,



कुटो, लिर्को, गैती, फाली, फरै, फ्याउरी, डल्लेठो, मोकरा, जोतरा आदि । त्यसै गरी मानिसलाई आवश्यक पर्ने जाँतो, ढिकी, कोल, हँसिया, हतौडा, खुकुरी, खुर्पा, छाँचुर, गुन्द्री, सुरक्षाका लागि ढाल तरवार, बर्छी, भाला, बन्दुक, निर्माण गर्न थाले । यसका अतिरिक्त अन्न भन्डारनका लागि माटोको डरा कोठा, काठको भकारी, सन्दुस, बनाउन थाले भने चोयोचेत्रबाट ठुइला, भाँर, कोठा, डोका, स्याउँ, छिटनी, डाला, ढक्के बनाउने सिपको विकास गरे । आफू र पशुचौपाया आवतजावत गर्ने बाटाहरू सजिलो र फराकिलो गराउन थाले । खेती उत्पादन राम्रो गर्नका लागि खोलाका किनारहरूमा कुला बनाई सिँचाइ गर्न थालियो । सुरूसुरूमा मानिसलाई आवश्यक परेको समथर परेको वनजङ्गल मासेर बसोबास गर्थे ।

प्राकृतिक प्रकोप परेमा वा जङ्गली जनावरको आक्रमण भएमा त्यस्ता आवादी जमिन छोडेर अर्को स्थानमा गई बसोबास गर्थे । मानिसहरू उत्पादन गरेका अनाजहरू वर्ष भरि खाने रमाउने गर्दथे । समाजमा वस्तु विनिमय भएकोले पूँजीको बचत गर्ने चलन थिएन । मानिसहरूले विभिन्न चाडपर्व मनाउने, आफूले उत्पादन गरेको अनाज, पशु चौपायका दुध, दही, घ्यु, माछा, मासु, अन्डा खाने गर्दथे । राणाकालीन समयमा यस क्षेत्रको नजिकको बजार कोइलाबास र नेपालगन्ज भइसकेपछि मानिसहरू भोटको नुन खान छोडेर कोइलबास र नेपालगन्ज नुन लिन आउन थाले । आउने बेला पैसा बनाउनका लागि सुठो, टिमुर, अदुवा, भटमास, समायो, जग्गर, फलखाटो, बोकेर ल्याई पैसा बनाएर आवश्यक पर्ने लत्ताकपडा, नुन किनेर घरतिर जान्थे । यस्तो गुजाराको क्रम लामो समयसम्म चलिरह्यो । त्यसैले आज पनि टिमुर, अदुवा र सुठोलाई पुरानो धन हो भन्ने गरिन्छ ।

राप्ती राजमार्ग तत्कालीन सरकारको विनियोजित रकमबाट र सल्यानी जनताको श्रमदानबाट २०२७ सालबाट खन्न सुरू गरेको भए पनि यो बाटो मोटरबाटो जस्तो बन्न १५-१८ वर्षसम्म लागेको देखिन्छ । २०३३/३४ सालदेखि जीव र ट्याक्टर हिँड्नका हुन् भने २०४४/४५ बाट बस सेवा सञ्चालनमा आएको हो । बाटो नभएकै कारण मानिसहरूको आवतजावत र सामाजिक चेतना न्यून रहेको थियो । पञ्चायतकालीन समयमा राप्ती एकीकृत ग्रामीण परियोजना यू.एस.आई.डी. द्वारा सञ्चालित यस परियोजनाले यस क्षेत्रका कृषकहरूलाई कृषि समूहको माध्यमबाट २०४२-४३ मा जनचेतना दिन थालेको थियो । पछि भी.एफ.सी./ए. र एम.ए.आर.डी. जस्ता गैह्र सरकारी संस्था र

कपुरकोट सेवाकेन्द्रको स्थापना भइसकेपछि यस क्षेत्रका जनताहरूलाई बेमौसमी तरकारीको लागि ज्ञान, सिपका सन्दर्भमा तालिम र भ्रमण गराउने काम भयो । वि.सं. २०४९ सालतिर राष्ट्रिय अदुवाबाली अनुसन्धान कार्यक्रमको नामले स्थापित कार्यालयले पनि कृषि क्षेत्रमा जनचेतना दिई उत्पादन वृद्धि गर्ने कार्यमा ठुलो योगदान पुऱ्याएको छ । यो कार्यालय २०७३/७३ देखि नाम परिवर्तन भई अदुवाबाली अनुसन्धान कायक्रमको नाम चिनिने गरेको छ ।

समूहमा रहेका किसानहरूलाई अनिवार्य रूपमा तरकारी खेती गर्ने प्रेरणा दिइयो । हरेक समूहलाई समेटेर मुल समिति निर्माण गरियो जसको संस्थापक अध्यक्ष ईश्वरी प्रसाद शर्मा रहनुभएको थियो । यसरी २०४५-४६ सम्म आइपुग्दा खेतीमा नयाँ जागरण ल्याउने भएको थियो । २०४८ सालको ज्येष्ठको दोस्रो हप्ताबाट कपुरकोट बजारमा हाटबजार लगाउन सुरू गरियो । सुरूमा यो बजार स्थानीय कृषक र स्थानीय बजारबासीहरूको जस्तो मानिएता पनि पछि यसको व्यापक प्रचारप्रसार हुँदै जाँदा व्यापक रूप लिन पुग्यो । २०५० सालमा आउँदा नेपालका हरेक क्षेत्रमा र भारतका केही ठाउँहरूमा यहाँबाट उत्पादन भएको तरकारीहरू निकासी हुन लाग्यो । सीमित समूहबाट उत्पादन सुरू गरेको कृषि उपज पछि आउँदा रोल्पाको तत्कालीन गा.वि.स.हरू त्रिवेणी, बुढागाउँ र नुवागाउँ, तुलसीपुरको राप्ती क्षेत्र, सल्यानको फलावाङ र त्रिवेणी गा.वि.स., कपुरकोटका साविक रिम, धनवाङ, गर्पा, सिनवाङ विस्तार भयो । २०६४ सालमा सल्यान जिल्ला विकास समितिको आयोजनामा दाङ, रोल्पा र सल्यानका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी सहितको सरोकारवालाहरूसँग यस क्षेत्रको कृषि उपज सामग्रीको थप उत्पादन र विस्तार तथा बजारीकरणका लागि सम्भाव्यता अध्ययनको विचारको गोष्ठी सर्वपक्षीय रूपमा राखियो । आज आउँदा कपुरकोट गाउँपालिकाभित्र मात्रै न्यूनतम हरेक वर्ष ३० करोडभन्दा माथिको तरकारी निकासी हुन्छ । २८ भन्दा बढी साना कृषि उपज सङ्कलन केन्द्रहरू रहेका छन् । ३६ जना श्रमिकहरूले काम पाएका छन् । २० जना दर्तावाल व्यापारीहरू आफ्नो पेसामा क्रियाशील छन् । कपुरकोट गाउँपालिकाले कृषि क्षेत्रमा २०७९/८० को बजेट १ करोड ५० लाख विनियोजना गरेको छ । कृषि एम्बुलेन्सको व्यवस्था पनि भएको छ । यहाँको तरकारी नेपालको पूर्वपश्चिम र भारतको विभिन्न ठाउँमा निकासी हुने गरेको छ । कपुरकोट तरकारीको ब्रान्ड बनेको छ । कपुरकोट हाटबजार समितिमा अध्यक्ष भई काम गर्ने व्यक्तिहरू निम्न अनुसार



रहनुभएको छ । ईश्वरी प्रसाद शर्मा, दामोदर शर्मा, मिन बहादुर बुढा, तेज बहादुर एरी, कृष्ण कुमार धिताल, शोभाराम शर्मा, टङ्कराज नेपाली र हाल तिलक शर्मा हुनुहुन्छ ।

### ३. सामाजिक जनजीवन

हरेक मानव सभ्यताभित्र जीवन निर्वाह, व्यवस्थापन र सञ्चालनका पक्षहरू एकीकृत रूपमा सँगसँगै सक्रिय भएका हुन्छन् । यसमा जीवन निर्वाह गर्ने आर्थिक पक्ष पहिलो हुन्छ । मानिसलाई खान, लाउन, बसोबास गर्न दैनिक रूपमा आवश्यक पर्ने भएको हुनाले त्यसका लागि केही न केही गरिरहेको हुन्छ । चेतना, चिन्तन, देखासिकी, नयाँ वस्तुको खोजी, अनुवभ, सिपहरूको सिकाइ, ज्ञान र क्षमताको प्रसारण र ग्रहण गर्न सक्ने प्राणी मानिस हो । मानिस एक्लै बस्न सक्दैन । मानिस सामाजिक प्राणी भएको हुनाले सामाजिक जीवन उसको महत्त्वपूर्ण हुन्छ । त्यसैले सामाजिक जीवनमा पहिलो प्रभाव पार्ने आर्थिक क्षेत्र हो । आर्थिकले मानिसको स्तर निर्धारण गर्छ चेतनाले चिन्तनको ढोका खुलाउँछ । यसै क्रममा मानिसले आफ्नो आविस्कार र अरूबाट प्राप्त गरेको आविस्कारहरू प्रयोगमा ल्याउने गरेको हुन्छ । समयको फेरबदलसँगै हरेक आविस्कार पुराना भइसकेका हुन्छन् । विकासको अन्तिम टुङ्गो पनि लागेको हुँदैन ।

अर्को पक्ष हो व्यवस्थापन पक्ष । मानिसले नियमित रूपमा आफ्नो व्यक्तिगत आवश्यक पर्ने र सामाजिक आवश्यक पर्ने विभिन्न वस्तु क्रियाकलापहरूलाई एकीकृत रूपमा व्यवस्थापन गर्न खोजिरहेको हुन्छ । यसमा नजानिदो तरिकाले आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र प्राविधिक पक्षमा गतिशील भइरहेको हुन्छ । किनकी यी सबै सामाजिक पक्षको अनिवार्य तत्त्व हुन् । आवश्यकताका आधारमा यी पक्षहरू प्रमुख र गौण हुने गर्दछन् । समाज सञ्चालनको र व्यवस्थापनको लागि मानिसलाई नीति नियम र विधिको आवश्यकता पर्दछ । समाजमा विधि निर्माण र नीति निर्माण गर्ने भएको हुनाले समाज परोक्ष वा प्रत्यक्ष रूपमा राजनीतिभित्र गतिशील भइरहेको हुन्छ । त्यसैले समाजको सामाजिक जीवन, आर्थिक, राजनीतिक, सांस्कृतिक रूपमा अगाडि बढिरहेको हुन्छ । हाम्रो यस कपुरकोटको सामाजिक जीवनका सन्दर्भमा विभिन्न समय अवस्थाबारे उल्लेख गर्न आवश्यक हुन्छ ।

समाजलाई ज्ञान, सिप, चेतना, प्रविधिको नयाँ नयाँ आविष्कारले प्रभाव पारेको हुन्छ । त्यस्तै सामाजिक जागरण, भेला, प्रशिक्षण, गोष्ठी,

सेमिनार, सञ्चार, आन्दोलन र क्रान्तिले त्यत्तिकै रूपमा असर गरेको हुन्छ । कपुरकोटको सन्दर्भमा पनि सामाजिक जीवनलाई हेर्दा प्राचीनकाल, मध्यकाल र आधुनिककाल गरी तीन भागमा अध्ययन गर्न सकिन्छ ।

### क) प्राचीनकाल समाज

आजभन्दा झन्डै २४०० वर्ष अगाडि यस क्षेत्रका मानिसहरूको बसोबास नभएको घना जङ्गल पशु चौपायाको लागि चरिचरण गर्न उपयुक्त स्थलहरू थिए । पशु चौपायालाई चराउने क्रममा हालको रोल्पा रूकुम तत्कालीन समयको मगर गणराज्यका मानिसहरू यहाँ आएको र यतै पशुपालनको लागि बसोबास गर्न थालेको अनुमान छ । त्यतिखेरको सामाजिक जीवन अत्यन्त सरल थियो । मुख्य पेसा भन्नु पशु चौपायाको रेखदेख गर्ने, पशुसँग घुम्ने खालको घुमन्ते पशुपालन थियो । टाढा टाढा पशुहरू चराउन लग्ने मानिसहरूको समूह केन्द्रित भएर गुफा ओढारहरू रूख काठपातको छाप्रो बनाई उपयुक्त चौपायाको चरिचरण ठाउँहरूमा बस्ने क्रममा बनेलु जनावर, घाम, हावा, पानी, हुरीका कारण घुमन्ते पशुपालन जीवन अत्यन्तै कष्टकर बन्दै गयो । त्यसैले तत्कालीन समयका मानिसहरू फिरन्ते पशुपालन जीवनलाई छोडेर स्थायी रूपमा पशुपालन गर्न थाले । जब स्थायी रूपमा पशुपालन गर्न लागे कृषि पेसाको पनि सुरूवात भयो ।

कृषि पेसाको सुरूवात भइसकेपछि विभिन्न उपकरणहरू निर्माण हुन थाले । उत्पादनका उपकरणहरू, सुरक्षाका उपकरणहरू, घरमा आवश्यक पर्ने अनाजहरू भण्डारण गर्ने, खानामा प्रयोगमा ल्याउने, बोक्नका लागि प्रयोगमा आउने अनेकौँ सामग्रीहरू निर्माण गर्न थाले । यस्ता सामग्री निर्माण गर्ने क्रममा मानिसको ज्ञान सिप विकास द्रुत गतिले हुन पुग्यो । एक समाजबाट अर्को समाजमा यस्ता ज्ञान सिपको प्रसारण हुन पुग्यो । मानिसहरू बस्ने घर, पशुहरू बस्ने गोठ, खोरका नयाँ नयाँ रूपहरू बनाउन थाले । सुरक्षाका लागि घुयात्री, बर्छी, भाला, तरवार, खुकुरी, ढाल जस्ता हतियारहरू तयार गर्न थाले । विभिन्न रेसादार वस्तुको रेसाहरू निकालेर भाङ्रो, ठेट्टा बिन्नसक्ने कलाको विकास गरे । महिलाहरूले घरको काम र बालबच्चा हेरचाह गर्ने र पुरूषहरूले उत्पादन, पशुचौपाया हेरचाहर सिकार गर्ने, माछा मार्ने, कन्दमुल खन्ने जस्ता कामहरू गर्थे । अठार मगरातको गणराज्यमा कपुरकोटा पालिकाभित्रका टोलबस्तीहरू पर्ने भएको हुँदा यहाँबाट मगर राज्यको प्रमुख राजा चुन्न यहाँबाट कोशेली लगेर शेष क्षेत्र पुग्दथे । त्यहाँ



भएको छलफल निर्णयहरू यहाँ लिएर आउँथे । यहाँको जनसङ्ख्या थोरै थियो । यस ठाउँमा अठार मगरात अन्तर्गत बोलिने खाम भाषा थियो । लामो समय यो क्षेत्र अठार मगरातको शासित क्षेत्र थियो । तेह्रौँ शताब्दीमा कर्णाली खस राज्यको विस्तार हुने क्रममा यो क्षेत्र कर्णाली खस राज्यको नियन्त्रणमा आयो र भाषा पनि खस भाषा हालको नेपाली भाषा बोलिन थाल्यो । यसमा अन्य जातजातिहरू पनि बसाइँसराइ गरी आउने क्रममा जनसङ्ख्या बाक्लिँदै गयो । समाज मिश्रित जातिको बन्न गयो ।

### ख) मध्यकालीन समाज

यस क्षेत्रको मध्यकालीन समाज पनि सरल नै थियो । पशु पालन, खेतीपाती, जीवन निर्वाहको मुख्य आधारहरू थिए । बेलाबेलामा विभिन्न राज्यहरूबाट आक्रमण हुने हुँदा यो ठाउँ पनि युद्धको लागि तयारी हुनुपर्दथ्यो । खासगरी कर्णाली खस राज्य कमजोर बन्दै गएपछि कर्णाली खस राज्यभित्रका बाइसे राज्यहरमध्येको सल्यान राज्य वि.सं. १४७५ मा स्वतन्त्र भएको भनाइ रहेको छ भने कतिपय १४१८ मा स्वतन्त्र भएको भन्ने भनाइ पनि रहेको छ । मध्यकालीन समाजमा चाडपर्वहरू दसैँ, तिहार, माघी, चैत्र अष्टमी, तिज, कृष्ण अष्टमी, शिवरात्री आदि पर्वहरू मान्ने गरेको र असारको सुरूमा भूमि पर्व, नाचगान, सोरठी, पैसरी, झुमरा, सिँगारू, ज्वरा आदिको सुरूवात गरेको पाइन्छ । सल्यान राज्यमा बेलाबखत युद्धमा नागरिकहरू होमिनुपर्ने भएको हुनाले युद्ध जित्नेहरूलाई सानोतिनो वीरताहरूको व्यवस्था गरिएको हुन्थ्यो । त्यस्ता वीरता प्राप्त गर्नेलाई वीरतावाल पनि भन्ने गरिन्थ्यो । घरघरबाट लोग्ने मानिसहरू, सेनाहरू तालिम लिन जानुपर्दथ्यो । हरेक घरले राज्यका लागि नगत जिन्सीहरू उठाउनु पर्दथ्यो । कानुनी व्यवस्थामा धार्मिक ग्रन्थका आधारमा चल्दथ्यो । मेलाजात्राको निकै महत्त्व थियो । मध्यकालीन समाजमा यस क्षेत्रका मानिसले भोटको नुन खोन गर्दथे । युद्धमा मारिएका मानिसहरूको मरवटको व्यवस्था पनि गरिएको हुन्थ्यो । मानिस राज्यका लागि जन्मिएको हो भन्ने आभाष दिइएको थियो । समाज महिला प्रधानबाट पुरूष प्रधानमा गएको थियो । बहुपत्नी राख्ने चलन थियो । कन्यामा विवाह गरिदिए पुण्य हुन्छ भन्ने विश्वास भएकोले बालविवाहलाई प्रस्रय दिइएको थियो । जातीय विभेद चरम रूपमा थियो । जातिका आधारमा कामहरू विभाजन भएका थिए । प्रत्येक गाउँमा राजाका प्रतिनिधिहरू द्वारे र पालेहरू खटिएका हुन्थे । गाउँघरमा हुने झैझगडा उनीहरूले मिलाउने गर्थे । यदि नमिलेमा वीरतावालकहाँ

जाने गर्थे । वीरतावालले पनि मिलाउन नसकेको दरबारमा जाने गर्थे । दरबारका भारदारहरू धर्मभिरूहरूको परामर्शमा धार्मिक पुराणका आधारमा मुद्दाहरू फैसला गर्ने चलन थियो ।

समाजमा कपडा बुन्नका लागि भेडा पालन र रेसादार वस्तुहरू खेतीपाती गरिन्थ्यो । यसै आएको उन र रेसादार वस्तुको धागोबाट कम्मलहरू, ठेट्टाहरू, भाङ्रोहरू बुन्ने गरिन्थ्यो । जसका गाई, भैँसी, भेडाबाखा, घोडा उनै मानिस धनी भएको मानिन्थ्यो । राज्यमा आक्रमण हुने र अर्को राज्यका लागि लड्न तयारी हुने भएको हुनाले युद्धको त्रास भई नै राख्थ्यो । युद्धका लागि सधैँ तयारी हुनुपर्दथ्यो ।

**ग) आधुनिककाल समाज**

नेपालको एकीकरण समय पछिलाई नेपालको इतिहासले आधुनिक काल भन्ने गरेको छ । सल्यान राज्य वि.सं. १८६९ भाद्र ३ गते नेपालमा गाभिएपछि यहाँको सामाजिक जनजीवनमा केही परिवर्तन आयो । केन्द्रसँग सम्बन्ध भएका वृत्तवालहरू बाहेक अन्य वृत्तवालको ठाउँमा तालुकदारी व्यवस्था कायम गरियो । त्यस्ता तालुकदारहरूलाई घाटबुरा, मुखिया, जिम्वाल जस्तो नाम दिने गरियो । केन्द्रीय शासनका प्रतिनिधि सुवेदार, सुब्बा र गौँडाहरू जिल्लाहरूमा बस्न थाले । उनकै आदेशबाट गाउँमा उठेका चाँदीका पैसा गनेर छालाको थैलोमा हाली काठमाडौँतिर पठाउने चलन सुरूवात भयो । यस्ता पैसा हालेको छालाको थैलालाई तोरा भन्ने गरिन्थ्यो । तोरा बोक्दा रातदिन नबिसाएर सम्बन्धित ठाउँमा राज्यका प्रहरीहरू सँगसँगै लग्नुपर्दथ्यो । यस क्षेत्रमा आठ हजार तिरो उठ्ने भएको हुँदा यस क्षेत्रलाई आठ हजार क्षेत्र भन्ने गरियो । राज्यको सूचना पुऱ्याउनका लागि ठाउँ ठाउँमा दौडाहाको व्यवस्था गरिएको हुन्थ्यो । चिठीपत्र सामान ओसारपसार गर्नका लागि ठाउँ ठाउँमा हुलाक र हुलाकीको व्यवस्था गरिएको थियो ।

राणाकालीन समयको अन्त्यसँगै प्रजातन्त्रको उदय पछि २००९ सालमा यस पालिकाको सबैभन्दा पुरानो स्कुल हालको जीवनज्योति नमुना माध्यमिक विद्यालय सुरूवातको त्रिभुवन प्राइमरी पब्लिक स्कुल भनेर खोलियो । वि.सं. २०१७ साल पौष १ गते राजा महेन्द्रले दलहरूमाथिको प्रतिबन्ध लगाई पञ्चायती व्यवस्था घोषणा गरिसकेपछि यस क्षेत्रका धनवाङ, गर्पा, रिम, सिनवाङ गाउँपञ्चायतका रूपमा रहने व्यवस्था गरियो । एक पञ्चायतभित्र नौ वटा वडाहरू हुन्थे । वडाध्यक्ष र प्रधानपञ्च र उपप्रधानपञ्च चुनावबाट



निर्वाचित हुने व्यवस्था थियो । वि.सं. २०३६ सालमा यस क्षेत्रमा जग्गाको नापी भइसकेपछि तालुकदारी प्रथाको अन्त्य भई प्रधानपञ्च र वडाध्यक्षका घरमा मालपोतका कर्मचारी आई कर उठाउने व्यवस्था गर्न थालियो ।

पञ्चायतकालीन समयमा यहाँको आर्थिक अवस्था निकै कमजोर थियो । कमाई गर्न भारतको कालापाहार, खैरा , वनकस कान्ट जान्थे । समाजमा नगण्य मानिसहरू लाहुरे भएका थिए । कतिपय मानिसहरू नेपाली सेना र प्रहरीमा पनि भर्ती भएका थिए । उत्तम खेती, मध्यम व्यापार, कमसल नोकरी भन्ने उखान समाजमा व्याप्त थियो । त्यसैले पनि नाकरी खान सामाजिक प्रोत्साहन मिलेको थिएन । गाई, भैँसी, भेडाबाखा पाल्नु, खेतीपाती गर्नु आम्दानीको मुख्य स्रोत थियो । विभिन्न जात्रा, मेलापर्वमा नाटक, प्रहसन, नृत्यहरू प्रदर्शन गर्ने गरिन्थ्यो । समाजको बाटाघाटा, पानी पँधेरो, पिरोहाल्ने थलो, चौतारा, पाटीपौवा जस्ता सार्वजनिक स्थललाई वर्षको कम्तीमा एकपटक व्यवस्थित र मर्मत गर्न हरेक घरले आवश्यकता अनुसारको श्रमदान गर्नुपर्थ्यो । साविकको गर्पा गा.वि.स. चोयाचेत्रोको सिपका लागि सल्यानमै प्रसिद्ध स्थल हो । यहाँका छिटनी, डोको, थुन्से, डालो, नाङ्लो लगायतका सामग्रीहरू राम्रा हुन्थे । वि.सं. २०७२ को संविधानल नेपाललाई धर्मनिरपेक्ष बनाइसकेपछि हिन्दु, बौद्ध धर्म लगायत क्रिश्चियन र मुस्लिम धर्म मान्ने मानिसहरू पनि छन् । क्रिश्चियनका चर्चहरू पनि रहेका छन् ।


वि.सं. २०२५/२६ मा राप्ती राजमार्गको सर्वे गरी २०२६/२७ बाट यस सडकको निर्माण हुन थालेपछि यहाँको जनजीवनमा चौतर्फी फेरबदल भयो । राप्ती राजमार्गले निरन्तरता प्राप्त गरिसकेपछि २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापना पछि सामाजिक जागरण बढेसँग यस क्षेत्रमा उत्पादनका विभिन्न कृषि उपज वस्तुहरू उत्पादन गर्न प्रेरणा दिने काम विभिन्न सङ्घसंस्थाहरूबाट भयो । उत्पादित वस्तुहरूलाई सहज रूपमा बजारसम्म पुऱ्याउने राप्तीराजमार्ग एउटा कोशेढुङ्गा भएपछि यस क्षेत्रका मानिसहरू कृषिको गुजारा प्रणाली खेतीबाट व्यावसायिक खेतीमा परिणत हुनका लागि प्रेरणा मिल्यो ।

**३.१ भाषा**

१३औँ शताब्दीको सुरूवात भन्दा पहिले हालको कपुरकोट गाउँपालिकाका टोलबस्तीमा अठार मगरात राज्यको प्रभाव रहेको थियो । त्यसो भएको हुँदा बोलचालको भाषा पनि अठार मगरातको खाम भाषा नै रहेको थियो । जुन भाषाको लिपिका सन्दर्भमा विभिन्न विद्वान्का बिच साझा मत बन्न सकेको

छैन, तर पनि अधिकांश अठार मगरातका भाषविद्हरूको भनाइमा खाम भाषाको लिपि सम्भोट लिपि नै हो भन्ने रहेको छ । मगर खाम भाषा भोट बर्मेली अन्तर्गतको हो भन्ने भनाइ रहेको छ । १३औँ शताब्दीमा कर्णाली खस राज्यको यस क्षेत्रमा राजनीति प्रभाव परेपछि संस्कृतबाट विकसित भएर आएको हालको नेपाली भाषा तत्कालीन समयको खसभाषाले प्रभाव जमायो । मगर खाम भाषा लोप भएर बिस्तारै हालको नेपाली भाषामा मानिसहरू बोलचाल गर्न थाले । सरकारी कामकाजहरू यही भाषामा हुन थाल्यो । यस क्षेत्रमा दुई वटा भाषाहरू चलनचल्तीमा रहेको प्रमाणित हुन्छ ।

अठार मगरातमा बोलचाल हुने खाम भाषा हाललाई यस पालिकामा पूर्ण रूपमा लोप भएको छ । अठार मगरातमा बोलिने खाम भाषाको लिपि साम्भोट लिपि हो भन्ने भनाइ छ । यो लिपि निम्न अनुसार छ :




## कपुरकोट पालिकाभित्र अठार मगरातको खाम भाषाबाट रहेका ठाउँका नामहरू :

हरेक मानिस समाजमा जन्मन्छ, समाजमा हुर्कन्छ, समाजमा केही गर्छ र समाजमै मर्छ । मानिसका आआफ्नै विशेषताहरू हुन्छन् भने समाजको पनि विभिन्न समयका कालखण्डकमा सामाजिक चेतना, प्राकृतिक वातावरणका



आधारमा विभिन्न विशेषता देखा पर्न थाल्दछन् । हरेक मानिसको जीवन परिवर्तनशील भए झैँ समाज पनि हरेक समयमा परिवर्तन हुँदै गइरहेको हुन्छ । व्यक्ति, परिवार, समुदाय हुँदै समाजको निर्माण हुन्छ । समाज मानिसहरूको सम्बन्ध र सञ्जालको एकीकृत बृहत् रूप हो । त्यसैले मानिस समाजको एकीकृत बृहत् रूपभित्रको पहिलो आधार र महत्त्वपूर्ण सामाजिक एकाइ हो । यसका गतिविधिले सामाजिक संरचनालाई प्रभाव पारेको हुन्छ । मानिसका क्रियाकलपा र सामाजिक चलहरू समाज भइ नै रहन्छन्, तर कुनै कुनै क्रियाकलाप र सामाजिक चलहरू सामाजिक मान्यताका रूपमा अगाडि आउँछन् र ऐतिहासिक बन्छन् । स्थानका नामहरू पनि मानिसले भोगेदेखेका महसुस गरेका आधारमा तय हुन्छन् । जहाँ मानिस र समाज हुँदैन वा उसको प्रभाव रहेको हुँदैन त्यस्ता निर्जन स्थानमा ठाउँको नाम पनि हुँदैन । वस्तुको नाम पनि हुँदैन । यी ठाउँ र वस्तुको नामहरू रहनुमा सामाजिक मान्यता प्राप्त हुनु पर्छ र सबैले बोल्ने, सबैले चिन्न सक्ने आधार तयार हुनुपर्छ ।

कुनै कुनै ठाउँ र वस्तुको नाम समय कालखण्ड, घटना, भाषिक अपभ्रंशका आधारमा परिवर्तन हुने गर्छन् । कुनै नामहरू लोप हुन्छन् र नयाँ कायम हुन्छन् । जसरी व्यक्तिलाई चिनाउन नाम राख्ने गरिन्छ त्यसैगरी स्थान र वस्तुलाई चिनाउन पनि नाम राख्ने गरिन्छ । नाम राख्ने क्रममा समाजमा कुन भाषा बोलचालको माध्यम हुन्छ त्यस कुराले प्रभाव पारेको हुन्छ । त्यही भाषाका आधारमा वस्तुको अवस्था, गुन, समय र घटनालाई प्रतिबिम्बित गर्दै नामहरू रहने गर्छन् । बोलचालमा आएका भाषाद्वारा त्यस्ता वस्तुहरू वा स्थानको नाम राख्ने गरिन्छ । यस क्षेत्र पनि अठारमगरातको प्रभाव क्षेत्र भएको हुनाले तत्कालीन समयमा बोलिने मगर खाम भाषाबाट रहेका त्यस्ता ठाउँहरूको नाम निम्न अनुसार रहेका छन् :

## कपुरकोट गाउँपालिकाभित्रका अठार मगरातमा बोलिने मगर खाम भाषाबाट रहेका ठाउँहरूको नाम र तिनको नेपालीमा अर्थ

| वडा नं. | खाम भाषाको शब्द | अपभ्रंश भएर आएको शब्द | नेपाली भाषामा अर्थ |
|---|---|---|---|
| १ | गैरीवाङ |  | पानी पत्ता लिएर नजाने चौर |
|  | उनवाङ |  | चिन्नो आकारको चौर |
|  | लाप् |  | बाघ बस्ने ओढार |
|  | ढारवाङ |  | पहिरोको रेला खसेको चौर |
|  | ओलाङे |  | फूलमा बस्ने दवता |
| २ | झिम्मन |  | घर जस्तो टापु वा घर जस्तो थुम्को |
|  | ढन्ठाना |  | घना बोटहरु, बाक्लै खरघाँस, बाक्लो बोटविरुवा भएको स्थान |
|  | गार्पा | गर्पा | दरार परेको, सागर परेको तलको बस्ती |
|  | भकम |  | कमलो मकै उधारेर कुटेर पकाई खाएको |
|  | रुम्टी |  | अन्तिम परेको, निखारिँदै गएको, सुकेर गएको |
|  | सिबाङ |  | ओराले ओराले परेको, मरे मरेको चौर |
|  | दाङवाङ | दानवाङ | सल्ला भएको समथर चौर |
| ३ | खुङ |  | खरि भएको ठाउँ |
|  | काभुरकोट | कपुरकोट | कुकुर राखेको, कुकुर बाँधेको, कुकुर झम्टेको, कुकुर भुकेको स्थान |
|  | घाने | घाङे | जलेको वा आगो लागेको पाखो |

| वडा नं. | खाम भाषाको शब्द | अपभ्रंश भएर आएको शब्द | नेपाली भाषामा अर्थ |
|---|---|---|---|
| | मङरा | | सफा पानीको मुहान भएको ठाउँ वा व्यवस्थित कुवा |
| | गौजे | | अफ्ठेरो, अखत्ता परेको, उकालो उकालो खालको स्थान |
| | सोलावाङ | | सुरक्षित गरिएको चौर |
| ४ | धङवाङ | धनबाङ | तिघ्राजस्तो ठाडो लेकमुनिको चौर |
| | चुङवाङ | चुनमाङ | पिर्काजस्तो चौर |
| | दवाङ | | दह भएको चौर |
| | लैसे | | पायक परेको ठाउँ |
| ५ | रिमा | रिम | पानी पत्तालिएको, पानी हराएको ठाउँ |
| | सिर्वाङ | | सबैभन्दा माथिको चौर |
| | लोवाङ | लवाङ | चौया, चेत्रो भिजाउने पानी भएको खोल्सी वा चौर |
| | गर्ज्याम | | वस्तुको आवाज वा कराउँदा उस्तै आवाज आउने प्रतिध्वनि हुने ठाउँ |
| | पाङ्ग्राङ | पाङ्राङ | बाखाले खाने एक प्रकारको डाले घाँसको बिरुवा |
| | च्याले | | बगेको माटो, हिलो हिलो परेको ठाउँ, बगेको माटो थुप्रिएको ठाउँ |

| वडा नं. | खाम भाषाको शब्द | अपभ्रंश भएर आएको शब्द | नेपाली भाषामा अर्थ |
|---|---|---|---|
| ६ | ज्योलवाङ | जलवाङ | पानी जाग्ने, सिम जाग्ने सिमसार भएको चौर |
| | सिङवाङ | सिनवाङ | काठ वा जङ्गल प्रसस्त भएको चौर |
| | दवाङ | | दह भएको चौर |
| | डिवाङ | | तिमिलो भएको चौर |
| | ढोरवाङ | | रेलो खसेको चौर |
| | भाङ्ग | | अलग अलग चिनो गराएको, सीमाना छुट्याइएको |
| | भिङ्गारे | | डोको बिन्ने पाखो ठाउँ |
| | ज्युला | | धान |
| | डाङ्ग्री | | सोझो खोल्सी छेउको मूल, सानो चौर छेउको मूल, सल्लेरी टाढाको मूल |

## अठार मगरातमा बोलिने खाम भाषाका बोलचाली शब्दहरू

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| मारूम नङ्मी कोथा चाबई दोजे । | भाउजू मेरो कोठा राम्रै छ । |
| नङ्मी कोथा मचाव दोजे | तपाईँको कोठा नराम्रो छ । |
| पसि कईत दोजे त | बरानी कता छ । |
| कराउ पसि माले हईद | कता बरानी छ भन्नुभयो ? |
| चारपाई ए मेल दोजे च्या | खाटको तल छ हेर । |
| हँ मेल ई दोजे | हँ तलै छ । |
| मेलई दोजे त कोथा चाबई जईके | तल छ त कोठा राम्रो गरा । |
| कोथा चावई ताके क्वाँ माले | कोठा राम्रो भो कपडा छैन । |
| रोत कई त जयार | माथि कता छन् । |
| रोत जुईङ् ला जयार | माथि डोरी मा छन् । |
| दोजे दोजे ङले च्यात्र | छ छ मैले देखेँ । |
| तईताने चावई रोपि सेप | ओछ्यान राम्ररी लगाई सुत । |
| चावई त सेप्ने छेरो दोजे | राम्ररी त सुत्ने चिसो छ । |
| छोरो दोजेत मेलने क्वाँ लईसा लैजा | चिसो छ त तलबाट कपडा |
| मेले क्वाँ मचावो दोजे | तलको कपडा नराम्रो छ । |
| मेल मचावो दोजेत रोतनी लईसा लईजा | तल नराम्रो छ माथिबाट |
| ताके ताके मारूम चावोई ताके | भो भो भाउजू राम्रै भयो । |

*स्रोत : मगर भाषा बोलचाल शब्दावली, लेखक पूर्ण बहादुर बुढा ।*



## अठार मगरातमा बोलिने खाम भाषका अङ्कहरू

| नेपाली भाषा (देवनागरी) | मगर भाषा | नेपाली भाषा (देवनागरी) | मगर भाषा | नेपाली भाषा (देवनागरी) | मगर भाषा | नेपाली भाषा (देवनागरी) | मगर भाषा |
|---|---|---|---|---|---|---|---|
| १ | त | २६ | नेजोर लम | ५१ | ङँजोर त | ७६ | चमजोर लम |
| २ | ने | २७ | नेजोर चम | ५२ | ङँजोर ने | ७७ | चमजोर चम |
| ३ | साँ | २८ | नेजार ताँङँ | ५३ | ङँजोर साँ | ७८ | चमजोर ताँङँ |
| ४ | जी | २९ | नेजोर नाँङँ | ५४ | ङँजोर जि | ७९ | चमजोर नाँङँ |
| ५ | ङँ | ३० | साँङँ जोर | ५५ | ङँजोर ङँ | ८० | ताङँजोर |
| ६ | लम | ३१ | साँङँ जोर त | ५६ | ङँजोर लम | ८१ | ताङँजोर त |
| ७ | चम | ३२ | साँङँ जोर ने | ५७ | ङँजोर चम | ८२ | ताङँजोर ने |
| ८ | ताँङँ | ३३ | साँङँ जोर साँ | ५८ | ङँजोर ताँङँ | ८३ | ताङँजोर साँ |
| ९ | नाँङँ | ३४ | साँङँ जोर जि | ५९ | ङँजोर नाँङँ | ८४ | ताङँजोर जि |
| १० | जोर | ३५ | साँङँ जोर ङँ | ६० | लमजोर | ८५ | ताङँजोर ङँ |
| ११ | जोर त | ३६ | साँङँ जोर लम | ६१ | लमजोर त | ८६ | ताङँजोर लम |
| १२ | जोर ने | ३७ | साँङँ जोर चम | ६२ | लमजोर ने | ८७ | ताङँजोर चम |
| १३ | जोर साँ | ३८ | साँङँ जोर ताँङँ | ६३ | लमजोर साँ | ८८ | ताङँजोर ताँङँ |
| १४ | जोर जि | ३९ | साँङँ जोर नाँङा | ६४ | लमजोर जि | ८९ | ताङँजोर नाँङँ |
| १५ | जोर ङँ | ४० | जिजोर | ६५ | लमजोर ङँ | ९० | नाँङँजो |
| १६ | जोर लम | ४१ | जिजोर त | ६६ | लमजोर लम | ९१ | नाँङँजो त |
| १७ | जोर चम | ४२ | जिजोर ने | ६७ | लमजोर चम | ९२ | नाँङँजो ने |
| १८ | जोर ताँङ | ४३ | जिजोर साँ | ६८ | लमजोर ताँङँ | ९३ | नाँङँजो साँ |
| १९ | जोर नाँङँ | ४४ | जिजोर जि | ६९ | लमजोर नाँङा | ९४ | नाँङँजो जि |
| २० | नेजोर | ४५ | जिजोर ङँ | ७० | चमजोर | ९५ | नाँङँजो ङँ |
| २१ | नेजोर त | ४६ | जिजोर लम | ७१ | चमजोर त | ९६ | नाँङँजो लम |
| २२ | नेजोर ने | ४७ | जिजोर चम | ७२ | चमजोर ने | ९७ | नाँङँजो चम |
| २३ | नेजोर साँ | ४८ | जिजोर ताँङँ | ७३ | चमजोर साँ | ९८ | नाँङँजो ताँङँ |
| २४ | नेजोर जि | ४९ | जिजोर नाँङँ | ७४ | चमजोर जि | ९९ | नाँङँजो नाँङँ |
| २५ | नेजोर ङँ | ५० | ङँजोर | ७५ | चमजोर ङँ | १०० | लोम |

*स्रोत : मगर भाषा बोलचाल शब्दावली, लेखक पूर्ण बहादुर बुढा ।*

### ३.२ संस्कृति

संस्कृतिको शाब्दिक अर्थ निखुट, परिस्कृत, चम्किलो वा उज्यालो भन्ने हुन्छ । कुनै जाति, समाज, राष्ट्रको राजनीति, अर्थव्यवस्था, चेतनाको प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास, विश्वासमा प्रकट हुने क्रियाकलापको परिस्कृत एकीकृत रूप हो । अर्को शब्दमा भन्नुपर्दा कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूपको पहिचान दिलाउने कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शनको अभौतिक र भौतिक रूपमा प्रदर्शित हुने मूल्य परम्पराको समिष्टी नाम संस्कृति हो । कपुरकोट गाउँपालिका मिश्रित जातजातिको बसोबास गर्ने थलो हो । यहाँ विगतदेखि सबैमा सहिष्णु, सद्भाव, समुदायको एकत्व र आपसी भाइचारा बिचको सहयोगी भावना समाजमा सञ्चालन हुँदै आएको देखिन्छ । एक जातिका निजि रीतिरिवाज र चालचलन तथा विश्वासलाई सजिलै रूपमा ग्रहण गर्ने सामाजिक सामर्थ्य बनाएको पाइन्छ । विगतका

समयमा जातीय विभेद बढी भएपनि हाल जातीय विभेदका विरूद्ध कानुन निर्माण भएदेखि त्यस्तो विभेदको अवस्था देखिँदैन । कपुरकोट गाउँपालिकामा चलिआएका पुराना संस्कृतिहरूमध्ये कुनै लोप भएर गएका छन् भने कुनै निरन्तर रूपमा चल्दै आएका छन् । त्यसैले कपुरकोटको संस्कृतिलाई अध्ययन गर्न दुई भागमा विभाजन गर्न सकिन्छ :

### ३.२.१ कपुरकोटको लोप भएर गएको संस्कृति

विगतदेखि हालसम्म आइपुग्दा केही लोप भएका गइसकेका संसकृतिहरू यस प्रकार छन् :

### क) झ्याउ्ग

झ्याउ्ग शब्द अठार मगरात भाषाको खाम भाषाबाट आएको शब्द हो । जसको अर्थ हुन्छ अल्झाउनु, अट्काउनु, बुद्धि र ज्ञानको परीक्षण गर्नु । साहित्यभित्रको लोकसाहित्य झ्याउ्ग आज नयाँजस्तो लागेपनि विगतमा यस ठाउँको असाध्यै लोकप्रिय लोक संस्कृति मानिन्थ्यो । झ्याउ्ग सुरू कहिले देखि प्रचलनमा आयो भन्ने सन्दर्भ त्यतिधेरै प्रष्ट नभए पनि मानिसहरूले लयबद्ध रूपमा जतिखेरबाट मौलिक भाषामा गाउन र बोल्न सुरू गरे त्यतिखेरैबाट यसको उत्पत्ति र विकास भएको मानिन्छ । प्राचीन कालमा सुरू भई मध्यकालमा यसको उत्कृष्ट विकास भएको र आधुनिककालको सुरूवाती समयमा यस आठहजारी क्षेत्रमा राम्रो प्रभाव रहेको देखिन्छ ।

वि.सं. १८६९ मा काठमाडौँबाट सल्यानको प्रमुख प्रशासकीय रूपमा आएका रूद्रवीर शाहीले साविक रिम गा.वि.स.को वार्ड नं. २ मा पर्ने न्याले भन्ने स्थानमा पौवा निर्माण गर्ने क्रममा वरपरका टोलबस्तीबाट झ्याउ्गका पारखीहरूलाई बोलाएर डम्फु, मादल, मुर्चुङ्गा र सारङ्गीको धुनमा गीत गाउन लगाउने र जित्नेलाई पुरस्कृत गर्ने गरेको कुरा बुढापाखाहरूबाट सुन्न पाइन्छ ।

सुरूमा झ्याउ्गहरू खाम भाषामा गाइने गरिन्थ्यो । पछि कर्णाली खस राज्यको प्रभाव परेपछि खस भाषामा गाउन थालियो । आजभन्दा २१० वर्ष अगाडि प्रचलनमा रहेको झ्याउ्ग गीत बिस्तारै लोप हुन पुग्यो । ठाडी भाकाको गीतमा दोहोरी गाउनु भन्दा पहिले मानिसहरूले मेलाजात्रा पूजाआजा विभिन्न उत्सवमा झ्याउ्ग गीत नै गाउने गर्दथे । तर पछि बिस्तारै झ्याउ्ग गीतका सट्टा ठाडी भाकामा गीत गाउन सुरू गर्न थाले । नेपाली साहित्यको वाङ्मयमा यति प्रचलित झ्याउ्ग गीत आज कुन चरीको नाम हो भन्ने भएको



छ । हामी अझ यति पछि छौँ हाम्रा बहुमूल्य साहित्य र संस्कृतिहरूले दुनियाँलाई छक पार्ने खालका साहित्यलाई बेवास्ता गरी लोप गराएका छौँ । अरूको नक्कल गर्दै बाह्य संस्कृति भित्र्याउन थालेका छौँ । झ्याउ्गमा लोकसंस्कृतिले मानव जीवनमा घट्ने घटना, प्राकृतिक घटना, प्राकृतिक वस्तु, जीवनमा उपयोग हुने विभिन्न वस्तु, जीवन सञ्चालनका क्रियाकलाप, जीवन र जगत् बिचको अन्तरसम्बन्धलाई गीतबाट प्रश्न गर्ने र उत्तर दिने बौद्धिक कला भएकाहरूले गाउने जसले सुन्ने र हेर्ने मान्छेलाई तीनछक पार्न सक्छ । त्यसैले लोक साहित्यभित्रको उत्कृष्ट साहित्य हो ।

जसरी चिनिया प्रोफेसर हुले भनेका छन्, "नेपाल सुनको कचौरामा भिक माग्दै गरेको छ ।" ठिक त्यस्तै गरी नेपाली साहित्य वाङ्मयमा हाम्रो हिरामोती गुमाएका छौँ । यस्तो चिजको खोजी पनि गर्दैनौँ । खोजी गर्न ल्याएकालाई मतलब पनि गर्दैनौँ । यति महत्त्वपूर्ण सांस्कृतिक धनलाई गुमाएर कङ्गाल बन्दै छौँ । झ्याउ्ग गीत गाउन दोहोरी गीत गाएको जस्तो सजिलो छैन । ठाडी भाकामा गाउनुपर्ने, गाउँदा ठाडी भाकामा तन्काई स्वर लामो गराउनुपर्ने, छिट्टै प्रश्न बनाउनु पर्ने, छिट्टै उत्तर दिनुपर्ने भएकाले असाधारण बौद्धिक कला भएकाले मात्रै गाउन सक्छन् । झ्याउ्ग गीतका केही नमुनाहरू :

प्रश्नः गर्पाको सिले खोला कति राम्रो धान
खाँदा थाहा नैर पाउने क्या हो रङ्गी जान ?

उत्तरः लेकैभरि लालीगुराँस काँस फुल्यो खोला
खाँदा थाहा नैर पाउने हिरण खाको होला ।

प्रश्नः खाली लेक काले गाउँ चरी बास्यो न्याव
सानो छन्जी धोती लाउने ठुलोमा फाल्ने क्या हो ?

उत्तरः उर्ली आयो दाङ भन्छन् बागर बबई खोला
ठुलो हुँदा धोती फाल्ने बाँसको गोला होला ।

प्रश्नः लिङ्दुङ र छाप जिउली झप्की फल्यो धान
आफ्नो आची आफै पुर्ने क्या हो साइले जान ।

उत्तरः ऐरापति ठुलो भयो थुन्न्यो सौँरी खोला
आफ्नो आची आफै पुर्ने बिरालो त होला ।

## ख) कठौरा

विगतको मानव समाज हालको जस्तो सहजै एकअर्कामा सोझै कुरा गर्न सक्ने अवस्थामा थिएनन् । आफ्ना मनका कुरा भन्नुपर्दा वा सुनाउँदा अरूको राय बुझ्नुपर्दा सोझै कुरा गर्नेसम्मको अवस्था थिएन । त्यसमा पनि केटा र केटीहरूको बिचमा सिधा कुरा कमै हुन्थे । एउटा विषय उठान र बैठान गर्दा अनेक मनोरञ्जनपूर्ण भाव र अनेक विषयवस्तुको प्रदर्शन गर्दै भन्न खोजेको कुरामा गैपुग्न निकै रसरङ्गका शब्द राग र अनुप्रास मिलाएर बताउने गरिन्थ्यो । अहिलेको जस्तो केटाकेटी एक्लै घुम्ना जाने र सञ्चार यातायात हालको जस्तो स्वतन्त्रता र चेतना पनि थिएन । अहिलेको जस्तो स्वास्थ्य क्षेत्रको जानकारी, स्वास्थ्य सामग्रीहरू निर्माण पनि भएका थिएनन् । मानिसको दया, माया, दुख, कष्ट, जन्म, मरण, आँसुहरू, प्राकृतिक सङ्घर्ष, साथ, सहयोग, मिलन, विछोड जस्ता जीवनका हरेक घटनामा संलग्न हुन त्यतिखेर पनि अपरीहार्य नै थियो । त्यसैले आफ्ना कुरा राख्न, केही कुरा भन्न गीत गाउँदा वाद्यवादन सामग्री आवश्यक पर्ने हुन्थ्यो । विना वाद्यवादन आफ्ना कुरा लोकछन्दमा राख्ने विकासको क्रमसँगै यस विधाको विकास भएको मानिन्छ । यो कहिलेदेखि सुरू भयो भन्ने सन्दर्भमा यो पनि भाषा सुरूवात भइसकेपछि र आफ्ना भावना व्यक्त गर्ने क्रममा सुरू भयो भन्ने भनाइ छ । यसको विकास पनि विभिन्न समाज भूगोल विशेषताका आधारमा भएको देखिन्छ । कठहुता भन्ने शब्द मगर भाषाको खाम भाषाबाट आएको हो । कठहुताको अर्थ हुन्छ परको माया गर्ने पारीको माया लाग्दो मान्छे । सुरू सुरूमा वनपाता तलमाथि वारि पारि हुने समयमा टाढैबाट एकअर्काप्रति उठेको प्रेम भावनालाई लोकलयमा प्रस्तुत गरियो । पछि आएर केटाकेटी बिचमा ठेगान राखेर समूहगत रूपमा अभिव्यक्ति गर्न थालियो । त्यसपछि केटाकेटीबिच एक्लाएक्लै पनि मनका भावना साट्न थालियो ।

कठहुताबाट अपभ्रंश भएर कठौता, कठौताबाट अपभ्रंश भएर कठौर हुँदै आएको शब्द हो । कठौरा पहिले लामो गराएर भन्ने चलन थियो । पछि आएर छोठा शब्दमा अनुप्रास मिलाएर भन्न थालियो । आजभोलि यी कठौरा लोप भएर गएको छ । लोकसाहित्यभित्रको जीवनको जसरी मुटुको भाग हो त्यसैगरी यो लोकसाहित्यको धड्कन हो । यसलाई वाद्यवादन बजाएर गाउने गरेमा सङ्गीत बन्न पुग्दछ तर विना वाद्यवादन लयबद्ध रूपमा गाएमा कठौरा हो ।



*सुरूका लामा कठौरा :*

उधै जाने कोइलाबासे उभै जाने नुने
बाँचे रहे भेट होइजाउँला मरे खबर सुने ।
दाङ होकी देउखुरीमा हटारूको ताँती
छुटने फाटने बेला नरोई बसे साथी ।
मासु मिठो के को हुन्छ स्याले खरायो को
पाँच रूप्पे दण्ड तिर ठेगान हराएको ।

*छोटा कठौरा :*

केटाः कालो धन वनकस काट्ने मन
फिनीकुट्टी गरौँ के छ विचार भन ।
केटीः ठुला ठुला ताउला भतेर भात खाउला
के कुरा गरेको तिमी उखरमाउला ।

यसरी छोटो रूपमा छिटो भन्दै जाने क्रममा साहित्य भावना र त्यसभित्रको संवेदनशीलता कमजोर बन्दै गयो र प्रत्यक्ष रूपमा ठाडो रूप ग्रहण गऱ्यो । मानिसले आफ्नो कुरा गरेको झैँ हुने भयो । आजभोलि हाम्रो यस क्षेत्रमा कठौरा पुरै लोप भएको गएको छ । पुराना केही मानिससँग एक दुई वटा श्लोकहरू छन् । ती पनि भन्ने कहाँ । सुन्ने कसले । यसरी लोकसाहित्यको मुल मुटु हाम्रो मुख्य सम्पत्ती लोप भएर गएको छ । अब लोक साहित्यका पारखीहरूले यसलाई पुनर्जीवित गर्न र जनमानसको मुख मुखमा मुखारित गराउन आवश्यक छ ।

केही कठौराहरू यस प्रकार छन् :

केटीः तिमी पारि म छु वारि बिचमा घट्टे खोला
जोली हाँस बन्ने भेट लप्को कहाँ होला ।
केटाः गोठालाले बाट्यो भन्छन् मालुपट्टो दाम्ला
फुलिरहेस् कोइराल फूल एकदिन टिपी खाम्ला ।
केटीः हटारूको डोको ढल्यो नुन जहाँतहाँ
मनले हुन्छ राजा हुने पुगी आउँछ कहाँ ।
केटाः खाँदा मिठो लालै पाक्यो खरेटीको तिम्ला
अटल भई बसेस् डोइली एकदिन भेट हुम्ला ।

परौसी : गरी बटौली
वारी खसौली
एउटा डोक राख्नु दिदि कति घटौली ।
घरवेटी : काम पनि छैन
दाम पनि छैन
कर धेरै नगर डोको राख्न सक्दैन ।
परौसी : पानी पनी बोकौले
दाउरा पनि बोकौले
घरानाको मानिस पऱ्यौ कति घटौले ।
घरवेटी : वन पाता जान्न
पानी पनि ल्यान्न
तल्लाघर जाऊ पल्ला घर जाऊ उतै, यहाँ हुन्न ।
परौसी : पैसा खेर गैजाला
छोराले बहु ल्याइदेला
दशै औँली विन्ति छ मगिया खाइदेल ।
घरवेटी : दाउरा चिरी भुसे
नलगाऊ भेजो
अन्न पनि छैन दाम पनि छैन राख्नलाई मेसो ।
परौसी : परैँ म चरण
ठुलो ठुलो घराना
यति ठुलो मानिसले कुरा गऱ्यौ सरम ।
घरवेटी : दिन दिनै आउँछन्
तिम्ले जस्तै भन्छन्
उता पारी हेर डोका डाला सस्तै छन् ।
परौसी : धरानाको घर
सवै पर्छन भर
घर खाने छैन अलपत्र नपार ।
घरवेटी : बरू मकै गोरौले
खेतमा धान रोपौले
डोको फिर्ता लैजाऊ अन्न पात लैजाउले ।
परौसी : घर बुढा हान्लान्



बेच्न नसक्ने भन्लान्
मेरो दुःख देख दिदै सन्तानरू फल्लान् ।
घरवेटी : आगो बाल्ने भुरा
कुरा सुन्ने बुरा
घरै भरी डोका छन् यिनी हुन कुरा ।
परौसी : सगर अन्न मन्न
बार बेऱ्यो वन्न
गाग्रीमा एक थोपा पानी नअटाउने हुन्न ।
घरवेटी : मेला गयो मोख्ला
उपैयाँ टोकी ओख्ला
घरभरि डोका छन् विना कामै कोराख्ला ।
परौसी : तिउरीको होकी मिन्दी
नगरन हिन्ती
मनकारी हौ दिदै राख गर्छु विन्ती ।
घरवेटी : भूत जस्तो लाग्ने
कत्ति न थाक्ने
कामै छैन डोकोको विना कामै के राख्ने ।
परौसी : मुलको पानी जाक्छ
काफल गेडी पाक्छ
वस्तु हो घरको कैले काम लाग्छ ।
घरवेटी : भोकाले छाक टाऱ्यो
कटुवालले हाक पाऱ्यो
परौसी यो बैनीले मरिहत्ते के गऱ्यो ।
परौसी : गढी चार किल्ला
पुन्य पनि मिल्ला
राख दिदै राख नगर है ढिल्ला ।
घरवेटी : घर हाल्ने आँटी
बास बस्ने ठाँटी
मन पनि कउल्याई दिनी तिमी कति बाठी ।
परौसी : भुरा भुरी पाल्नु छ
साना तिनो काल्नो छ

नगरेर के गर्ने पेटमा ढिडो हाल्नु छ ।

घरबेटी : बारीको साग दिम्ला
ढिकको दाक दिम्ला
चारमाना मकैको एउटा डोको राखी दिम्ला ।।

केटाः ककड खान दिन्छ्यौ कि होइन छैन भन्छ्यौ कि
आज ग्वाला जान्छ्यौ कि काफल टिपी ल्याउँछ्यौ कि ।

केटीः लुरूफुरू नगर जाऊ आफ्नो घर
ककड पनि छैन ग्वाला पनि जाँदैन ।

केटाः बोली पनि अमिलो मुख पनि धमिलो
बुढीकन्या बस्यौली अनि पछि थापाउली ।

केटीः रोटी हाल्ने साँचो तिम्लाई के को खाँचो
बारीमा भन्टा नगर यो टन्टा ।

केटाः बाजा पहर रसाउने बैँस किन बिसाउने
यस्तो राम्रो यौवन होइन छैन नभन ।

केटीः गाई लाग्यो भिर केको मान्छ्यौ पिर
अरू कोइलाई खोज नलगाऊ झोज ।

केटाः देशभरि खोजेको मनले रोजेको
साइपाटो गर्नौं होइन छैन नभनौं ।

केटीः बाजा पहर हल्लिन्न गल्ले पनि चलिन्न
पाइतीसार अर्को ठाउँ जुरूक्क उठिजाऊ ।

केटाः खेत रोप्ने गैरीमा बसिगएँ मैरीमा
उठ्न पनि उठ्दैन नलगेर छोड्दैन ।

केटीः काम हुन्न फत्ते नगर मरिहत्ते
खोली पनि सुक्दैन माछा पनि मर्दैन ।

केटाः अर्दकाट्यो कर्दैले छोड्दैन मर्दैले
कि लान्छ मनाएर कि लान्छ तानेर ।

केटीः फूलेको तोरी हो ज्यैबाको छोरी हो
अर्कोको माथ हात हाल्ने आँट ?

केटाः फुलको रनवन भँवरा घुम्छ भन भन
भात पाक्ने ताउली कस्ताको जाउली ?



केटीः दुध दुने गाईको आड छ दाइभाइको
रेल चलाउने साँचो जस्ताको जाउँ म तिम्लाई केको खाँचो ।

केटाः घरवाली बनाम्ला मोहनी लगाम्ला
त्यति टाढाबाट आई त्यसै कहाँ छोडम्ला ।

केटीः बाखा बाँध्ने दाम्लो सिरमा नाम्लो
महादेव अर्के छ नगर भो भाम्लो ।

केटाः दुई मानोको ताउली खोलेनी खाउली
सिँदुर गाजल लगाउली पार्वती हौली ।

केटीः खेत भयो बगर पानी आन्न सगर
अन्त गई निदान गर मेरो त भरै नपर ।

केटाः खेत उगाऱ्यो खनेर तिउन खाउली झानेर
फाटिजाला मान्नमी मेरा कुरा सुनेर ।

केटीः घसेट्टाको ढेर गाईलाई बारबेर
हुँदै हुन्न यो काम समय फाल्छौ बेकार ।

केटाः खान्न भन्नेले खत्याउँछ हुन्न भन्नेले पत्याउँछ
दिन्न भन्नेले यहाँ आफै सत्याउँछ ।

केटीः दुध लाग्यो तर यो कुरा नगर
सिमसिमे पानीले भिज्दैन बाजा पहरा ।

केटाः पात सानो पिर्रेको के छ र यहाँ विर्रेको
फल पल्यो छाँगामा चरी यहाँ नखाएर जान्न हाँगामा ।

केटीः सासल्यले सताउला दशनेटी कटाउला
मरिहत्ते के गर्छ्यौ अनि पछि थापाउला ।

केटाः गाई झऱ्यो गोगन, धर्ती जस्तो थेगन
जस्तोसुकै अप्ठेरो नि म छु भोगन ।

केटीः पानी सिमसिम, थैलो टामटिम
बोल्या जस्तो हुन्न हौला पछि खिन्न ।

केटाः बोक्छु तनतन पिस्छु घनघन
काँ खेर गैजाला मर्दको वचन ।

केटीः घरभरि हुन्न अन्न छ टन्न
वचनको पक्का हुँ हुन्न भने हुन्न ।

### ग) फाँक गीत

फाँक गीत अठार मगरातको खाम भाषाको फाङ्कबाट अपभ्रंश हुँदै फाँक भएको हो जसको शाब्दिक अर्थ छुट्ने, फाट्ने, समापन हुन्छ । मेलाजात्रा, हाट, वनपाखा, चाडपर्वमा मानिसहरूको जमघट भई छुट्ने बेला आफन्तजनहरूमा पर्न जाने विछोडको गहिरो मार्मिक भावनालाई प्रस्फुटन गर्न यस्ता गीतहरू गाइने चलन थियो । आजभन्दा झन्डै १३०-१४० वर्ष अगाडि फाँक गीत समाजमा गाउने चलन रहेको थियो । हाल यस किसिमको गीत लोप भएका गएको छ । यस्ता फाँक गीतका केही अंशहरू :

हा.... खोली उभै चर्न लाग्यो लालुमालु गाई
हा.... भन्छु मैले लालुमालु गाई ।
अब हुन्छम् विदाबारी सम्झे हाई हाई
सम्झे हाई हाई ।
तिमी काँको हामी काँको
विदा दाजु भाइ
विदा दाजु भाइ
धौ विर्सनु भैगो मलाई
हा.... सम्झे हाई हाई ।

हा.... बाह्र मासे अमिलो फल्यो टुप्पैमा टोला
हा.... भन्छु मैले टुप्पैमा टोला
टुप्पैमा टोला
घर जाने बेला भयो कसो गर्ने होला
हा.... फेरि पनि भन्छु मैले कसो गर्ने होला ।
हा.... माथि गाई बगालको बल्लै नाम तिरसे
हा.... फेरि पनि भन्छु मैले बल्लै नाम तिरसे
बल्लै नाम तिरसे
अब जान्छौँ घर घर नैर वीरसे
फेरि पनि फकाई भन्छु नैर वीरसे
हा.... नैर वीरसे ।



### घ) सिँगारू नाच

कर्णाली राज्यको प्रभाव हुनुभन्दा पहिले अठार मगरातको स्वायत्त क्षेत्र रहँदा कपुरकोट क्षेत्रमा सिँगारू नाच नाच्ने चलन थियो । यो शुद्ध सामाजिक जीवन र प्रकृतिसँग सम्बन्धित थियो । यसमा आजको जस्तो सोरठी नाचमा मिसिएको आध्यात्मिक र राजारानीप्रति भक्ति भाव देखाउने खालको गीतहरू थिएन । सिँगारू नाचभित्र झुमरा, ख्याली, सतीपारा र दामचाल गरी विभिन्न चरणहरू थिए । ती चरणहरूमध्ये झुमरा नाचमा गाइने केही गीतहरू :

हा.... रिङीघुमी बस्यो भमरा
हा.... रसहरू टिपी महुरीले लग्यो
रोई रोई रिङीघुमी उठ्यो भमरा ।

हा.... वाल्लो डाँडा कुएरी पल्लो डाँडा धुएरी
हा.... धुएरीले छेकेको झुलेमुले घाम
सिरको टोपी पाउ राखेँ चरण कमल परेर
तिमी मेरै बन्छौकी हाई सीताराम ।

हा.... दिउँसोतिर दिन छ रातभरि जून छ
हा.... सिरिरिरी चल्छ बयालु
बोलेपछि थापाउँछन् गाउँघरको मेलामा
इशाराले बोलाऊ मेरी मायालु ।

हा.... हटारूको हाटले चिप्लो भिरको बाटोले
हा.... अप्ठ्यारो भो भारी बोक्नलाई
कस्को धेरै माया छ भन्न पनि नसक्ने
गाह्रो पऱ्यो माया जोख्नलाई ।

### ङ) ज्वरा नृत्य

ज्वरा नृत्य महिलाहरू सहभागी भई वाद्यवादन विना गीतको रागमा मात्र ८-१० जनाले गीत गाई अरू सहभागी सबै महिलाहरू नाच्ने नाच हो । यसमा गाइने गीतहरू कहानीमा आधारित भावुक र मर्माहित हुने खालका हुन्छन् । यसमा विभिन्न चरणहरू छन् । मानचाला चरण, दामचाला चरण, सिकारी चरण, मैतालु चरण, भमरा फूलको चरण आदि । यी चरणहरूमध्ये

मैतालु चरणको गीत यस प्रकार छन् :

हा..... हिँड हिँड सोमा रानी चिम्रो माइत जाने हो
तिम्रो माइत जाउँ भने पगरी कहाँ पाउँ ।
हा..... हिँड हिँड प्यारी रानी तिम्रो माइत जाने हो
तिम्रो माइत जाउँ भने खराउ कहाँ पाउँ ।
हा..... हिँड हिँड मनकी रानी तिम्रो माइत जाने हो
तिम्रो माइत जाउँ भने कछाड कहाँ पाउँ ।

**च) भुमे/भुम्या नाच**

भुमे नाच विशेष गरी मगर समुदायमा नाचिने नाच हो । परापूर्व कालमा हालको रूकुम पूर्वमा रहेको भुमे गाउँपालिकामा बसिरहेका मानिसहरू पानी लिन जाँदा सबै मानिस क्रमशः हराउँदै जाने र फर्की नआउने भएदेखि यो के रहेछ भनी एक जना आरनको काम गर्ने विज्ञ दलित गाउँमा रहेछन् । छलफलको क्रममा कहाँ के भयो भन्दै जाँदा उनले म यसको कारण पत्ता लगाउँछु भने पछि उनले आफ्नो आरनमा ठुलो सनासो बनाई मानिस हराइरहेका ठाउँतिर गई चियाएर बस्न थालेछन् । त्यसैक्रममा भयानक ठुलो सर्पले उनलाई खानलाग्दा उनले आफ्नो कौशलता देखाई सनासोले सर्पको मुन्टामा समाएछन् र भनेछन्, "तिमीले आजसम्म यस गाउँका धेरै मानिसहरूलाई खाएका थियौ । त्यसको बदला तिमीलाई आज दिन म आएको हुँ । त्यसैले तिमी कहीँ फुत्किन पाउने छैनौ ।" भनेपछि सर्पले भन्यो, "मलाई तिमीले छोडिदेऊ । म यो ठाउँको भुम्या हुँ । मलाई बेवास्ता गर्दा तिमीहरूको यस्तो क्षति हुन पुगेको हो । आजदेखि पूजाआजा गऱ्यौ र नाच कीर्तन गऱ्यौ भने यस्तो विपत्ति तिमीहरूमा कहिले आउने छैन । तिमीहरूलाई सुविकाल, शान्ति यस गाउँमा हुने, सबै मानिसहरू सुख शान्तिमा रमाउने छन् र प्रतिभाशाली हुनेछन् ।" भनेपछि सो सर्प लोप भएर गयो । यो खबर गाउँमा तिनी विज्ञ दलितले लिएपछि भुमे पुज्ने र नाचगान गर्ने चलन चलेको भन्ने भनाई छ । कपुरकोट क्षेत्रमा पनि आजभन्दा दुई ढाइसय वर्ष अगाडि भुमे नाच नाच्ने चलन थियो । हाल आएर यो लोप भइसकेको छ ।

भुमे नाच दमाहा, ट्याम्की, झ्याली, ढोलक, नरसिंहा, सहनाइ बजाएर हजारौँ मानिस सामूहिक नाच्न सक्ने नाच हो । यो अत्यन्त आकर्षक र रमाइलो देखिन्थ्यो । प्रकृतिलाई खुसी बनाउन ज्येष्ठ महिनाको मसान्तमा



सुरू गरी असार ३ गतेसम्म भुमे नाच नाच्ने गरिन्थ्यो । प्रकृतिको पूजा आराधना गरी अब आउने हरेक महिना र दिनमा कुनै किसिमको आपत विपत नपरोस्, पशुचौपायाहरू र मानिसहरूको क्षति नहोस्, बालीनाली सप्रियोस्, कमाइकाज फलिफाप रहोस् भनी भुमिलाई पुजी त्यसको उपलक्ष्यमा गरिने नाच भुमे नाच हो । भुमे नाचमा गीतहरू गाइँदैन । तर पहिले पहिले नाच्नुभन्दा पहिले मन्त्र जप्ने गरिन्थ्यो भन्ने भनाई छ ।

**छ) कौडा नृत्य**

यस क्षेत्रमा मध्यकाल र आनुधिककालको प्रारम्भमा प्रसिद्ध रूपमा रहेको कौडा नृत्य हाल आएर पूर्ण रूपले लोप भएर गएको छ । यो सामूहिक रूपमा केटाकेटी, केटी र केटा मात्र भएर नाच्ने नृत्य असाध्यै लोकप्रिया नृत्य हो । हातहाता डम्फू बजाएर मेलापर्व, बिहे, पूजामा नाचिने नाच कौडा नाच हो । केही गीतहरू यस प्रकार छन् :

केटीः आहा... खुकुरी कम्मरै भिरेर मुस्कान दिँदै हिँडेर
शिरमा सेतो ठुलो पगरी ..........सै सै
टाढाबाट देखेको बिचमा खोला छेकेको
आउँ म दाजु त्यहाँ केगरी ।

केटाः आहा.... हँसिया खुर्पेटो भिरेकी मन्द गतिमा हिँडेकी
फर्की हेऱ्यौ यता बोलाई ..........सै सै
नबेसे है टोलाई मन सानो गराई
लिन्छु वारि डुङ्गा चलाई ।

केटीः आहा.... कति जाँगर मानेको धेरै सिप जानेको
यस्तै हो नि मैले रोजेका ..........सै सै
धन्य मेरो तक्दिर कूल देवताको भक्ति र
फेला पारेँ मैले खोजेको ।

केटाः आहा... लक्षिण कुरा जानेकी आइजौ भनी तानेकी
मैले पनि यस्तै खोजेको ..........सै सै
घरको धन्दा टारने बाआमा सेवा गरने
घरमा यस्तै बुहारी खोजेको ।

**ज) ठाडी भाका गीत**

लामो लय हाली गाइने गीत ठाडी भाका गीत हो । यस गीत

मेलापर्व, वनपाखामा, पूजाआजा, बिहेमा केटाकेटीहरूले आफ्नो भावनाहरू मेट्न यस भाकामा दोहोरी पनि गाउने गर्दथे । यो क्षेत्रमा असाध्यै लोकप्रिय गीत थियो हाल लोप भएर गएको छ ।

*साइलोजी ठाडीभाका*

हे... साइलोजी पानी पऱ्यो रिमिझिमी हा.... गलिगयो जिमी
साइलोजी माया लाउने मैत हुँला हा... निर्मायाकी तिमी ।
हे... साइलोजी जुम्ली दाइ जुमला गैगो हा.. जुम्ला गैजानौ र
साइलोजी दर्शन दे पानैको फूल हा... म के लैजानौ र ।
हे... साइलोजी गुवाले दाइ गुवाला गैगो हा.... गुवाले बरियो
साइलोजी दर्शन दे पानैको फूल हा... मायाले मरियो ।
हे... साइलोजी सुन भनेर मुठी पारेँ हा... फुकाएर कौडी
साइलोजी माया भन्नु सानो होइन हा... जुठे हात दौडी ।
हे... साइलोजी बाघ बास्दै बिजौली डाँडा हा... न्याउली बास्दै खोला
साइलोजी साइ हामीले लाको माया हा... नबिर्सनु होला ।
हे... साइलोजी आकाशैमा जुनतारा हा.... राति झलमल
साइलोजी छुटने फाटने बेला हा... आँसु डलबल ।
हे... साइलोजी हाट जाउँला कोइलाबास हा... सुकीधार्नी नुन
साइलोजी एक्लो भएँ बृहस्पति हा... साथ लगाऊ जुन ।
हे... साइलोजी नेपालगन्ज बजारैमा हा... सल्यानी बगिया
साइलोजी रातभर नगाऊ साइले हा.... राखिदेऊ मगिया ।
हे... साइलोजी तिल्क्यानैको लेकमाथि हा... उछट्टे नचाउने
साइलोजी गीतमा जिते मैले लिने हा... कि साइले बसाउने ।
हे... साइलोजी आकाशमा उडिराछ हा... गिद्द हो कि चिल
साइलोजी के साहै मन बस्नगयो हा... पानको फूलमा दिल ।
हे... साइलोजी भाङ्ग्रो ठेट्टो बिन्यो हा... उवाले त किन
साइलोजी मोहनीले तान्यो किन त हा... बिर्सना सकिन ।
हे.... साइलोजी तेल राम्रो सिलङ्गे हा... रोटी राम्रो फापर
साइलोजी काम विशेषले आउन पाइनँ हा... नभनिदेऊ लाँकर ।
हे... साइलोजी छातीभित्र रामलक्ष्मण हा... कलेजीमा तिमी
साइलोजी कस्तो माया बस्न पुग्यो हा... सम्झी लिँदा रूने ।



*हे..ला ला बरै ठाडीभाका*

हे..लाला बरै.. ताछ्यो फरै साइमासो दिने मन छ
छैन एउटा गिन्नी मालै ।
हे..लाला बरै.. माया मेरै जन्मँदै ल्याको भाग्य
को छ याँ चिन्नी मालै ।
हे..लाला बरै.. पार्ला ठरै देउखरीको दमारैमा
बाघ हिँडेको गो छ मालै ।
हे..लाला बरै.. दुख साह्रै आमा जस्तो माया गर्ने
संसारमा को छ मालै ।
हे..लाला बरै.. सरसरै पानी पऱ्यो हात्ती सुरे
खोला गयो भागी मालै ।
हे..लाला बरै.. खोला तरै जङ्गल भन्ज्याङ
काटी आएँ साइतोलाकै लागि मालै ।
हे..लाला बरै.. ताछ्यो फरै पाँच पऱ्यो कि पन्ध्र पऱ्यो
कालो गुनियालाई ।
हे..लाला बरै.. कुरा धेरै एउटा गाउँको दुईटा मुख्या
माऱ्यो दुनियाँलाई ।
हे..लाला बरै.. सुन मेरै दैको ठेकी मोहर पैसा
मुखियालाई भेटी ।
हे..लाला बरै.. सुन धेरै दुईटा मुख्या नराखेर
कसो होला खेती ।
हे..लाला बरै.. तिमी मेरै घाटबुराले खसी काटे
बिलो लाए धार्नी मालै ।
हे..लाला बरै.. कुरा फेरै बास आयो चमेलीको
नलाउने फूल क्यार्ने मालै ।

**झ) झ्याउरे/साइँली गीत**

झ्याउरे/साइँली गीत ठाडी भाका भन्दा छोटो गीत हो । यसमा मादल छिटो बजाउने हुँदा मानिसहरू नाच्ने गर्दथे । मेलापर्व, पूजाआजा, बिहे, पास्नी, न्वारानमा केटाकेटीहरूले आफ्नो भावना दोहोरी मार्फत साट्ने गर्दथे । हाल यो गीत लोप भएर गएको छ । केही अंश :

पानी पऱ्यो साइँली दरर दर्केर
गयो जोबन आउँदै फर्केर ।
फूल फुल्यो साइँली काँकरी बेलीमा
होला भेट छायाँनाथको मेलीमा ।
रूम्टी लेकको साइँली रसिलो मेला
होला भेट भाले बास्ने बेला ।
बोल्ला ठेट्टो साइँली सुइरोले तकिन
इशारा भो बोलाउन सकिन ।
अहिलेसम्म साइँली कै पाइन अंशार
दुखारीको साइँली क्वै भइन संसार ।

यस पालिकामा लोप भएर गएका गीत, नाच, खेल, शैक्षिक विधि, मेला, प्रयोगमा आउने सामग्रीहरू, खानाका परिकारहरू, बजाउने बाजाहरू निम्नानुसार रहेका छन् ।

*गीतहरू :*

असारे रोपाइँ गीत, रतौली गीत, भूमि मन्तर्ने गीत, मङ्गल गीत, कठौरा गीत, लोक कहानी, फाँक, झ्याउ्रा, साइलोजी, झुमरा, ठाडीभाका, झ्याउरे साइँली, मारीखोले गीत आदि ।

*नाचिने नृत्यहरू :*

माडिखोले, भुमे, डोके, मुकुन्डो, कौडा, मयुर नृत्य, झाँक्री नृत्य आदि ।

*यस पालिकामा खेलिने खेलहरू :*

छुत, भित्रबाहिर, सित्री, बेटी (डन्डिबियो) खेल, घुयाँत्रो चलाउने, भुरूङ्गी नचाउने, तारो हान्ने, ओकलदुकल, चारी (गट्टा) खेल, सिन्कामारी, डुम, यत्त पानी घोघो रानी आदि ।

*यस पालिकामा लोप भएका बाजाहरू :*

मुर्चुङ्गा, मौरीबाजा, नरसिंहा, सहनाई, पिपरी बाजा, झ्याम्टा, सिं बाजा, डम्फू, सारङ्गी, एकतारे बाजा आदि ।

*यस पालिकामा लोप भएका उपकरणहरू :*

काठको कोल, ठेकी बुन्ने बाँको, भाङ्रो बिन्ने काइँयो, पुवा काट्ने ताकु, छट्के झुलो, भुरूङ्गी, ढिकी, दाँते, जाबी, भाँर, कोठा, डरा, भोटेताल्चा आदि ।



*पालिकामा लोप भएको खानाका परिकार :*

कोकोलो, सातु, फापरको रोटी, फापरको ढिडो, जौँको दरिया, मकैको भुट्टो आँटा, सिलिङ्गेको तेल, ओखरको तेल र पिना, उखुको राप आदि ।

*पालिकामा लोप भएको हातहतियारहरू :*

भाला, बर्छी, घुयात्रा, ढाल, तरबार, धनुकाँड, कटारी, बन्दुक, पर्सु, गुप्ती, दुई नाले बन्दुक, बाँसको गुलेली, आदि ।

*युद्ध कौशलताहरू :*

खाँडो चलाउने, बाइस हाता लठ्ठी, पहलमानी, कुस्ती, छिर्की, चुरी हान्ने आदि ।

*लोप भएका पेसागत सिपहरू :*

भाङ्रो, खास्टो, कम्बल बिन्ने, लिखाटा बनाउने, डराकोठा बनाउने, घोडा तालिम दिने, तामाका भाँडा बनाउने, दियालो काड्ने, चोयाचेत्रो, डोरा बर्तन, पोका बनाउने, छाला बनाएर जुत्ता सिउने, विभिन्न रेसाहरूबाट धाको कात्ने आदि ।

*लोप भएका खेतीका बिउ बिजनहरू :*

ठर्रो धान, स्यान धान, लामो धान, जरम धान, मार्सी धान, भट्टे धान, सिम्टारो धान, पाखे धान, स्यानो मकै, कालापारे मकै, रातो मकै, कलकत्ती मकै, कौडे मकै, लोकल काउली, भट्टे सिमी, सिलिङ्गे, फापर, लम्पत्ति कक्कड, कलकत्ती कक्कड आदि ।

*लोप भएका पहिरनहरू :*

पुरूष : लँगौटी, कन्दनी, पगरी, खादा, गादो, कम्मरको पटुका र
महिला : घलेक, छिटको गुन्यु, ठुम्राको माला, भाङ्राको गादो, मुगा, ढुङ्री, कल्ली, नत्थ, पैसाको माला, मजेत्रो, झुम्के फूली, सुनको टीकुली आदि ।

*शिक्षा क्षेत्रमा लोप भएका विषय क्षेत्रहरू :*

नीतिगत श्लोक, वेदका ऋचा, पौराणिक धर्मग्रन्थका कथन, पौने, सवा, डेरे, अढैया, गणित सिकाइ, भरपाइ, राजिनामा, कपाली तमसुक, कथ्य र लेख्य सिकाइ, ऐतिहासिक कथ्य कहानी आदि ।

*लोप भएका बालगीतहरू :*

टेक टेक लौरी टेक्दै जा,
नुन ल्याउ घोटै जा ।

हा चरी हा यतातिर नआ,
हाम्रो मकै नखा वनतिर जा ।
अगअग अगौति गुनाबाँदर खेलौती,
राजारानी हाँसौती ।
तिमीले गन्छौ अट्को पट्को,
मैले गन्छु पुरै बिस ।

जुन मामा जुन मामा तल झरिदेऊ,
तल झर्न नसके नि हामीलाई हेरिदऊ ।
माघीको खिचडी श्रावणको खिर,
नखेल्नु खोला खाल्सी पाखाको भिर ।
नरोऊ भाइ नरोऊ नानी,
आमा हुनी जानी तिमी बुबु खानी ।
सूर्यले उज्यालो दिन्छन्,
धर्ती आमाले हामीलाई बचाउँछिन् ।

***यस पालिकामा लोप भएका मेलाजात्राहरू :***

- कपुरकोट १ मा गर्पा गैरीवाङ असारे पूर्णिमाको पञ्चमीका दिन लाग्ने मेला ।
- कपुरकोट १ गर्पा र उन्माङ पोखरामा असारे पूर्णिमाको पञ्चमीमा ओइलाङे पुज्ने (फूलमाथिको देवता) ।
- कपुरकोट २ गोठीवन जेठासी पूर्णिमामा भयाँर पुज्ने मेला ।
- कपुरकोट १ भुन्टे टाकुरामा भाद्र १ गते लाग्ने मेला ।
- कपुरकोट ५ ठान्डाँडा श्रावण १ गते बयलडाँडीका नामले चिनिने मेला ।
- कपुरकोट ५ रिम खजुरेको लेकमा जनै पूर्णिमा दिन सिद्ध पूजी लाग्ने मेला ।
- कपुरकोट ५ सिस्नेरीमा एकखुट्टे हर्लो मेलाको नामले चिनिने मेला ।
- कपुरकोट ५ साविक १ को श्रावण १ गते भू फाल्ने ढुङ्गामा लुतो फाल्ने ।
- कपुरकोट ४ धनवाङ ड्वाङड्वाङेमा लाग्ने मेला ।
- कपुरकोट ४ गाँडापानीमा लाग्ने जात्रा ।
- कपुरकोट ४ धनवाङमा लाखे मार्ने जात्रा ।



- कपुरकोट ४ किमी चौरमा दसैँको अष्टमीका दिन लाग्ने मेला ।
- कपुरकोट ३ एकखुट्टे डाँडामा कुशे औँसीको अघिल्लो दिन गोरेसिद्ध पूजा गरेपछि लाग्ने मेला ।
- कपुरकोट ६ बल्लेजुरमा सिद्धपूजी जेठासी पूर्णिमामा लाग्ने मेला ।
- कपुरकोट ५ दयाधुरीमा ऋषि पूर्णिमाका दिन लाग्ने बड्डी मेला ।
- कपुरकोट ५ रिम साविक १ मा भयाँर पुज्ने मेला ।
- भाद्र ११ र १२ गते झाँक्री धामीले तोय खाएको प्रदर्शन गर्ने ।

***नाट्य क्षेत्रमा लोप भएका विधाहरू :***

नाटक, गीति नाटक, प्रहसन, रामलिला, रासलिला आदि ।

### ३.२.२ कपुरकोटाको हाल चलिआएको संस्कृति

कपुरकोट पालिकाको टोलबस्तीमा विगतको जस्तो संस्कृतिभित्र विभिन्न नाच गीतहरू नभएता पनि आज पनि पैँसरी (लहरे), सोरठी, टप्पा, दान नचाउने, तिज पञ्चमीको नृत्य, झ्याउरे गीत र नाच, पञ्चेबाजा, लाखेनाच आदि रहेका छन् । कपुरकोटको सुरूमा झन्डै ५० देखि ६० वटा सोरठी नृत्य हाल ४-५ वटामा सीमित हुन पुगेका छन् । सोरठी, पैँसरी र पञ्चेबाजाका नाच्ने, गाउँने र बजाउने कलाहरू लोपोन्मुख भइरहेका छन् ।

### क) पैँसरी

पैँसरी मादल, मजुरा, बाँसुरी र पैजनको तालमा शरीरलाई सन्तुलनमा राखी खुट्टाको मसिनो चालमा शरीरलाई ढल्काएर एकै तालको हाउभाउमा नाच्ने आकर्षक रमाइलो सामूहिक नृत्य हो । यो नृत्य विभिन्न पूजाआजा, जन्म, छैटी, न्वारान, पास्नी, बिहे, भोज, मेला, जात्रा, पर्व आदिमा नाचिने नाच हो । सुरूमा यो नाच नाच्दा मान राख्ने चलन हुन्छ । नचारूहरूले घोक मार्दछन् । मान भन्नाले देवीदेउता, भइँ भयाँर, लागुभागु, र गाउँघरका जिम्वाल मुख्या, धामीझाँक्री आदिलाई सम्मान गरी नाच्ने गाउने नचारूहरूको समूहलाई र वाद्यवादन सामग्रीलाई कहीँ कतै असर नपरोस् भनेर वाद्यवादनको तालबाट गरिने सम्मान हो । मान रखिसकेपछि वेदी भए वेदीको वरपर नभए आँगनभरि नचारूहरू बाटो हिँड्ने तालमा बजाएर घोक मार्दै जान्छन् । फेरि मान राख्छन् । त्यसपछि नाच्न सुरू गरिन्छ । नचारूको गुरूले जस्तो किसिमको नाचको मोडेलमा नाच्छन् सबैले त्यही मोडेलको अनुशरण गर्नुपर्दछ । पैँसेरी नाच पहिले २२ तालमा नाचिन्थ्यो तर हाल आएर सबै तालहरू

बजाउने र नाच्ने सिप लोप हुँदै गएको छ । पैँसेरी नाचमा अधिकांश ठाउँमा गीत गाएर नाच्ने चलन छैन । तर केही केही ठाउँमा रमाइलोको लागि गीत गाएर नाच्ने पनि गरिन्छ । पैँसेरीमा गाइने गीत निम्न अनुसार छन् :

पियाँल बरण हो पियाँल बरण
पैलाको पैँसरी गुरू शरण ।
पियाँल बरण हो पियाँल बरण
हजारीको फूल फुल्यो पियाँल बरण ।[२]
मादलुको धम्कासँगै पैती सारन ।

पैती सारन हो पैती सारन ।
भिर उपर रतुवालाई हान्यो कारैले
बगालको रोजी छोट्टी लैगो राँडैले ।[२]
लैगो राँडैले लैगो राँडैले
देउखुरीको वल्टाकोल्टा काट्यो खयर ।[२]
एक चिलम कक्कड दिनौ बड्डो भनेर ।
बड्डो भनेर हो बड्डो भनेर
गैराबारी ढल्की चर्ने तामे ढकुर ।[२]
समाउ नानी साइमासो माया उपर ।
माया उपर हो माया उपर
मधुविनी दमारैमा बास्यो कोकले ।[२]
एक चिलिम कक्कड देनौ आँखा टोपले ।
आँखा टोपले हो आँखा टोपले
गौँथलीले खोरै लायो भाले पहर ।[२]
नाच नाच नचारूयौ लामी लहर ।

## ख) सोरठी

नेपालको सुप्रसिद्ध लोकनाटक अन्तर्गत पर्ने सोरठीका सन्दर्भमा कतै नचरी कतै नाच्न्या कतै पाङ्दी नाच, ठुलो नाच, मारूनी नाच कतै दमारे कतै सिँगारू कतै झमरा कटैया भनेर पनि भनिन्छ । जैसिंहे राजको १५ वटी रानी पछि १६औँ रानी बिहे गर्न खोजिएकोले सोह्रवटीबाट सोरठी रह्यो भन्ने भनाइ पनि रहेको छ । नदीको बगाएको बलिकालाई फेला पारी हुर्काउने कुमालले सोह्र वर्ष पाली बाबु आमालाई फिर्ता दिएको हुँदा उनको नाम सोरठी भई



नाच्न सुरू गरेकोले सोरठी भन्ने भनाई पनि छ । सोह्र सिँगारलेयुक्त अद्वितीय नारी सौन्दर्य भएकोले सोरठी भयो भन्ने भनाइ पनि छ । कृष्ण चरित्रमा कृष्णले सोह्र सय वटी गोपिनीसँग रासलिला गर्ने रमाउने र बङ्सियाको धुनमा नचाउने भएकाले पनि सोरठी भन्ने भनाई पनि रहेको छ । सोरठीको अर्थ अनेकन हुनसक्छन् । लोक नाट नृत्य मूल नायिकाको नाम हो सोरठी । सोरठी नृत्य पौराणिक लोक नाटकका आधारमा सामान्यतया स्थान विशेष फरक भए पनि लोक नाटकमा आधारित सामूहिक नृत्य हो । यो नृत्य विशेष गरेर मगर गुरूङहरूमा नाच्ने गरिन्छ । सोरठी नेपालको मूल संस्कृतिका रूपमा आइसकेको छ । गण्डक क्षेत्रमा जैसिंहे राजा र हैमती रानीको कहानीमा आधारित गीत गाएर नाच्ने गरिन्छ भने केही क्षेत्रमा कृष्ण चरित्र, रामायण र सामाजिक जीवनका गीतहरू गाएर नाच्ने गरिन्छ । कतै मिश्रित रूपमा कतै जैसिंहे राजाका कहानी र पुराणसँग सम्बन्धित मिश्रित गीत गाएर नाच्ने गरिन्छ । सोरठीको मुख्य जानकार व्यक्तिलाई गुरू भनिन्छ । अर्को भाषामा रौरा पनि भन्ने गरिन्छ । दोस्रो गुरूलाई गुह्या भन्ने गरिन्छ । एउटा समूहको रौराले अर्को समूहको गुह्याले गाउने समूहको नेतृत्व गर्दछन् । रौराको समूहले निकालेका गीतहरू गुह्याको समूहले छोप्ने गर्दछन् ।

अठार मगरातको स्वायत्त क्षेत्र रहँदा सिँगारू नाच्ने चलन थियो । पछि १५औँ शताब्दीको सुरूवातमा कर्णाली खस राज्यको प्रभाव परी खसराज्यकै शासन चल्न थालेपछि सिँगारूकै लय स्वरहरूमा राजारानी र कृष्ण चरित्र, रामायण जस्ता धार्मिक पुस्तकसँग सम्बन्धित कथावस्तुहरू हाली गाइन र नाच्न थालियो । सिँगारूको ठाउँमा सोरठीले स्थान प्राप्त गऱ्यो । बाह्र मगरात अर्थात पूर्वको क्षेत्रबाट प्रभाव परेको सोरठी नाचमा हैमती रानी र जयसिंहे राजाको कथावस्तुमा आधारित नृत्य र गीत गाइन्छ । जसको यो क्षेत्रको प्रभाव नपरेको ठाउँमा कृष्ण चरित्र र रामायणसँग सम्बन्धित गीत र नाच गरिन्छ । सोरठी एक प्रकारको गीति नाटक हो । बाह्र मगरात क्षेत्रमा धार्मिक पुराणसँग गीत गाइँदैन । तर हाम्रो कपुरकोट क्षेत्रमा धार्मिक पुराणसँग सम्बन्धित गीत गाइन्छ । तर कपुरकोट वडा नं. २ को गोठी वनमा नाचिने नाचमा बाह्र मगरातको सोरठीको प्रभाव परेका हुन्दा यहाँ हैमती र जयसिंहे राजाको गीत पनि गाइन्छ । सोरठीमा विभिन्न चरणहरू हुन्छन् । छोटी चरण, लामी चरण, समेर्ने, कुर्सने, मैदाने, ख्याली झुमरा आदि । सोरठी नाच

गर्नु भन्दा पहिले मान राख्ने चलन छ । मान पनि तीन प्रकारको हुन्छ । पहिलो पैँसरीको मान, दोस्रो सोरठीको मान र तेस्रो घोक । यसरी मान राखिसकेपछि समेर्ने सुरू हुन्छ । समेर्ने बेला देश, विदेश, गाउँ, ठाउँमा रहेका देवीदेवता पुकार्ने गरिन्छ । समेर्ने चरण कतै छोटी चरण र लामी चरण भन्ने गरिन्छ भने कतै भित्री र बाहिरी समेर्ने भन्ने गरिन्छ । समेरिसकेपछि नाच सुरू हुन्छ । सबैभन्दा पहिले लामी चरणको पृथ्वी उत्पत्ति र देवतासँग सबन्धित गीत गाइन्छ । सोरठी नाचमा उठान र बसान भन्ने हुन्छ । उठानमा नाच सुरू हुन्छ भने बसानमा उठानमा नाच्ने गीतको भावलाई प्रष्ट्याउने खालको अर्को गीत गाइन्छ । त्यसपछि फेरि उठेर नाच्न सुरू गरिन्छ । सोरठीमा कतै एक पुर्सुङ्गे र दुई मारूनी कतै तीन पुर्सुङ्गे र तीन मारूनी कतै दुई पुर्सुङ्गे र चार मारूनी भएर नाच्ने गरिन्छ । एक पुर्सुङ्गे र दुई मारूनी नाच्ने नाचलाई दमारे सोरठी भन्ने गर्दछन् ।

सोरठीलाई कसैले माघ १ गते निकाल्दछन् भने कसैले दसैँको फुलपाती वा अष्टमीको दिन निकाल्ने गर्दछन् । सोरठीलाई नाचिसकेपछि नाचो विसर्जन गर्ने तरिकालाई सगर चढाउने भन्ने गरिन्छ । सगर चढाउने तिहार मानेर मङ्सिरको पूजाआजा, बिहेमा नाचलाई सरिक गराएर मङ्सिरमै सगर चढाइन्छ । सगर चढाउने पनि आआफ्ना विधिहरू छन् । सगर चढाउने गीतहरू पनि अलग हुन्छन् ।

**समेर्ने गीत :**

समेर्ने गीतहरू सामान्यतया तीन चरण भने पनि दुई चरणमा समेर्ने गरिन्छ । तीन हुन् लामीचरण (भित्री समेर्ने चरण) र छोटी चरण (बाहिरी समेर्ने चरण) ।

*लामी चरण (भित्री समेर्ने चरण) का गीतहरू*

हे...रे...हो.... महादेवको उही वर्ण ल्याउँला गुरू हमारा महादेवको
महादेवको हा... महादेवको उही वर्ण गुरू रक्षा हमारा महादेवको ।
हे...रे...हो.... पुरवैमा गोरखनाथ सेवैलेवा हामरा पुरवैका
पुरवैका हा... पुरवैका गोरखनाथ गुरू रक्षा हमारा पुरवैका ।
हे...रे...हो.... पश्चिमका तेत्तिसकोटी सेवैलेवा हमारा पश्चिमैका
पश्चिमैका हा... पश्चिमैका तेत्तिसकोटी गुरू रक्षा हमारा पश्चिमैका ।
हे...रे...हो.... उत्तरैका सिद्धगुरू सेवैलेवा हमारा उत्तरैका



उत्तरैका हा... उत्तरैका सिद्धगुरू गुरू रक्षा हमारा उत्तरैका ।
हे...रे...हो... दक्षिणका पाटेश्वरी सेवैलेवा हमारा दक्षिणैका
दक्षिणैका हा... दक्षिणैका पाटेश्वरी गुरू रक्षा हमारा दक्षिणैका ।
हे...रे...हो... आकाशका इन्द्रदेव सेवैलेवा हमारा आकाशैका
आकाशैका हा... आकाशैका इन्द्रदेव गुरू रक्षा हमारा आकाशैका ।
हे...रे...हो... पत्तालैका वासुदेव सेवैलेवा हमारा पत्तालैका
पत्तालैका हा... पत्तालैका वासुदेव गुरू रक्षा हमारा पत्तालैका ।
हे...रे...हो... पुरवैका जगरनाथ सेवैलेवा हमारा पुरवैका
पुरवैका हा... पुरवैका जगरनाथ गुरू रक्षा हमारा पुरवैका ।
हे...रे...हो... पश्चिमका ऋषि वर्मा सेवैलेवा हमारा पश्चिमैका
पश्चिमैका हा... पश्चिमैका ऋषि वर्मा गुरू रक्षा हमारा पश्चिमैका ।
हे...रे...हो... उत्तरैका बराह देव सेवैलेवा हमारा उत्तरैका
उत्तरैका हा... उत्तरैका बराह देव गुरू रक्षा हमारा उत्तरैका ।
हे...रे...हो... दक्षिणका कालिका माई सेवैलेवा हमारा दक्षिणैका
दक्षिणैका हा... दक्षिणैका कालिका माई गुरू रक्षा हमारा दक्षिणैका ।
हे...रे...हो... आकाशैका रतननाथ सेवैलेवा हमारा आकाशैका
आकाशैका हा... आकाशैका रतननाथ गुरू रक्षा हमारा आकाशैका ।
हे...रे...हो... पत्तालैका कालीनाग सेवैलेवा हमारा पत्तालैका
पत्तालैका हा... पत्तालैका कालीनाग गुरू रक्षा हमारा पत्तालैका ।
हे...रे...हो... पालमपाको देवी माई सेवैलेवा हमारा पालमपाको
पालमपाको हा... पालमपाको देवी माई गुरू रक्षा हमारा पालमपाको ।
हे...रे...हो... नेपालका पशुपति सेवैलेवा हमारा नेपालका
नेपालैका हा... नेपालका पशुपति गुरू रक्षा हमारा नेपालैका ।
हे...रे...हो... कैलाशका सिद्धपालु सेवैलेवा हमारा कैलाशका
कैलाशका हा... कैलाशका सिद्धपालु गुरू रक्षा हमारा कैलाशका ।
हे...रे...हो... गण्डकीका ऋषि सोह्र सेवैलेवा हमारा गण्डकीका
कण्डकीका हा... गण्कीका ऋषि सोह्र गुरू रक्षा हमारा गण्डकीका ।
हे...रे...हो... खैरावाङकी माइठौरानी सेवैलेवा हमारा खैरावाङकी
खैरावाङकी हा... खैरावाङकी माइठौरानी गुरू रक्षा हमारा खैरावाङकी ।
हे...रे...हो... कालीमाटी गंगामाला सेवैलेवा हमारा कालीमाटी
कालीमाटी हा... कालीमाटी गंगामाला गुरू रक्षा हमारा कालीमाटी ।

हे...रे...हो.... घाटापारि चतुर्मालाा सेवैलेवा हमारा घाटपारि
घाटपारि हा... घाटपारि चतुर्माला गुरू रक्षा हमारा घाटपारि ।
हे...रे...हो.... छत्रेश्वरी सतीदेवी सेवैलेवा हमारा छत्रेश्वरी
छत्रेश्वरी हा... छत्रेश्वरी सतीदेवी गुरू रक्षा हमारा छत्रेश्वरी ।
हे...रे...हो.... सल्यान रिमका शिव पाइला सेवैलेवा हमारा सल्यान रिम
सल्यान रिम हा... सल्यान रिम शिव पाइला गुरू रक्षा हमारा सल्यान रिम
हे...रे...हो.... सातामुलका बराह थानी सेवैलेवा हमारा सातामुलका
सातामुलका हा... बराह थानी गुरु रक्षा हमारा सातामुलका ।
हे...रे...हो.... रिम गावैंका ब्योला ब्यौली सेवैलेवा हमारा रिम गावैंका
रिम गावैंका हा... रिम गावैंका ब्यौलाब्यौली गुरू रक्षा हमारा रिम गावैंका ।
हे...रे...हो.... रूम्टी लेकका सिद्धपालु सेवैलेवा हमारा रूम्टी लेकका
रूम्टी लेकका हा... रूम्टी लेकका सिद्धपालु गुरू रक्षा हमारा रूम्टी लेकका ।
हे...रे...हो.... गाउँघरका थानी भयाँर सेवैलेवा हमारा गाउँघरका
गाउँघरका हा... गाउँघरका थानी भयाँर गुरू रक्षा हमारा गाउँघरका ।
हे...रे...हो.... यसु गाउँका मुख्या जिम्वाल सेवैलेवा हमारा यसु गाउँका
यसु गाउँका हा... यसु गाउँका मुख्या जिम्वाल गुरू रक्षा हमारा यु गाउँका ।
हे...रे...हो.... यसु गाउँका झैँझाँक्री सेवैलेवा हमारा यसु गाउँका
यसु गाउँका हा... यसु गाउँका झैँझाँक्री गुरू रक्षा यसै गाउँका ।
हे...रे...हो.... यसु गाउँका दिदी बहिनी सेवैलेवा हमारा यसु गाउँका
यसु गाउँका हा... यसु गाउँका दिदी बहिनी गुरू रक्षा यसु गाउँका ।
हे...रे...हो.... यसु गाउँका दाजुभाइ सेवैलेवा हमारा यसु गाउँका
यसु गाउँका हा... यसु गाउँका दाजुभाइ गुरू रक्षा हमारा यसु गाउँका ।
हे...रे...हो.... यसु गाउँका सिमेभुमे सेवैलेवा हमारा यसु गाउँका
यसु गाउँका हा... यसु गाउँका सिमेभुमे गुरु रक्षा हमारा यसु गाउँका ।
हे...रे...हो.... एकतली वाचा दुई तली वाचा सेवैलेवा हमारा एकतली वाचा
एकतली वाचा हा... एकतली वाचा दुई तली वाचा गुरू रक्षा हमारा एकतली वाचा
हे...रे...हो.... दुईतली वाचा तीनतली वाचा सेवैलेवा हमारा दुईतली वाचा
दुईतली वाचा हा... दुईतली वाचा तीनतली वाचा गुरू रक्षा दुईतली वाचा ।
हे...रे...हो.... तीनतली वाचा चारतली वाचा सेवैलेवा हमारा तीनलती वाचा
तीनतली वाचा हा... तीनतली वाचा चारतली वाचा गुरू रक्षा हमारा तीनतली वाचा।
हे...रे...हो.... चारतली वाचा पाँचतली वाचा सेवैलेवा हमारा चारतली वाचा



चारतली वाचा हा... चारतली पाँचतली वाचा गुरु रक्षा हमारा चारतली वाचा
हे...रे...हो.... पाँचतली वाचा छतली वाचा सेवैलेवा हमारा पाँचतली वाचा
पाँचतली वाचा हा... पाँचतली वाचा छतली वाचा गुरूरक्षा हमारा पाँचतली वाचा ।
हे...रे...हो.... छतली वाचा साततली वाचा सेवैलेवा हमारा छतली वाचा
छतली वाचा हा... छतली वाचा साततली वाचा गुरूसक्षा हमारा छतली वाचा ।
हे...रे...हो.... साततली वाचा वाचैवाचा सेवैलेवा हमारा साततली वाचा
साततली वाचा हा... साततली वाचा वाचैवाचा गुरूरक्षा हमारा साततली वाचा ।
हे...रे...हो.... मादल बानौँ पैजन बानौ सेवैलेवा हमारा हमारा
मादल बानौँ हा... मादल बानौँ पैजन बानौ गुरूरक्षा हमारा हमारा ।
हे...रे...हो.... सेली बानौँ झ्याली बानौँ सेवैलेवा हमारा हमारा
सेली बानौँ हा... सेली बानौँ झ्याली बानौँ गुरूरक्षा हमारा हमारा ।
हे...रे...हो.... मारूली बानौँ पुर्सुङ्गे बाँनौँ सेवैलेवा हमारा हमारा
मारूली बानौँ हा... मारूली बानौँ पुर्सुङ्गे बानौ गुरूरक्षा हमारा हमारा ।
हे...रे...हो.... सँगी बानौँ साथी बानौँ सेवैलेवा हमारा हमारा
सँगी बानौँ हा... सँगी बानौ साथी बानौँ गुरूरक्षा हमारा हमारा ।

### *छोटी चरण (बाहिरी समेर्ने) का गीतहरू :*

हे...हो... सरस्वती माया हो सरस्वती माया हो सरण तुमारा उघारैला
सरस्वती हा... सरस्वती माया हो सरण तुमारा उघारैला ।
हे...हो... पूर्वे बानौँ पश्चिम बानौँ बानौ चारै दिशा उघारैला
पूर्वे बानौँ हा... पूर्वे बानौँ पश्चिम बानौँ बानौँ चारै दिशा उघारैला ।
हे...हो... उत्तर बानौँ दक्षिण बानौँ बानौँ चारै दिशा उघारैला ।
उत्तर बानौँ हा... उत्तर बानौँ दक्षिण बानौँ बानौँ चारै दिशा उघारैला ।
हे...हो... आकाश बानौँ पाताल बानौँ बानौँ सबैतिर उघारैला
आकाश बानौँ हा... पाताल बानौँ बानौँ सबैतिर उघारैला ।
हे...हो... सिद्ध बानौँ पालु बानौँ बानौँ चारै दिशा उघारैला
सिद्ध बानौँ हा... पालु बानौँ बानौँ चारै दिशा उघारैला ।
हे...हे... थामी बानौं भयाँर बानौं थामी बानौं भयाँर बानौं बानौं चारैदिशा उघारैला
थामी बानौँ हा... थामी बानौँ भयाँर बानौँ बानौँ चारै दिशा उघारैला ।
हे...हो... हाम्रो बाला हाँस्छौँ खेल्छौँ हाम्रो बाला मारूलीलाई रख्खेराखे पाला उघारैला
हाम्रो बाला हाँस्छौँ खेल्छौँ हा... हाम्रो बाला मारूलीलाई रख्खेराखे पाला उघारैला ।
हे...हो... महा बानौँ मुख्य बानौँ महा बानौँ मुख्खे बानौँ बानौँ चारै दिशा उघारैला,

महा बानौँ हा… महाबानौँ मुख्य बानौँ बानौँ चारै दिशा उघारैला ।
महा बानौँ मुख्खे बानौँ
हे…हो… मै बानौँ मसान बानौँ मै बानौँ मसान बानौँ बानौ चारै दिशा उघारैला,
मै बानौँ हा… मै बानौँ मसान बानौँ बानौँ चारै दिशा उघारैला ।
हे…हो… धामी बानौ झाँक्री बानौँ धामी बानौँ झँाक्री बानौँ बानौँ चारै दिशा उघारैला,
धामी बानौँ हा… धामी बानौँ झँाक्री बानौँ बानौँ चारै दिशा उघारैला ।
हे…हो… सिमे बानौँ भुमे बानौँ सिमे बानौँ भुमे बानौँ बानौँ चारै दिशा उघारैला,
सिमे बानौँ हा… सिमे बानौँ भुमे बानौँ बानौँ चारै दिशा उघारैला ।
हे…हो… सुनैको सिँगार सुनैको सिँगार रूपैको दुवार उघारैला,
सुनैको सिँगार हा… सुनैको सिँगार रूपैको दुवार उघारैला ।
हे…हो… एकु हामी समझौँ एकु हामी समझौँ सरस्वती मायालाई एकु हामी,
एकु हामी हा… एकु हामी समझौँ सरस्वती मायालाई एकु हामी ।
हे..हो… चारै कुना चारै दिशा चारै कुना चारै दिशा सरस्वती मायालाई उघारैला,
चारै कुना हा… चारै कुना चारै दिशा धरमे दुवार उघारैला ।

**नाच्ने लामी चरणको गीत :**

*उठान गीत*

हा..हा..हा..हो.. निरमले जुगैमा हो शून्य… थियो, हा..हा..हा..हो निरमले

*बसान गीत*

ए..हे..हे..रे.. प्रथमै हो सिरजया ब्रह्मा विष्णु महेश्वर, हा..हा..हा..हो.. प्रथमै हो

*उठान गीत*

हा..हा..हा..हो.. हुँइर पछि मनवा सिर्जाया, हा..हा..हा..हो.. हुँइर पछि

*उठान :*

हा..हा..हा..हो.. बाँवै र बेटे लेखन हामु लाग्या, हा..हा..हा..हो.. बाँवै र बेटे

*बसना :*

हा..हा..हा..हो.. अमलिसो चिरिमा चिरी कलम हे बनाया, मृग गई मारी रगतको मसी नै बनाया, हा..हा..हा..हो.. अमलिसो ।

*उठान :*

हा..हा..हा..हो.. बाँवै र बेटे लेखन हामु लाग्या, हा..हा..हा..हो.. बाँवै र बेटे



*उठान :*

हा..हा..हा..हो.. जामरा देशका हे..हो..हे..रे.. गुवाला, हा..हा..हा..हो.. जामरा देशका

*बसान :*

हा..हा..हा..हो.. हातैमा लौरी कानैमा कम्मल फाली, हा..हा..हा..हो.. हातैमा ।

*उठान :*

हा..हा..हा..हो.. जामरा देशका हे..हो..हे..रे.. गुवाला, हा..हा..हा..हो.. जामरा देशका

*उठान :*

हा..हा..हा..हो.. दशै र विस गवा हे चराऊ कृष्ण, हा..हा..हा..हो.. दशै र विस

*बसान :*

हा..हा..हा..हो.. काँधैमा कमलु फालु हातैमा हो लौरिया, हा..हा..हा..हो..काँधैमा

*उठान :*

हा..हा..हा..हो.. दशै र विस गवा हे चराऊ कृष्ण, हा..हा..हा..हो.. दशै र विस

*उठान :*

हा..हा..हा..हो.. निरमले जुगैमा हो शून्य… थियो, हा..हा..हा..हो निरमले

*बसान :*

हा..हा..हा..हो.. गंगाजमुनाको दही बनाया नागको नेथी बनाया

*उठान :*

हा..हा..हा..हो.. निरमले जुगैमा हो शून्य… थियो, हा..हा..हा..हो निरमले

**नाच्ने छोटी चरणको गीत :**

*उठान :*

हे… उठ मेरी मायालु देऊ तैँ चली राजै जाऊ पियारा

*बसान :*

घरै मेरो सम्पत्ती राजै गलि रूद्र माला

*उठान :*

हे… उठ मेरी मायालु देऊ तैँ चली राजै जाऊ पियारा ।

*उठान :*

हे… धरतीको रैला हाइ मरजा

*बसान :*

हाँसी हाँसी चाल देऊ माया रूकुमेनी धरतीको रैला

*उठान :*
हे... धरतीको रैला हाइ मरजा

*उठान :*
हे... राम हाँसीमा हाँसी खाऊ भुरा पानी
*बसान :*
पहरामा फोरीमा फोरी कति भुरा पानी
*उठान :*
हे... राम हाँसीमा हाँसी खाऊ भुरा पानी

*उठान :*
हे... सपनीमा हियामारा बालै विष्णु रोइला
*बसान :*
घर रोइले घरकीको घरिना वन रोइले हरिना ताल रोइले चखेवा
*उठान :*
हे... सपनीमा हियामारा बालै विष्णु रोइला

*उठान :*
हा..हो.. जमुना गहिलो सेवा हृदयमा लागैला
*बसान :*
उठ्ने माया सरस्वती सरण सती तुमारा
*उठान :*
हा..हो.. जमुना गहिलो सेवा हृदयमा लागैला

*उठान :*
हा...हो... छमके छ म के मन सिंहे राजै चली हो दरबार
*बसान :*
पूर्वै दिशा उठी जाने बादलु छमके र बिजौलीको बान
*उठान :*
हा...हो... छमके छ म के मन सिंहे राजै चली हो दरबार

*उठान :*
हा...हो... खयरैको मुहारा काटी समुद्रमा बगाए
*बसान :*
गौरी ताल मछेरू खेल्ने किनारामा जलारू डुल्ने



*उठान :*
हा...हो... खयरैको मुहारा काटी समुद्रमा बगाए ।

*उठान :*
रूपै राजा होकी रूपै रानी हो हो गण्डकीमा हाइ स्नान
*बसान :*
राजाजीको पछि फाल्ने पछ्यौरा, धोबेनी धुवाइले
*उठान :*
रूपै राजा होकी रूपै रानी हो हो गण्डकीमा हाइ स्नान

*उठान :*
सोइ समझ्यौ... बाला कोइ छैन आफना सोइ समझ्यौ
*बसान :*
एकु समझ्यौ आमा र बुबा, दोस्रो सम्झिनो कोइ न कोइ
*उठान :*
सोइ समझ्यौ... बाला कोइ छैन आफना सोइ समझ्यौ

*उठान :*
चखेवा र चखेनी हो कब होला भेट हो चखेवा र चखेनी
*बसान :*
पूर्वै दिशा चखेवा राजा पश्चिमै दिशा चखेनी
*उठान :*
चखेवा र चखेनी हो कब होला भेट हो चखेवा र चखेनी

*उठान :*
हाइ राम फुलबारीमा पाती टिपना, कौना वेदीमा लगाउना
*बसान :*
चाँइ फुलको पानैको बिरूवा मैले रोपेर जगाएँ
*उठान :*
हाइ राम फुलबारीमा पाती टिपना, कौना वेदीमा लगाउना

*उठान :*
रूपै राजा कोही रूपै रानी हो हो गण्डकीमा हाइ स्नान
*बसान :*
कालीगण्डकी सेतीमा गण्डकी गण्डकीमा हाइ स्नान

*उठान :*

रूपै राजा कोही रूपै रानी हो हो गण्डकीमा हाइ स्नान

*उठान :*

हा...हो... गुवालेनी तेरो दही अमिलो भयो

*बसान :*

हे... बालीमा कृष्ण लुकिमा छिपी कृष्णजीले चाखिलिया

*उठान :*

हा...हो... गुवालेनी तेरो दही अमिलो भयो

*उठान :*

तमु नन्दलाल रसै हृदयमा लाग्यो तमु नन्दलाल

*बसान :*

हे... हृदयमा रस लाग्यो तमु नन्दलाल

*उठान :*

तमु नन्दलाल रसै हृदयमा लाग्यो तमु नन्दलाल

*उठान :*

परिग्यौ चेली समेरा उम देश जानलाई

*बसान :*

एकु मन ठानिमा लियाँ उम देश जानलाई

*उठान :*

परिग्यौ चेली समेरा उम देश जानलाई

*उठान :*

माछी मारी लिउँला माछी मारी लिउँला बगाइदिउँला हाइ कछुवा

*बसान :*

गैरी ताल मछली खेल्ने किनारैमा जलारी डुलने

*उठान :*

माछी मारी लिउँला माछी मारी लिउँला बगाइदिउँला हाइ कछुवा

*उठान :*

छिनालेको राजै छिनालेको राजै कृष्णजीको पछ्यौरी छिनालेको

*बसान :*

कृष्णजीको पछि फाल्ने पछ्यौरी धोबी धारा धुवाइला



*उठान :*

छिनालेको राजै छिनालेको राजै कृष्णजीको पछ्यौरी छिनालेको

*उठान:*

हामी कैसे जाउँ हो मथुरामा कृष्णजीको पास

*बसान :*

कृष्णजीको फूलमा बारी बास्ना अयो मथुरा वारि

*उठान:*

हामी कैसे जाउँ हो मथुरामा कृष्णजीको पास

*उठान :*

हा...हो...बिहान आउने सूर्यलाई नमस्कार

*बसान :*

हे... तोरी लैजाऊ रे दुबो र पाती सूर्जेलाई जुहार

*उठान :*

हा...हो...बिहान आउने सूर्यलाई नमस्कार

*उठान:*

हा...हो.... कदमैको डाले बसे कृष्णजीले बङ्सिया बजाए

*बसान :*

बङ्सियाको सबत सुनी गुवालेनी छमके छ

*उठान:*

हा...हो.... कदमैको डाले बसे कृष्णजीले बङ्सिया बजाए

**मैदाने गीतः**

बाह्र मगरातभित्रमा जयसिंह राजा र हैमती रानीको कथा कहानीमा आधारित गीत गाएर नाच्ने चलन छ । यस्ता गीतहरू मैदाने र कुर्सनेको फरक फरक चरणमा गाएर नाच्ने गरिन्छ । मैदाने गीतहरू :

हा...हो... सिरैमा हेरौँ बगमरू पइन्याको
हे...हे... मुहारै हेरौँ जयसिंहे राजै । २
हा...हो... पापी राजाले छल्न नै लाए
हे...हे... पापी राजाले छल्न नै लाए ।
हा... हो... पापी राजाले छल्न नै लाए

हे..हे.. लिलिमै मेरौँ भगतुपैरेको ।
हा...हो.... मुहारै हेरौँ जयसिंहे राजै
हे..हे.. पापी राजाले छल्नै लाए ।
हा...हो.... कानैमा हेरौँ कनकन पैऱ्याको
हे..हे.. मुहारै हेरौँ जयसिंहे राजै ।
हा...हो.... पापी राजाले छल्न नै लाए
हे..हे.. गलिमा हेरौ रूद्राक्ष पहिऱ्याको ।
हा...हो.... मुहारै हेरौँ जयसिंहे राजै
हे..हे.. पापी राजैले छल्न नै लाए ।
हा...हो.... आँङैमा हेरौँ झोलिया बेरेको
हे..हे.. मुहारै हेरौँ जयसिंहे राजै ।
हा...हो.... पापी राजैले छल्न नै लाए
हे..हे.. आँङे हेरौ गेरूवा पैऱ्याको
हा...हो.... मुहारै हेरौँ जयसिंहे राजै ।
हे..हे... पापी राजैले छल्न नै लाए ।
हा...हो.... पावईमा हेरौँ खट्पौवा पैऱ्याको
हे..हे.. मुहारै हेरौँ जयसिंहे राजै
हा...हो.... पापी राजैले छल्न नै लाए ।
हे..हे.. सिरैमा बैठान रामैचन्द्र
हा...हो.... हामूलाई राखौँला सरणा हो । २
हे..हे.. हामूलाई राखैलो सरणा हो । २
हा...हो.... हामूलाई राखैलो सरणा हो । २
हे..हे.. लिलैमा बैठान्नन लिलावती । ४
हा...हो.... हामूलाई राखैलो सरणा हो । २
हे..हे.. आँखैमा बैठान्नन कालिका माया । २
हा...हो.... हामुलाई राखैलो सरणा हो । २
हे..हे.. कानैमा बैठान्नन गोरखनाथ ।२
हा...हो.... हामुलाई राखैलो सरणा हो । २
हे..हे.. नाकैमा बैठान्नन नरसिंह वीर ।२
हा...हो.... हामुलाई राखैलो सरणा हो । २
हे..हे.. मुखैमा बैठान्नन सरस्वती । २



हा...हो.... हामुलाई राखैलो सरणा हो । २
हे..हे.. कुमैमा बैठान्नन हनुमान वीर ।२
हा...हो.... हामुलाई राखैलो सरणा हो । २
हे..हे.. पाखुरी बैठान्नन बलावीर । २
हा...हो.... हामुलाई राखैलो सरणा हो । २
हे..हे.. हृदय बैठान्नन देवीका माया ।२
हा...हो.... हामुलाई राखैलो सरणा हो । २
हे..हे.. पावैमा बैठान्नन बरमावती । २
हा...हो.... हामुलाई राखैलो सरणा हो । २

**कुर्सने :**

हे..हो.. सिरै सुवायो सिरैको शिरफूल ।
हा... सरस्वी सरण बुना सखि हो ।
हे..हो.. लिलै सुवायो लिलैको टिकिया ।
हा... सरस्वती सरण बुना सखि हो ।
हे..हो.. आँखै सुवायो आँखैको गाजल ।
हा... सरस्वती सरण बुना सखि हो ।
हे..हो.. कानै सुवायो कानैको कुण्डल ।
हा... सरस्वती सरण बुना सखि हो ।
हे..हो.. नाकै सुवायो नाकैको नथियो ।
हा... सरस्वती सरण बुना सखि हो ।
हे..हो.. दन्तै सुवायो दन्दैको विरिया ।
हा... सरस्वती सरण बुना सखि हो ।
हे..हो.. गलि सुवायो गलिको हमेलो ।
हा... सरस्वती सरण बुना सखि हो ।
हे..हो.. कुमै सुवायो कुमैको चोलिया ।
हा... सरस्वती सरण बुना सखि हो ।
हे..हो.. काखी सुवायो काखीको सपकी ।
हा... सरस्वती सरण बुना सखि हो ।
हे..हो.... कम्मर सुवायो कम्मरको घाँघरू ।
हा... सरस्वती सरण बुना सखि हो ।

हे...हो.... गोडी सुवायो गोडीको पैँजेरू ।
हा... सरस्वती सरण बुना सखि हो ।

हा...हो... कहुना कामले खटपौवा पैरायौ ।२
खट्पौवा देशै फिरन, रानी हैमती खट्पौवा देशै फिरन ।
हा...हो... कहुना कामले टेक्निया समायौ ।२
कुटै मारन रानी हैमती टेक्निया कुटै मारन ।

हा... रचन दाजै तमु । २
धनुकि वाण रचन दाजै ।
हा...हो... आदि जिउ मरिगो आदि जिउ मनुखे
यो त हो रावणको छल ।

**आशीष दिने गीत :**
शिरै हो रे राम शिरै हो रे राम
शिरै हो रे रामजीको नाम ।
सुनै गेरे सिँगार रूपै गरे दुवार
हाइ राम हो लाखै भरि छ ।
धुरक्कै हो उघार देखौँला हो मुहार ।
हाइ राम हो लाखैभरि छ
नाचनेको आसिक घोरी भेरी भएको
हाइ राम हो लाखैभरि ।
घोरी भेरी भएको जुगैभरि रहेको
हाइ राम हो लाखैभरि छ ।
तीनकन्या भएको पाँच पुत्र रहेको
हाइ राम हो लाखैभरि छ
भोटानैको भोटे नुन भरैभरि भएको
हाइ राम हो लाखैभरि छ ।
रापतीको चोखो सुन घरैभरि भएको
हाइ राम हो लाखैभरि छ ।
पर्वतको  तामा फलाम घरैभरि भएको
हाइ राम हो लाखैभरि छ



मधेसैको रिरी पित्तल धनसारमा रहेको
हाइ राम हो लाखैभरि छ ।
छोराछोरी जान्नेबुझ्ने घरैभरि भएको
हाइ राम हो लाखैभरि छ ।
भकारीमा अनाज घरभरि रहेको
हाइ राम हो लाखैभरि छ ।
सधैँभरि आवैनम सधैँ तिमी देवैनौँ
हाइ राम हो लाखैभरि छ सधैँभरि छैनौँ अजम्मरी ।

**आशीष दिइसकेपछि नाच्नेबेला गाइने गीत :**
तालैमा सुवा हाँसे बकुला तालैमा सुवा हाँसे बकुला,
बगाल सुवा कपध्यानु गाई ।
सिँगारूको माझै माझ सिँगारूको माझै माझ,
बसे हाइ हनुमान ।
कालै गुन्यु कालै चोली कालै गुन्यु कालै चोली,
सेती बरकीको पछ्यौरी ।
दुबो जेली मेलीमा रह्या दुबो जेली मेलीमा रह्या,
मधुमैलो रहिरह्या ।
दुबोकेनी जेलीमा रह्या दुबोकेनी जेलीमा रह्या,
पातीकेनी मौलिरह्या ।
सधैँ आउनेछैनौँ सँधै तिमी दिने छैनौ,
सधैँभरि छैन अजम्बरी ।

हमाराको धुरीमा हो रातो भालेभास,
हमाराले सुने है नचारूको आस,
लुपेलुपे सान्नाना हो छेकौँ हरिस ।

लासैघोडा हिलाए काखमा छोरा खेलाए
भोटानैको नुन ऐरावती सुन
हे...हो... लाखै बरस ।

**दान नचाउने गीत :**
कुमाराले दिएको दान कुमाराले दिएको दान,

शिरै उपर चराउँला ।
पूर्व पश्चिम उत्तर दक्षिण पूर्व पश्चिम उत्तर दक्षिण,
सबैलाई जुहारौँला ।
पूर्व पश्चिम आकाश पाताला पूर्व पश्चिम आकाश पाताला,
सबैलाई जुहारौँला ।
वरकी नाच थरकी नाच वरकी नाच थरकी नाच,
रना मेरो पुतलै राजैको घर दरिबार ।
चारै कुना चारै दिशा चारै कुना चारै दिशा,
जुमले हात जुहार ।
हामु बाला नचाउँला हामु बाला खेलाउँला,
शरण तुमारा ।

**सगर चढाउने गीत :**

सोरठी नाचोलाई केही समय विसर्जन गर्ने नाचको चरणलाई सगर चढाउने गीत भनिन्छ । बिहान झुल्के घामको बेला पातीको डालोमा कपास, सिङ्गो सुपारी, ल्वाङ, सिँदुर, गोबरले आँगन पोतिन्छ र पोतेको ठाउँमा गोबरको कोठी बनाइन्छ । सरस्वती भनेर पुकार (प्रार्थना) गर्नेबेला परेवा उडाइन्छ र अन्य देवताहरूलाई भाले काट्ने गरिन्छ । नाच सुरू हुनुभन्दा पहिले मानिसहरूलाई बोलाउन दमाहा बजाइन्छ जसलाई नगारा भनिन्छ । नचारूहरू सबै जम्मा भइसकेपछि मान राखिन्छ । लामी छोटी चरण समेरिन्छ । दिउँसभर नाच्ने गरिन्छ । सोरठी नाचको गुरूले समय हेरिसकेपछि सगर चढाउनका लागि तयार गरिन्छ । बिचमा कलस, फूलापाती राखेको गुन्द्र हुन्छ त्यसका वरपर गोलो भएर दुवै हात जोडेर घुम्ने क्रममा बाद्वादन सहित गीत सुरू हुन्छ :

जुहारीत जुहारीत हो पशुपतिलाई
जुहारीत जुहारीत हो गोरखनाथलाई
जुहारीत जुहारीत हो बागेश्वरीलाई
जुहारीत जुहारीत हो महादेवलाई
जुहारीत जुहारीत हो सप्तऋषिलाई
जुहारीत जुहारीत हो राजेश्वरीलाई
जुहारीत जुहारीत हो भगवतीलाई



जुहारीत जुहारीत हो सिद्धपालुलाई
जुहारीत जुहारीत हो सरस्वतीलाई
जुहारीत जुहारीत हो इन्द्रदेवलाई
जुहारीत जुहारीत हो वासुदेवलाई
जुहारीत जुहारीत हो ठानीमानीलाई
जुहारीत जुहारीत हो भयाँरलाई
जुहारीत जुहारीत हो धामीझाँक्रीलाई
जुहारीत जुहारीत हो दिदीबहिनीलाई
जुहारीत जुहारीत हो चारै दिशालाई
जुहारीत जुहारीत हो आकाशपाताललाई
जुहारीत जुहारीत हो सातवली वाचालाई

जेठमास फुलने आरू घँङारू
शिरै लाउने शिरफूल छराउ सिँगारू ।
जेठमास फुलने आरू घँङारू
आँखी लाउने गाजल छराऊ सिँगारू ।
जेठमास फुलने आरू घँङारू
निधार लाउने टीकिया छराऊ सिँगारू ।
जेठमास फुलने आरू घँङारू
गाथा लाउने चोलीया छराऊ सिँगारू ।
जेठमास फुलने आरू घँङारू
कम्मर बाँध्ने पटुका छराऊ सिँगारू ।
जेठमास फुलने आरू घँङारू
कम्मर बाध्ने पेटीकोट छराऊ सिँगारू ।
जेठमास फुलने आरू घँङारू
गाथा लाउने फरिया छराऊ सिँगारू ।
जेठमास फुलने आरू घँङारू
कानमा लाउने कुन्डल छराऊ सिँगारू ।
जेठमास फुलने आरू घँङारू
गला लाउने ठुम्री माला छराऊ सिँगारू ।

चरी खायो चम्पै डाली माछी खायो लेऊ,

शिरै लाउने शिरफूल नासो राखिदेऊ ।
चरी खायो चम्पै डाली माछी खायो लेऊ,
यिनी हाम्रा सामग्रीलाई नासो राखिदेऊ ।
चरी खायो चम्पै डाली माछी खायो लेऊ,
यिनी हाम्रा बाजागाजा नासो राखिदेऊ ।
चरी खायो चम्पै डाली माछी खायो लेऊ,
यिनी हाम्रा सँगीसाथी नासो राखिदेऊ ।

जेठमास फुलने आरू घँडारू
सियाँल छायाँ बसने ढोटा सिँगारू ।
आकाशुका इन्द्रदेउ एकुबिन्ती लेऊ
यिनी हाम्रा सँगीसाथी नासो राखिदेऊ ।
ब्रह्मा विष्णु महेश्वर एकुबिन्ती लेऊ
यिनी हाम्रा बाजागाजा नासो राखिदेऊ ।

न्याउलीभरि रचना बेलाभरि केश
उमराको आँगन भैगो परदेश ।
हिँजोसम्म सिँगारू जननीको भेष
आजबाट सिँगारू मरदको भेष

गीतहरूको शब्दले जुन जुन सामग्री फुकाउने भन्दछ तिनी सामग्रीहरू फुकालेर गुन्द्रीमा राख्दै जानुपर्दछ । बाजागाजा मारूनीहरूका सबै कपडा फुकालिसकेपछि पुर्सुङ्गेको सेली बिचमा रहेको गुन्द्रीमा राख्ने गरिन्छ । यसरी फुकालिसकेपछि सबै नचारूहरूले गुन्द्रीलाई चारैतर्फबाट समाएर सात पटकसम्म उचालेर तलमाथि गराउँदछन् । गुन्द्री बसाइसकेपछि गुन्द्रीलाई सिँगारूहरूले नाघ्ने गर्छन् । तर आजभोलि सिँगारूमात्र नभई अन्य नचारूहरूले पनि नाघ्ने गरेका छन् । सोरठीको सगर चढाउने मूल भाव यही भए पनि कतै कतै अलि तरिकाले पनि सगर चढाउने गर्दछन् ।

### ग) टप्पा गीत र नाच

विभिन्न चाडपर्वहरू बिहे, भोज, मेलाजात्रा सोरठी पैँसरीको अलावा यस क्षेत्रमा टप्पा नृत्य पनि त्यत्तिकै आकर्षक छ । यो नृत्य मादल, बाँसुरी, मजुरा बजाई नाच्नेले पैजन लगाएर शरीरको लचकताको कौशलता देखाएर



नाचिने नाच हो । आजभोलि यो नृत्य पनि सोरठी र पैँसरी जत्तिकै कम भइरहेको छ । यसका केही गीतहरू :

सानी सानी खोलीले लियो सकस । २
सानी सानी खोलीले ।
गर्दैछु जागिरी पाउँला बकस । २
गर्दैछु जागिरी पाउँला बकस ।

हात्तीमा माहुते चवर डोलाइदे । २
हात्तीमा माहुते ।
रङ्गी रूमाल दिउँला साइलाई यता बोलाइदे ।२
रङ्गी रूमाल दिउँला साइलाई यता बोलाइदे ।

हातैमा गुलेली नलाई न भाइगो ।२
हातैमा गुलेली ।
झन साली पर गई झन माया लाइगो ।२
झन साली पर गई ।

### घ) पञ्चेबाजा

दमाहा, ट्याम्कुली, सहनाई बजाएर बाजाको तालमा विना गीत नाचिने नाच हो । प्रायः बिहेमा नाच्ने र बजाउने चलन छ । आजभोलि बिहेमा डेक (विद्युतीय बाजा) बजाउने चलनले गर्दा पञ्चेबाजा बजाउने सिप लोप हुँदै गएको छ भने नाच पनि लोप हुँदै गएको छ ।

### ङ) जागरण गीतहरू

पुराना गीत बाहेक समाज परिवर्तन गर्ने सामाजिक जागरणका गीतहरू आफ्नो ठाउँ गाउँको र देशभक्तिका गीतहरू पनि गाइन्छन् ।

*गीत १*

पसिना खेर गो हामी साराको
के भर पर्नु र जनतामाराको ।
गरिबदुखी भनेर यहाँ हेप्न पाइँदैन,
जातभातको विभेदले छेक्न पाइँदैन ।
किसान मज्दुर दीनदुखी एकजुट हुनुपर्‍यो,
आफ्नो दिन आफै ल्याउन सबै उठ्नुपर्‍यो ।
पसिना खेर गो हामी साराको

के भर पर्नु र जनतामाराको ।

दिदी बहिनी जाग्नुपर्छ आफ्नो हक ल्याउन
पढीलेखी ज्ञानसिपमा समाज हाँक्न आउन
महिला र पुरूषमा विभेद हुनुहुन्न
घरमा हिंसा भयो भने बसी रूनु हुन्न ।
कुरा छ एउटै हामी साराको
यो देश बनाउने अभिभारा हो ।

उचोनिचो थिचोमिचो गर्ने कुरा फाल्ने
मान्छे सानो ठुलो हुन्न भन्ने भावना हाल्ने
भात र घाट एउटै हो नि विभेद किन गर्ने
अजम्मरी छैन कोही एकदिन सबै मर्ने ।
बाँचुञ्जेलसम्म गरी खाने हो,
आखिरी दिनमा छोडी जाने हो ।

*गीत २*

उत्तरतिर देखिने सेता हिमाल
समृद्ध बनाऔँ हामी हाम्रो नेपाल ।
हिरामोती युरेनियम निकाल्ने गरौँला,
पानीविद्युत बनाउन अगाडि सरौँला
हजारथरी जडीबुटी औषधि बनाई
दुनियाँमा गौरव गर्छौं यो देश चिनाई ।

संसारका अग्ला हाम्रा सेता हिमाल
समृद्ध बनाऔँ हामी हाम्रो नेपाल ।
जङ्गल जमिन प्रयोग ल्याउन पसिना पोखौंला
पानीजहाँज रेल रकेट यै देशमा चढौंला
उद्योगधन्दा देशमा खोली रोजगार बढाउँला
मातृभूमि नेपालको दुधभारा कटाउँला ।
क्या राम्रो देखिने सेता हिमाल
समृद्ध हुनेछ नयाँ नेपाल ।

उत्पादन बढाएर निर्यात बढाउने हो



ज्ञान विवेक सिप सिकी देश सजाउने हो
तिम्रो हाम्रो जिम्मा आयो यो देश बनाउने
संसारको धनी देश भनेर चिनाउने ।
संसारले चिनेको अल्का हिमाल
समृद्ध बनाई छाडौँ हाम्रो नेपाल ।

## च) लाखे नाच



लाखे नाच नाच्ने चलन कसरी भयो र कहिलेदेखि भयो भन्ने सन्दर्भमा आधिकारिक लिखित अभिलेख केही छैन । समाजमा यसप्रति भन्दै गरेका केही किंवदन्तीहरू नै मुख्य आधार हुन् । प्राचनीकालीन समयमा काठमाडौँमा एकजना तान्त्रिकले मानिसहरूलाई असल भावना र कुशल भाव बनाई नगरलाई नैतिक र चरित्रवान् बनाउन सबै मानिसमा भएका खराब भावनालाई तान्त्रिक विद्याको शक्तिबाट माटोको घैँटामा ती खराब भावनालाई जङ्गलमा लगी गाडिदिए । यसपछि कान्तिपुर नगर असाध्यै नैतिक चरित्रवान् बन्न पुग्यो । यसले गर्दा देवलोकमा हलचल मच्चियो । देवताहरूको राय सल्लाहले तान्त्रिकले राखेको घैँटोको खराब भावनामा देवताहरूले प्राण भरिदिए । त्यसपछि डरलाग्दो राक्षसको उत्पत्ति भयो । हजारौँ मानिसहरू बेपत्ता हुन लागे । यो कुरा तत्कालीन राजासमक्ष जानकारी भयो । राजाले तान्त्रिकलाई बोलाए । तान्त्रिकले आफ्नो सबै शक्ति प्रयोग गरे । तरपनि उनी सफल भएनन् । त्यसपछि उनी तलेजु भवानीको आराधना गरे । तलेजु भवानी प्रकट भएर यो सबै हुनुको कारण तिम्रो कारण हो । त्यसैले तिमीबाटै समाधान गर । किनकि मानिसहरू राम्रो र नराम्रो भावनाबाट बनेको हुन्छ । यो राक्षसलाई बध गर्न सकिँदैन परिवर्तन गर्न सकिन्छ । तिम्रो तान्त्रिक विद्याको शक्तिले राक्षसमा रहेका खराब भावना मानिसमा सारिदेऊ । मानिसमा रहेका असल भावना राक्षसमा सारिदेऊ । यसो गर्नाले राक्षस परिवर्तन हुन्छ । भनिसकेपछि तान्त्रिकले त्यसै

गरे । त्यसपछि राक्षस पहिलेको डरलाग्दो स्वरूपमा परिवर्तन हुँदै सानो र कालोबाट खैरो हुन पुग्यो । मानिसहरूप्रति उसको दयामाया जाग्न पुग्यो । त्यसपछि उक्त परिवर्तित राक्षसले तान्त्रिकलाई भन्न थाल्यो, "तान्त्रिक म एक्लै वनमा बस्न सक्दैन । त्यसैले मलाई मानिसहरूसँगै नगरमा बस्न देऊ ।" तान्त्रिकले भने, "तिमीदेखि नगरबासीहरू डराउँछन् । तिमीलाई नगरमा लगेर राख्न सकिँदैन ।"

उसो भए मलाई बाह्र महिनामध्ये एक महिना नगरमा राख र म मानिसलाई मेरो नाच्ने उफ्रने दौड्ने कलाले मनोरन्जन दिनेछु भनेर राक्षसले भन्यो । त्यसोभए तिमी एक महिना नगरमा नाचगान गर बाँकी समय नगरको रक्षक भएर बाहिरबाट हुने आक्रमणलाई रोक्नुपर्छ भनेर तान्त्रिकले भने । यो किंवदन्ती अनुसार न दानव न मानव भएको लाखेका स्वरूपमा राक्षस रहन पुग्यो र लाखे नाच सुरू भयो भन्ने भनाइ छ ।

प्राचीन कालमा कान्तिपुरमा मानिसहरूसँगै राक्षसले भेष धारण गरेर खेतीपाती गर्न थाले । खेतीपाती गरेको अनाजहरू एक्कासी कम हुँदै जाने भयो । यो किन भयो भनी तान्त्रिकले दिव्य नजरबाट हेर्दा राक्षसहरू मानिसको स्वरूपबाट आएको थाहा भयो । तान्त्रिकले आफ्नो शक्तिबाट तिनीहरूलाई बाँधेर तिमीले यसो किन गरेको भनी सोधे । राक्षसहरूले आफू राक्षस भएको स्वीकारे । हामी पनि तिमीसँगै यति धेरै बसिसक्यौँ । हामीलाई यहीँ बसाल भन्दा तान्त्रिकले तिमीहरू बाह्र महिनामा एक महिना मात्र बस्न पाउँदछौ बाँकी समय तिमीहरू नगर बाहिर जङ्गलमा बस्नुपर्छ भने र मानव र नगरलाई क्षति गर्न हुँदैन भनेपछि उनीहरूले स्वीकारे । हामी एक महिनामा नगरमा नाच्ने उफ्रने गर्छौँ त्यसबेला हामीले लाखी खान दिनुपर्छ भने । नेवारी भाषामा ला भनेको मासु खी भनेको अन्डा हुन्छ । पछि लाखी भन्दै जाँदा अपभ्रंश भएर लाखे हुन पुगेको हो । यसरी लाखे नाच सुरू भएको भन्ने भनाइ छ ।

कृष्ण चरित्रमा राजा कंशले कृष्णको बध गर्न पुतनालाई दुध चुसाउने आदेश दिएको थियो । बालक कृष्णले पुतनाको दुधबाटै प्राण खिचेर मारिसकेपछि यसको उपलक्ष्यमा पुतना जस्तै राक्षस मर्‍यो भनी नाचगान गरेको कुराबाट लाखे सुरू भयो भन्ने भनाइ छ । त्यस्तै गरी लाखे कंशको स्वरूप हो । कंशले तत्कालीन समयमा अत्याचार, दुराचार गर्ने गरेको र



कृष्णले कंशको बध गरेको हुँदा खुसियालीमा कंश जस्तै दुराचारी अत्याचारी मारियो भनेर लाखे नाच सुरू गरेको भन्ने भनाइ पनि छ ।

सामाजिक रूपमा अन्याय अत्याचारको विनास, न्याय सत्यको विजय, गलत भावनाको अन्त्य, राम्रो भावनाको विकास, मानसिक अशान्तिलाई मनोरन्जन गर्न र रमाइलोमा भुल्न लाखे नाचलाई लिने गरिएको छ । मानिसहरूको आपसी सद्भाव, सहिष्णु, कला संस्कृतिको जगेर्ना गर्न यस लाखे नाचले प्रेरित गरेको छ । लाखे नाचमा विभिन्न जात्राहरू मनाउने चलन छ । गाईजात्रा (बुढी गाईजात्रा, तरूनी गाईजात्रा), बैरागी जात्रा, बाघ जात्रा, भिउसन जात्रा, रोपाइँ जात्रा र दही जात्रा आदि रहेका छन् । यसरी सुरू भएको लाखे नाच हाम्रो कपुरकोट क्षेत्रमा पनि हाम्रा पुर्खाहरूले नाच्न सुरू गरेका हुन् ।

### ३.३ चाडपर्व

कपुरकोटा गाउँपालिकाभित्रका सबै समूदायको हाल चाडपर्वमा कहीँ कतै अपवादमा फरक परेपनि सबैका चाडपर्व एकै किसिमका छन् । जस्तै : दसैँ, तिहार, चैत्र अष्टमी, माघे सङ्क्रान्ति, तिज, वसन्त पञ्चमी, शिवरात्री, श्रावणे सङ्क्रान्ति, बुद्ध पूर्णिमा आदि । यसा अलावा कूल गोत्रहरूले खास खास समयमा जस्तै : मङ्सिरे पूर्णिमा, पाँच पूर्णिमा आदि जस्ता समयमा आआफ्ना कुल देवताहरू पूजी आआफ्ना कुल वशका नाता कुटुम्बका सदस्यहरूसाग सुखदुख भेटघाट गर्ने पनि एउटा पर्वको रूपमा हेरिएको छ ।

सुरुमा पशुका देवताहरू पशुपति र भ्याँक्री भँक्रेनी, तलाल, सत्ताल, कुमाखी असुरिनी, सिद्ध, एक्ले बराह, नरसिंह आदिलाई पूज्ने चलन छ । गाउँघरमा पशुपालन कमी आएकोले यो पशुका देवताहरू पूज्ने चलन पनि कम हुँदै गएको छ । हरेक चाडपर्वका आआफ्ना विशेषताहरू हुन्छन् । चाडपर्वका विशेषताहरूलाई समाजले आफ्नो भौगोलिक वातावरण र विश्वासका आधारमा मान्ने गर्छन् ।

## ४. कपुरकोट पालिकाभित्रको प्रमुख मेलाजात्राहरू

### ४.१ छायाँथ मेला, वडा नं. ६

कपुरकोटा गाउँपालिका वार्ड नं. ६ अन्तर्गत पर्ने छायँनाथ साविकको सिनवाङ गा.वि.स.को केन्द्र स्थान हो । हाल पनि ६ नं. वडा कार्यालयमा अन्य सेवा दिने कार्यालयहरू यस स्थानमा छन् । छायाँनाथ नाम रहनुको कारण

स्थानीय बयोवृद्ध ९६ वर्षीय पूर्व सल्यानका सभापति टेक बहादुर बोहरा, पूर्व उपाध्यक्ष भीम बहादुर खड्काका अनुसार परापूर्वकालमा कुनै एकजना तपस्वि बाबा आई तपस्या गरे । समीप रूखको छायाँमुनि बसी तपस्या गरेको हुँदा यस ठाउँको नाम छायाँनाथ रहन गयो नाथ भनेको योगी छायाँ भनेको समीपको रूखको छायाँलाई मिलाएर छायाँनाथ भनिएको हो भन्ने भनाइ छ ।

कपुरकोट ५ रिम निवासी बयोवृद्ध पोक बहादुर शाहु, स्थानीय निवासी चन्द्रभान वि.क. लगायतका व्यक्तिहरूले यस स्थानमा आफ्नो अनुहार देखाउने पूर्वीउत्तरमा बल्लेजुर लेकको आकृति देखाउने चिल्लो ढुङ्का थियो । बल्लेजुरमा सिद्धबाबाको पूजा गर्ने चलन थियो । मानिसहरू माथि लेक गई पूजा गर्न धेरै समय लाग्ने र कठिन हुने भएको हुनाले बल्लेजुरमा भएको सिद्धबाबाको थान यही चिल्लो ढुङ्गामा छायाँ देखिने भएको हुँदा मानिसहरू यही ढुङ्गालाई सिद्धबाबाको थान मानी पूजा गर्न थाले । छायाँ भनेको बल्लेजुरको छायाँ नाथ भनेको सिद्धबाबा भन्ने उहाँहरूको भनाइ छ । यस चिल्लो ढुङ्गामा मानिसको आकृति पनि देखिन्थ्यो । यसरी मानिसहरूले यस ढुङ्लाई सिद्धबाबाको थानका रूपमा मान्दै जाँदा मानिसहरूको जमघट हुँदै गर्दा नाचगान रमाइलो गर्ने क्रममा यहाँ छायाँनाथ मेला सुरूवात भयो भन्ने भनाइ छ भने समीपका रूखको मुनि छायाँमा तपस्यामा बसेका तपस्वीनाथसँग आशीष माग्ने आफ्नो विगत र भविष्यको बारे जान्न चाहने मानिसहरू तिनी नाथहरूमा आउने जाने गर्ने क्रममा यहाँ मेला लाग्न सुरू गऱ्यो भन्ने भनाइ पनि रहेको छ । यो मेला परापूर्व कालदेखि नै लाग्दै आएको छ । यो मेला तिहारको औँसी पछिको पूर्णिमा पछिको कृष्णपक्षको चौथीको दिन साँझबाट मेला सुरू हुन्छ ।


पहिले पहिले यस मेलामा गाउँपिच्छेका कट्पिङ हाल्ने, गाउँपिच्छेका सोरठी र पैँसरीहरू नाच्ने गर्दथे । आफ्नो गाउँको नाचो नाच्ने थलोलाई सल्लाको थुम्को गाडेर राख्ने चलन थियो । यस थलोलाई राम थलो र कसैले रामथलीया भन्ने गर्थे । यदि कसैले त्यो रामथलोको सल्लाको थुम्को उखेलिदियो वा त्यो ठाउँमा आएर नाच्न सुरू गरे भने त्यो कार्यलाई लडाइँको घोषणा गरेको मानिन्थ्यो । लड्नुभन्दा पहिले दुवै गाउँका मुखिया जिम्वालहरू, नाचका अगुवाहरूले यो किन गरेको हो भनेर छलफल चलाउँथे । रामथली मिच्नेले यो कारणले गरेका हौँ, तपाईँहरू आफ्नो थलो नाच्नुहोस् भन्ने सहमति भएमा लडाइँ हुँदैन थियो । यदि त्यसो नभनेमा राम थलो मिच्ने र



राम थलोको अधिकारवाला पक्षको बिच लडाइँ हुन्थ्यो ।

रातभर झ्याउा गाउने, सोरठी, पैँसरी नाच्ने गरिन्थ्यो । पछि झ्याउा गाउन छोडेपछि ढाडी भाका गाउन थालियो । ठाडी भाका पनि छोडेपछि साइली झाप्रे गीत गाउन थालियो । गीतमा दोहोरी गाउन थालियो । हाल यी पुराना संस्कृतिहरू मेलामा देख्न पाइँदैन । आजभोलि स्थानीय क्लबहरूले गीत, नाच र खेलकुद खेलाउने र देखाउने गर्छन् । यस मेलामा गन्जी, तरूल, बदाम, सुन्तला प्रसस्त पाइन्छ ।

## ४.२ रूम्टी मेला, वडा नं. १,२ र ५





साविक गर्पा र रिम गाविसको सिमानामा पर्ने हाल कपुरकोटको वार्ड नं. १, २ र ५ को अग्लो लेक मध्येका एउटा हो । यसलाई रूम्टी लेक भन्दछन् । रूम्टी शब्द मगर भाषाको खाम भाषाबाट आएको हो । जसको साँघुरिएको अन्त्य भएको भन्ने हुन्छ । यो ठाउँ डाँडाको अग्लो भागमा खुरिल्लो नाङ्गो थियो । यहाँ पशुपालन गर्ने समयमा वरपरका बस्तीबाट यसले लेकको वरपरका फेदहरूमा पशु चौपाया चराउन ल्याउँदथे । वि.सं. १६३० मा बाग्लुङबाट रूकुमकोट हुँदै गर्पा आएका रोमखामी बुढामगरका सन्तान महादेव बुढामगरले आफ्नो कुल देवता चौरासी सिद्धलाई पूज्ने त्यस मध्ये गोपी सिद्धलाई विशेष पूजा गर्न चोखो स्थान खोज्दै गर्दा यस लेकलाई पवित्र स्थलको रूपमा छनौट गरे । तिहारको औँसी पछिको शुल्क पक्षको चौथी तिथिमा उनले चौरासी सिद्ध र गोपी सिद्धलाई यस लेकको टपमा काफल, गुराँस, अङ्गार र सल्लाका काँचो पात सहितको हाँगा काटी दुई तले मन्दिर तिनै हाँगा र हाँगाको बनाई पूजा गर्न थाले । मन्दिरभित्र खोलाको गँगटाले फालेको माटो ल्याएर पूजा गर्ने थलोलाई लिपपोत गरी चौरासी सिद्धको चौरासीवटा खोपी तयार गरी चौरासीवटा चामलको पिठोको रेखी हाली बिचमा पातीको धुप हाल्ने खाली स्थान राखेर पातीको धुप हालिन्छ । चौरासी सिद्धलाई बनाइएका खोपीमा

गाईको दुधको धार चढाउने गरिन्छ ।

परापूर्वकालमा धुप सहित कालो बोका पनि बली दिने गरिन्थ्यो, तर रगत होइन धारधुप मात्र दिनु नत्र तिमीलाई अशुभ हुन्छ भन्ने सपनामा सिद्धबाबाको वाणी प्राप्त गरेपछि हाल धारधुप मात्र गर्ने चलन छ । सिद्धबाबालाई शिवको अंशका रूपमा पशुका पतिका रूपमा हेरिन्छ । पशु चौपायाको रक्षा गर्ने बाघभालु र ब्वाँसाहरू भिर कङ्कडबाट सुरक्षा गर्ने देवताका रूपमा विश्वास गरिन्छ । सिद्धबाबा रिसाएमा पशु चौपायाको क्षति हुने, अन्न फलफूल नफल्ने, मानिसहरू दिमागी सन्तुल गुम्ने, बोलेर डाँडा भिरपाखा घुमाउँछन् भन्ने विश्वास गरिन्छ ।

सिद्धबाबाको नियमित पूजा गर्दै जाँदा परापूर्वकालदेखि आआफ्ना नाता कुटुम्बहरूलाई बोलाई देवतालाई चढाएका रोड चुर्ण जस्ता खानेकुराहरू खाने खुवाउने, नाचगान रमाइलो गर्ने क्रममा यो मेला लाग्न सुरू गरेको हो भन्ने स्थानीय बुढापाकाहरू र हालका पुजारू चन्द्रलाल बुढा, स्थानीय नवराज बुढा, पूर्णसिंहको भनाइ छ ।

हाल पनि यो मेला तिहारको औँसी पछिको शुक्ल पक्षको चौथी तिथिमा लाग्ने गर्दछ । यो मेलामा पहिले युद्धकलाका लाठी नृत्य देखाउने चलन थियो । सोरठी र पैँसरी नाच्नुभन्दा पहिले मन्दिरको नजिकमा मान राख्ने समयमा नचारूहरूले लिएका लाठीहरूलाई जोडले हिर्काएर जुधाएर प्रत्येक गाउँका पैँसरी सोठीहरूको नृत्य नाच्ने गरिन्थ्यो । तर हाल आएर पुराना संस्कृतिमा एक दुई वटा गाउँका सोरठी पैँसरी मात्र देख्न पाइन्छ । स्थानीय क्लब र वन समूहले आयोजना गरेर विभिन्न खेल, नाच, गीतको आयोजना गर्ने गर्दछन् । यो मेलामा गन्जी, तरूल, बदाम, सुन्तला पाइन्छ ।

### ४.३ तीन डाँडा मेला, वडा नं. ५

कपुरकोट गाउँपालिका वडा नं. ५ रिमको तीनडाँडा एक मनोरम स्थल हो । यो ठाउँ चार सल्लेरीको डाँडो, मोरेसल्ला स्यानी पिपलको डाँडो र पोखरे ठुलो पिपलको डाँडा मिली बनेको टुप्पाको समथर भूमिको नाम हो तीन डाँडा । तीन वटा डाँडाको सङ्गम सम्म परेको चौर भएका कारणले यसलाई तीन डाँडाको चौर पनि भन्ने गरिन्छ । तीन डाँडा अपभ्रंश हुँदै टिन डाँडा पनि भन्ने गरिन्छ ।

यस ठाउँमा परापूर्वकालमा बर्खे खेतीपाती सकिसकेपछि रमाइलो



गर्न श्रावण जाने भाद्र लाग्ने सङ्क्रान्तिको दिन साँझ मेला लाग्ने गर्दथ्यो र भाद्र दुई गते मेला फाट्ने गर्दथ्यो ।

सोरठी, पैँसरी, टप्पा नाचहरू नाच्ने गरिन्थ्यो । झ्याउङा, ठाडीभाकामा दोहोरी गाउने र कटपिङ खेल्ने गरिन्थ्यो । धेरै समयपछि वि.सं. २०१० सालतिर रिम निवासी नरनारायण शाह र चित्र वलीको प्रयासबाट लाखे नाच सिकेर लाखे नाचको मेलाको रूपमा यस मलाई कृष्णाष्टमीको तेस्रो दशमीको दिन साँझ मेला लागी भोलिपल्ट फाट्ने र लाखे मार्ने चलन चलिआयो । यसरी एउटा तिथिमा लागेको मेला लाखेकै कारणले अर्को तिथिमा लाग्न सुरू गऱ्यो ।

यस तीन डाँडामा वि.सं. २०१३ सालतिर एकजना दारे बाबाजी आई कुट्टी हाली बसोबास गर्न थाले र पछि उनले यस ठाउँ छोडेर दाङतिर गए । हाल यहाँ राधाकृष्णको मन्दिर बनाइएको छ । लाखे कंशको रूपमा रहेको र कंशका सेनाहरू स्वाँङेहरू भएका भन्ने भनाइ छ । कृष्ण अष्टमीको दिन यहाँ राधाकृष्णको मन्दिरमा आई भक्तजनहरू पूजाआराधन गर्छन् । त्यसैदिन लाखे आएर नुहाउने गर्छ । दिउँस यहाँ नाच्ने गर्छ । भोलिपल्ट दहीजात्राका लागि रिमको शीतल बजारमा जान्छ । त्यसको दोस्रो दिन पुनः यही तीन डाँडामा लाखे नाच्न सुरू गर्छ । यस ठाउँमा साँझपख लाखे मार्ने गरिन्छ । यस मेलामा सोरठी, पैँसरी विगतमा पत्येक गाउँका नाचहरू लिएर नाच्ने गरिन्थ्यो हाल एक सोरठी पैँसरी र लाखे मात्र नाच्ने गरिन्छ । यसलाई लाखेको मेला पनि भन्ने गरिन्छ ।

आजभोलि स्थानीय र वन समूहले विभिन्न खेलको आयोजना गरी खेल खेलाउँछन् । मेलामा दाक, अनार, आँप, केरा, बदाम पाइन्छ ।

### ४.४ मङ्राको मेला, वडा नं. ३

कपुरकोट गाउँपालिका वडा नं. ३ अन्तर्गत मूलपानीमा मङ्रा भन्ने स्थान राप्ती राजमार्ग नजिक माथितिर रहेको छ । यस ठाउँको नाम मङ्रा रहनुको कारण यस ठाउँमा मगरहरूको जमघट भई नाचगान गर्ने भएका कारणले मङ्रा भनिएको हो भन्ने केही व्यक्तिहरूको भनाइ छ । तर अठार मगरातमा खाम भाषामा मङ्ग्राको शाब्दिक अर्थ स्वच्छ सफा मूल भएको ठाउँ भन्ने हुन्छ । यहाँ माथि पहर भएको र तल स्वच्छ सफा मूल पानी जागेको छ । हाल यहाँ धाराहरू बनाइएको छ । त्यसैले यो ठाउँ मगर खामभाषाबाट रहेको हो भन्ने बढी प्रमाणिक छ । यस पानीको मुहान माथि आकर्षक गुफा

रहेको छ । सो गुफामा प्राचीन समयमा सिद्धबाबा तराई र पहाड गर्ने क्रममा यस गुफामा बस्ने गर्दथे भन्ने भनाइ रहेको छ ।

यस्तै गुफा कपुरकोटा ५ रिमको कनकन थानमा रहेकोले कहिलेकाहीँ त्यस गुफामा पनि सिद्धबाबा जान्थे र बस्थे भन्ने भनाइ छ । त्यसैले यी दुवै ठाउँमा मङ्सिर पूर्णिमाको दिन भजनकीर्तन, नाचगान, सिद्धबाबालाई धारधुप गर्ने चलन परापूर्वकालदेखि नै थियो । सिद्धबाबालाई धारधुप गर्ने, रोटहरू चढाउने, मानिसहरूको चमघट हुने क्रममा नाचगान रमाइलो गर्न थालियो । यही क्रममा यहाँ मेला लाग्न सुरू गऱ्यो भन्ने भनाइ छ ।

यस मेलामा पहिलो सोरठी, पैँसरी, झमरा नाच्ने चलन थियो, तर ती हाल लोप भएर गएको छ । हाल स्थानीय क्लब, वन समूहले आयोजना गरी नाचगान र खेलकुद कार्यक्रम गर्ने र पिङ खेलाउने खेल्ने गरिन्छ । यस स्थानको नजिकै शिवबाबाको भन्दिर छ भने सिद्धबाबाको पनि अलग्गै मन्दिर बनेको छ । यस मेलामा गन्जी, तरूल, बदाम, केरा आदि पाइन्छ ।

### ४.५ कनकनथानको मेला, वडा नं. ५

कपुरकोट गाउँपालिका वडा नं. ५ रिमको जामुनो भन्ने स्थानमा पाँच पूर्णिमा (कोजाग्रत पूर्णिमा) को दिनमा मेला लाग्ने गर्दछ । यस मेलाई कनकनथानको मेला र पाँच पूर्णिमाको मेला भन्ने गर्दछन् । यस मेलाको सन्दर्भमा परापूर्वकालमा हालको मेला लाग्ने चौर भन्दा तलको चौरमा एक दिन कुनै दुई महिलाहरूले हरियो आगो बलेको देखे । के हो भनी आश्चर्य पर्दै हेर्न जाँदा बल्दै गरेको आगोमा तीन वटा कनकन देखे । त्यहाँ गइपुग्दा आगो आफै हराएर गयो । तीन वटा सुनका कनकन (कुन्डल) चहकिला र अकर्षक थिए । दुई वटी महिलाले एक एक वटा बटा गरी सग्लो कनकनलाई काटेर आधा आधा बनाई भाग लगाएर आआफ्नो जिम्मा लिएर घरतिर आए । त्यसै राति दुवै महिलाको मृत्यु हुन पुग्यो र ती कनकनहरू आफै तलको गुफा गई बसे । मानिसहरू चकित परे र यी कनकनमा अलौकि शक्ति भएको विश्वास गरे । कनकनलाई पूजाआजा धारधुप गर्नु भनी सपनामा निर्देशन भयो । त्यसपछि गाउँका अगुवा मानिसहरू भेला भई छलफल गरी सोही अनुसार ती कनकनहरूलाई पूजाआजा, धारधुप गर्न थाले । कनकन भएको गुफा साह्रै अप्ठ्यारो थियो । त्यसैले परापूर्व कालमै बजागाजा फूलमालाले सजाएर तीन वटै कनकनहरूलाई हालको मेला लाग्ने चौरदेखि माथि गुफामा



ल्याएर राखे । यसैगरी नियमित रूपमा पूजाआजा, धारधुप गर्न थाले । परापूर्व कालमै हालको कपुरकोट ३ को मूलपानीको मङ्रामा मेला लगाउनका लागि कनकन लगेर गएको तर १२ वर्षपछि ती कनकनहरू आफै आएर यही जामुनेमा आई बसेको भन्ने यहाँ पूजारू रूद्र बहादुर बुढाथोकी अर्का बयोवृद्ध तेज बहादुर बुढाथोकीले बताउनुहुन्छ ।

यसरी गुफामा रहेका कनकनलाई चतुर्दशीका दिन साँझ गाईको दुधले पूजारीले धारा हाल्ने र कनकनलाई नुहाइदिने, धुपबत्ती बाली पूजाआजा गर्दै आउँदा यहाँ मानिसहरू जम्मा भई नाचगान रमाइलो गर्दै गर्दा परापूर्वकालदेखि नै यो मेला सुरू भएको भन्ने भनाइ छ । कनकनहरूलाई मङ्सिर पूर्णिमामा, जेठासी पूर्णिमामा, शिवरात्रीमा, कोजाग्रत पूर्णिमामा वर्षको चार पटक धारधुप गर्ने चलन छ । मेला भने कोजग्रत पूर्णिमाको दिन लाग्ने गर्छ । शिवजीका कुण्डलहरू यी कनकन हुन् भन्ने विश्वास छ । चतुर्दशीका दिन बाँसको टिङ्गालामा ध्वजा, फूलपाती, फूलको माला राखेर गुफा नजिक धारधुप गर्दै गाड्ने चलन छ । रोट, खीर पकाएर चढाउने चलन छ । यहाँ सोरठी, पैँसरी, टप्पा नाचहरू नाच्ने गरिन्थ्यो । हाल आएर स्थानीय क्लब र वन समूहले विभिन्न खेलको आयोजना नाचगानको व्यवस्था गर्दछन् । सोरठी र पैँसरी नाच्ने निकै कम भएको छ । पहिले पहिले चतुर्दशीका दिन साँझ रातभरि गाना, बजाना, दोहरीहरू चलाउने भएकोले रातिमा पनि मेला लाग्थ्यो भने हाल पूर्णिमाको दिनभरि मात्र लाग्छ ।

### ४.६ कालापात्लाको मेला, वडा नं. १

कपुरकोट गाउँपालिका वडा नं. १ को कालापात्लामा जमजुते पूर्णिमा पछिको पञ्चमीका दिन सिद्धबाबालाई गाईको दुधले धार दिएर पातीको धुप बनाई गाईको गोबरको खोपा बनाई दुध चढाउने र केही खोपाहरूमा साँरा, बोका, चल्ला काटेको रगत चढाइन्छ । गाउँको अग्लो स्थान कालापात्ला मेला लाग्ने चौरको माथि डाँडामा पूजापाठ गरिन्छ । पूजापाठको लागि आवश्यक पर्ने बोका, साँरा, चल्ला, कुखुरा, फूलपाती, गाईको दुध, चामलको पिठो आदि सामग्रीहरूको व्यवस्था गर्ने चलन छ । सिद्धबाबाका पूजा गर्ने परापूर्वकालदेखि नै रोमखामी बुढामगरका सन्तानहरूले गर्नुपर्छ भन्ने विश्वास छ । त्यही अनुरूप उनीहरले नै गर्दै आएका छन् । हालका पूजारी लिला बहादुर बुढा, भीम बहादुर बुढा हुनुहुन्छ । सिद्धबाबा रिसाएरमा गाउँघरको हानीनोक्सानी हुने, पूजारीहरूलाई झन ठुलो क्षति हुने, सामाजिक कलह पनि

हुने, अन्नपात, फलफूल जस्ता उत्पादनमा कमी आउने, प्राकृतिक प्रकोप पहिरो, चट्याङ, बाढी, हुरीबतास जस्ता विपत्तिहरू आईपर्ने जन विश्वास छ । त्यसैले सिद्धबाबाको पूजा गर्नाले सबैको शान्ति हुने विश्वास गरिन्छ । सिद्धबाबाको पूजाआजा गर्दैगर्दा यहाँ परापूर्वकालदेखि नै मेला लाग्न सुरू भएको हो । यहाँ सोरठी, पैँसरी, टप्पा, भुमे नाचहरू नाच्ने गरिन्थ्यो भने हाल पैँसरी र सोरठी मात्र नाच्ने गरिन्छ भनेर स्थानीयबासी संस्कृति सम्बन्धी जानकारी भएका कृष्ण बहादुर मल्लले बताउनुहुन्छ ।

आजभोलि स्थानीय क्लब र वन समूहले विभिन्न खेल, गीत, नाचको आयोजना गरी मेलाई आकर्षक बनाएका हुन्छन् । यहाँ गन्जी, केरा, तरूल, सुन्तला र मासुहरूको परिकार पाइने गर्छ ।

### ४.७ दानवाङको मेला, वडा नं. २

कपुरकोटा गाउँपालिका वार्ड नं. २ को दानवाङमा सोह्रश्राद्धको पूर्णिमाको दिन परापूर्वकालदेखिनै यहाँ मेला लाग्ने गर्दथ्यो । नेपालको द्वन्द्वनकालीन समय वि.सं. २०५२ भन्दा अगाडि पूजारूका घरका श्रीमान श्रीमतीलाई बेहुला र बेहुलीको रूपमा सिँगारी डोलीमा हाली बोकेर मेला लाग्ने स्थानमा लग्ने चलन थियो । उक्त चलन द्वन्द्वकालीन समय यता हराएर गएको छ । परापूर्व कालदेखि नै सल्लेरीदेखि माथि रहेको सिद्धको थानमा धारधुप गरी बोका काटेर रगत चढाई पूजाआजा गर्ने चलन छ । यस मेलामा बदाम, केरा, जाँचडरक्सी, मासुको परिकार आदि पाइन्छ ।

पहिले पहिलो यस मेलामा पैँसरी, सोरठी, झ्याङा, भुमे जस्ता नृत्य र गीतहरू गाउने नाच्ने चलन थियो । हाल तीमध्ये केही लोप भएर गएका छन् भने पैँसरी र सोरठी पनि कमै मात्रा नाच्ने र गाउने गरिन्छ । आजभोलि स्थानीय क्लब र वन समूहद्वारा विभिन्न खेल र नाचगानको आयाजना गरी मेला मनाउने गरिन्छ ।

### ४.८ कपुरकोटको लाखे मेला, वडा नं. ३

कपुरकोटा गाउँपालिका वडा नं. ३ मा रहेको हालको पुरानो कालिका मा.वि.का प्राङ्गणमा जन्माष्टमीको पर्सीपल्ट दशमीको दिन बिहानदेखि साँझसम्म मेला लाग्ने गर्छ । यो मेलालाई लाखेको मेला पनि भन्ने चलन छ । यहाँ बिहानदेखि साँझसम्म लाखे नमारून्जेलसम्म लाखे नाच्ने भएको हुनाले र लाखेकै कारण मेला लाग्ने भएको हुनाले लाखेको मेला भन्ने गरिएको हो ।



यहाँको लाखे श्रावण महिनाको पहिलो मङ्गलबार निकाल्ने गरिन्छ, तर आजभोली नाचका गुरू र नाच्ने मानिसहरूको समयलाई ख्याल गरेर निकाल्ने पनि गरिन्छ । लाखे निकाल्दा लाखेका गुरूले मन्त्र गरेको सिँदुर, झ्याली, ढोलक, बाँसुरी, लाखे र स्वाङेको मुकुण्डोमा लगाइन्छ । लाखेको मुकुण्डो राखेको कोठामा एघार वटा बत्ती बालेको, फूलपाती भेटी राखेको था (पातबाट तयार गरिएको ठुलो टपरी) हुन्छ । लाखे नाच्नका लागि सिँगारिएको लाखेले यो थालाई परिक्रमा गर्दछ । लाखे कोठाबाट ढोका बाहिर आउँदा ढोका बाहिर राखेको भाले काटी लाखेको मुकुण्डो र चौरमा भालेको रगत लगाइन्छ अनि लाखे नाच सुरू गरिन्छ । यो कार्यलाई लाखे जगाउने वा निकाल्ने भनिन्छ । लाखे जागिसकेपछि जन्माष्टमीको पर्सीपल्ट दशमीको दिन साँझ नमार्दासम्म बजार, टोलबस्तीमा नाच्ने गर्दछ । जन्माष्टमीको दिन लाखे नाचिन्छ, नवमीको दिन रोपाइँ र दही जात्र गरिन्छ र दशमीको दिन लाखे मार्ने मेलामा दिनभर ढोटा मारूनी, भोटेभोटेनीको नृत्य गरी रमाइलो गरिन्छ । लाखे मार्ने समयमा पनि फूलपाती, भेटी र ११ वटा बत्ती बालेको था राखिन्छ । मन्त्र गरेको सिँदुर राखेको रथले नहानोस् भनेर मेलामा नाच्ने नचारूहरू, बाजा बजाउनेहरू र मेला हेर्न आउने सबै मानिसलाई सिँदुरको टीका लगाइन्छ । लाखेका लागि चार द्वार (ढोका)हरू खुला गरिन्छ । लाखेका कपडाहरू छराउँदै गरिन्छ । भाले काट्ने र मुकुण्डो घोप्टो पार्ने काम सँगै गरिन्छ । लाखेको खप्परलाई सबैले हात लगाएर दाब्ने गरिन्छ । यसरी लाखे मार्ने काम यहाँ गरिन्छ भनेर लाखेका गुरू रेशम बहादुर गिरी, वडा अध्यक्ष प्रदिप खड्काले बताउनु भएको छ । लाखे मारिसकेपछि मेला पनि फाट्ने गर्दछ ।

यस मेला अवधिभर मेलामा आएका मानिसहरूले त्यहाँका आप, बदाम, केरा आदि खाएर रमाइलो गर्ने गर्छन् ।

### ४.९ दहवन (गैरीवाङ)को मेला, वडा नं. १

कपुरकोट गाउँपालिका वडा नं. १ गैरीवाङको दहवनमा कोजाग्रत पूर्णिमा मेला लाग्ने गर्दछ । यसैलाई दहवनको मेला भन्ने गरिन्छ । परापूर्वकालमा चतुर्दशीका दिन साँझ पैँसरी, सोरठी, टप्पा, भूमे नाच नाच्ने, झ्याङा, ठाडीभाकामा दोहोरी गाउने गरिन्थ्यो । रातभर रमाइलो गरिसकेपछि बिहान दहवनको पोखरीभन्दा माथि बराह पूजा गर्न धारधुप र साँरा, बोका काटेर

पूजाआजा गरिन्थ्यो । बिहान पूजा गरिसकेपछि मेला फाट्ने गर्थ्यो । हाल आएर बिहान पूजाआजा गरे सँगसँगै मेलाको सुरूवात पनि बिहानदेखि नै हुने गर्छ । आजभोलि स्थानीय क्लब र वन समूहले मेलामा विभिन्न खेल र नाचगानको आयोजना गरी मेलालाई भरपुर मनोरञ्जन दिएका हुन्छन् ।

यस मेलामा बदाम, केरा, गन्जी, तरूल, मासुका परिकारहरू प्रसस्त पाइन्छन् । बराहा रिसाए भने गाउँघर अशान्ति हुने, प्राकृतिक प्रकोप हुने, पशु चौपायाको क्षति हुने, सुविकालमा असर पुग्ने भएको हुनाले बराहालाई खुसी पार्न परापूर्वकालदेखि नै पूजाआजा गर्ने चलन बसेको हो । यसको निरन्तरताका क्रममा यहाँ मेला लाग्ने गरको हो भन्ने स्थानीयबासी तेज बहादुर राना र वडाध्यक्ष बालाराम खड्काले बताउनुहुन्छ ।

### ५. धार्मिक तथा पर्यटकीय स्थल

यस कपुरकोट गाउँपालिकामा विभिन्न प्राचीनकालदेखिका जनविश्वासमा रहेका धार्मिक स्थल र प्रकृतिले सिँगारिएका अत्यन्त मनमोहक पर्यटकीय स्थलहरू रहेका छन् । तीनका सन्दर्भमा निम्नानुसार सामान्य परिचय दिने प्रयास गरिएको छ ।

#### ५.१ शिव पाइला, वडा नं. ५



कपुरकोट गाउँपालिका वार्ड नं. ५ रिम ठुलो चौर नजिक हालको खेलमैदान ( रङ्गशाला) नजिक रिम टुनिबोट जाने मोटरबाटो सडकको बिचमा परापूर्वकालदेखि मानिसहरूले वरपर गर्दा फूलहरू, बोटविरूवाका पातहरू चढाउने ढुङ्गा छ । त्यस ढुङ्गामा एउटा पाइतालाको दायाँ खुट्टाको छाप छ । त्यो छापको कुर्कुचाको भाग ३ इन्च चौडाइ, पन्जाको भागमा ८ इन्च चौडाइ र कुर्कुच्चादेखि पन्जासम्मको लम्बाई २२ इन्च रहेको छ । यही छापलाई शिवको पाइला भन्ने विश्वास रहेको छ । मानिसहरू वरपर गर्दा यहाँ फूलपाती चढाउने र ढोग्ने गर्दछन् ।

परापूर्वकालमा सतीदेवीको बुबा दक्ष प्रजातिले सतीदेवीको श्रीमान् शिवको अति निन्दा गरेका कारण सहन नसकी पूजा गर्न लागेको ठुलो



अग्निकुन्डमा हामफालेर आत्मदाह गरेकी थिइन् । सो कुरा नारद मार्फत शिवले थाहा पाएपछि आफ्ना सेना नन्दीभिरङ्गी र वीरभद्रलाई दक्षको सेना र यज्ञको विध्वंश गर्न निर्देशन दिएपछि शिवका सेनाहरूले शिवले भने बमोजिम गरिसकेपछि शिव त्यस ठाउँमा पुगी सतीदेवीको लासलाई बोकेर घुम्ने क्रममा विभिन्न ठाउँमा विभिन्न अङ्गहरू पतन हुँदै गए र अन्त्यमा सल्यानको छायाँक्षेत्रमा आउँदा सतीदेवीका बाँकी अङ्ग पतन भयो । यही क्रममा आउँदा शिवको पाइला यस ढुङ्गामा परेको र यसै ठाउँको जामुने कनकन थानमा शिवको कनकन खसेका थिए भन्ने जनविश्वास रहेको छ । त्यसैले कनकन थानलाई शिवको पवित्र कुन्डल रहेका भनेर पूजाआजा गरिन्छ भने शिव पाइलालाई पनि फूलपाती र पातहरू चढाई ढोग्ने गरिन्छ ।

#### ५.२ दक्षिण कालिका भगवती मन्दिर, वडा नं. ३



कपुरकोटा गाउँपालिका वडा नं. ३ अन्तर्गत रहेको दक्षिण कालिका भगवती मन्दिर वि.सं. १९२८ मा सुरू गरेका हुन् भन्ने भनाइ भएता पनि यसको नियमित सञ्चालन वि.सं. २०२८ बाट भएको प्रमाणित हुन्छ । २०२८ मा डण्डिराम गिरी, धरणीधर शर्मा, डिल्लीराज शर्मा, भद्र जङ बुढा, ईश्वरी प्रसाद शर्मा, सर्वजित थापा, गंगाराम गिरी, डंगु बुढाथोकी, भानु एरी, तेज बहादुर सेन, बाबुराम शर्मा आदिको पहलमा स्थानीय व्यक्तिहरूको आर्थिक र श्रम सहयोगले खरले छाएको छानो, ढुङ्गा र माटो गारो लगाएर मन्दिर सञ्चालनमा ल्याउनु भएको थियो । ऋषि पूर्णिमा दसैँको घटस्थापनादेखि टीकासम्म र चैत्र अष्टमीमा यसमन्दिरमा गई पूजाआजा गर्ने चलन छ । यसका अतिरिक्त पूजा, रूद्री पाढ, बिहेबारी गर्ने चलन पनि चल्दै आएको छ ।

विशेष गरी घटस्थापनादेखि दसैँको टीकाका दिनसम्म पूजाआजा गर्ने चलन छ । अष्टमीका दिन पञ्चबल पनि दिने गरिन्छ । २०७४ को स्थानीय निर्वाचन भइसकेपछि स्थानीय सरकारबाट विनियोजित रकमले यहाँ पक्की खालको मन्दिर बनाइएको छ । यस ठाउँको मन्दिर धार्मिक आस्थाका रूपमा भक्तजनहरूका लागि आस्थाका धरोहर र सबैका लागि एक पर्यटकीय स्थलको रूपमा हेरिन्छ ।

### ५.३ सातामूल, वडा नं. ६




कपुरकोट गाउँपालिका वडा नं. ६ अन्तर्गत खोली गाउँको रँएजे जाने बाटोको पश्चिमतिर खानी लेकको फँदमा ठुलो पानीको मूल जागिरहेको छ । यस ठाउँलाई सातामुल भन्ने गरिन्छ । यहाँ सातवटा मूल रहेका कारण यस ठाउँको नाम सातामूल रहेको भन्ने स्थानीयबासीको भनाइ छ । परापूर्वकालदेखि सातामूलमा खड्का परिवारहरूले बराहा पूजा गर्दै आएको र बिचमा अन्य थरका पूजारीले पनि पूजा गर्ने गरेकोपाइन्छ । सातामूलको सन्दर्भमा हालका पूजारी भीम बहादुर खड्काको भनाइ अनुसार परापूर्वकालमा निसन्तान भएका खड्का परिवारको एक महिलालाई यहाँ आई सातामूलको बराहा बाजेलाई सन्तान प्राप्ति होस् भनी पुकार आराधना गरी गरेकोले त्यहाँ जामुनाको फल खसेको र त्यही जामुनाको फल खाइसकेपछि सन्तान प्राप्ति भएको भन्ने भनाइ छ ।

यहाँ असत्य, झुठो, बेइमान गर्नुहुँदैन गरेमा बराहाले सराप्छन्, दण्ड दिन्छन् भन्ने विश्वास छ । हालसम्म थाहा पाए अनुसार पूजारीहरूमा भक्तमान खड्का, मोतीलाल खड्का, जैमनी ओली, मान बहादुर खड्का रहनुभएको थियो । हाल मूल पूजारीको रूपमा भीम बहादुर खड्का हुनुहुन्छ । उहाँ पनि बर्दियातिर बसाइँ गर्ने भएकोले उहाँ मार्फत फौद बहादुर खड्का र घनश्याम खड्कालाई पूजा गर्ने विधि सिकाएको कुरा उहाँले बताउनु भएको छ ।

चन्द्रभान बिक.का बुबा रती बि.क.लाई हैजा लागेको बेला सातामूलको दर्शन गरी भाकल गरेपछि हैजाबाट मुक्त भएको भन्ने कुरा स्थानीयबासी चन्द्रभान बि.क.ले बताउनुभएको छ । यस सातामूलमा पूजा गर्ने विधिहरू सर्वप्रथम सिद्धलाई दुई रोट बनाएर बल्लेजुरका सिद्धलाई चढाउने गरिन्छ । बाह्र भाइ बराहालाई बाह्रवटा पातमा खीरको भाग लगाई चढाइन्छ । खिका सहितको सेतो ध्वजा काठको मौलो बनाई घाँट सहित मौलो चढाइन्छ र धारधुप गरिन्छ । पानी नपर्दा यहाँ बराहाको पूजा गर्नाले पानी पर्छ भन्ने जनविश्वास छ । पहिले दसैँको टीका चढाउन गाउँलेहरू सोरठी, पैँसरी,



टप्पा नाच लिएर टीका, जमारा, फलफूल रोटीहरू लिएर सातामूलमा चढाउने गरिन्थ्यो । नाचगान यहाँ गरिसकेपछि मुखिया जिम्वालको घरमा बाजागाजा सहित ओलक लगेर जाने चलन थियो । तालुकदारी प्रथाको अन्त्यसँगै यो चलनको पनि अन्त्य भएको छ ।

हाल सातामूल पवित्र धार्मिक स्थल मात्र नभई रमणीय पर्यटक स्थलका रूपमा चिनिदै छ । वडा, पालिका, सांसद विकास कोष, प्रदेश र सङ्घबाट वेलावेला आएको रकमबाट घेराबार, पानीका धारा, शिवमन्दिर, पानी जम्मा गर्ने पोखरी, फिल्ड निर्माण, मूर्ति निर्माण जस्ता कामहरू गरिएका छन् । कपुरकोट गाउँपालिकाको पानीको सबैभन्दा ठुलो स्रोतको स्थान रहेकोले पनि यो ठाउँ अत्यन्तै महत्त्वपूर्ण छ । माघीका दिन माघी नुहाउने चलन परापूर्वकालदेखि चल्दै आएको छ । हिउदमा यो मूलको पानी नुहाउँदा तातो हुने र गर्मी मौसमा चिसो हुने गर्दछ ।

### ५.४ बेहुलाबेहुली ढुङ्गा, वडा नं. ५




कपुरकोट गाउँपालिका वडा नं. ५ रिमको हाल जीवनज्योति नमुना मा.वि.को मूल गेटको सुरुमा एउटा अग्लो सिलिक्क परेको र अर्को तलको भाग अलि ठुलो, माथिल्लो भाग सिलिक्क परेको दुई वटा ढुङ्गा छन् । यी दुई ढुङ्गालाई एउटा सेतो रङ छ जसलाई बेहुला र अर्को रातो रङमा छ त्यसलाई बेहुली भनेर लेखिएको छ । यस दुई ढुङ्गाको नामबाट यस ठाउँलाई ब्याउलीगैरा भन्ने गरिएको छ । यस विद्यालयको नाम वि.सं. २००९ सालमा त्रिभुवन पब्लिक प्राइमेरी स्कुल भएको पछि २०३६/११/१५ गते विद्यालयको नाम परिवर्तन गरी ब्याउली निम्न माध्यिमिक विद्यालय हुँदै ब्याउली माध्यमिक विद्यालय एको ऐतिहासिक अभिलेख छ भने पुनः समयकाल अनुसार नाम परिवर्तन हुँदै यो विद्यालय हाल ब्याउली मा.वि. नभई जीवनज्योति नमुना मा.वि.का रूपमा परिचित छ । ब्याउला ब्याउली भन्ने शब्द अठार मगरातको खाम भाषामा दुलाहा दुलही वा बेहुला बेहुली भन्ने हुन्छ । परापूर्वकालमा यस विद्यालय रहेको स्थानमा ठुलो दह थियो । यसका वरपर जङ्गल थियो । जङ्गलका चराचुरुङ्गी, मृगहरू


यस ठाउँमा आई दहको पानी खान गर्दथे । दहको पानी निर्मल थियो ।

पूर्वपश्चिम गर्नका लागि विद्यालयदेखि माथि हालको शीतल बजारमा हिँड्नेका लागि बाटो थियो । परापूर्व कालकै समयमा कुनै ठाउँका केटाकेटीहरूमा मायाप्रेम धेरै भयो । ठुला मानिसहरूले जबर्जस्त केटीलाई अन्तै बिहे गरिदिए । बिहेकै दिन केटीले केटालाई भाग्ने समयको अवसर मिलाई घरबाट भाग्न पुगे । यसरी भाग्दै लुक्दै छिप्दै आउने क्रममा केही दिनपछि यस ठाउँमा उनीहरू आउन पुगे र उनीहरूलाई खोज्दै हिँड्ने, स्वास्नी हराएको मानिस ( भतार) पनि पिछा गर्दै यस ठाउँमा खुकुरी सहित आइपुगे । तत्कालीन समयको नियम अनुसार जारी गर्नेलाई मारी गर्ने भएअनुसार श्रीमती भगाउने जार र भागेकी श्रीमती ठुलो सङ्कटमा परे । ती दुवैलाई हालको शीतल बजार भन्दा पश्चिमतर्फ गएर लुकी बसेको थाहा पाएपछि ती बेहुला बेहुली सिधै दहमा आए । आफू मर्ने निश्चित भइसकेपछि ती दुवै जनाले आफ्नो कूल देवतालाई सम्झी हाम्रो जीवनको स्वच्छ माया प्रेम दुनियाँले थाहा पाउने गरी हामीलाई ढुङ्गामा परिणत गरिदेउ भनी कुलदेवताको आराधना गर्दै दहमा हामफाले र ढुङ्गामा परिणत भए । त्यसपछि काट्न तम्सिएको भतार पनि ढुङ्गा भएको जारलाई तरबारले काट्छु भन्दा ऊ पनि ढुङ्गामा परिणत भयो र दुलहीले बोकेर ल्याएको कुम्लो पनि ढुङ्गामा परिणत भयो भन्ने किंवदन्ती छ । तरबारले हानेको खत बेहुलो ढुङ्गामा परेको भन्ने भनाइ रहेको छ । समयको कालान्तर पछि खजुरीको लेकबाट पहिरो आउँदै गर्दा दह पुरिएर समथर भूमिमा परिणत भयो । बेहुला बेहुलीले बोकेको कुम्लो ढुङ्गो र भतार ढुङ्गामा परिणत भएको ढुङ्गो यहाँ बाटो बनाउँदा र घर पर्खाल बनाउँदा तिनीहरूको सुरक्षा हुन सकेन । तर यस बेहुला बेहुली ढुङ्गालाई यस रिममा स्थापित एकीकृत जनजागृति युवाक्लबले आर्थिक र श्रमको व्यवस्था गरी यी ढुङ्गाको माथि छानो हाली त्यससँग सटेको सरस्वतीको मन्दिर र सरस्वतीको मूर्ति बनाएर हस्तान्तरण गर्ने काम गऱ्यो ।

जीवनको सच्चा प्रेमको उत्कृष्ट नमुनाका रूपमा मरे सँगै बाँचे सँगै भन्ने भावना यी दुई ढुङ्गालाई लिने गरिन्छ । यो ऐतिहासिक बेहुला बेहुली ढुङ्गा कपुरकोट गाउँपालिकाको मात्र नभई समग्र सल्यान र देशकै लागि महत्त्वपूर्ण स्थान हो । यहाँ आउनेहरू यही ढुङ्गाहरूमा तस्बिरहरू खिच्ने गर्दछन् ।




### ५.५ पाटेश्वरी मन्दिर, वडा नं. ४



आजभन्दा ४०० वर्ष अगाडि हाल रोल्पाको गजुलबाट भोटु डाँगीको बुढा बाजे बसाइसराइ गरी कपुरकोट हाल वार्ड नं. ४ गाँडापानीमा आउँदा उनीसँगै आफ्ना सासू र ससुरा सेन ठकुरी आएका थिए । सेन ठकुरीका छोराहरू नभएका कारण छोरी ज्वाइँ उनी नै भएको हुँदा सहाराका लागि छोरीज्वाइँसँग उनी पनि बसाइ सरी आएका थिए । आउँदा आफ्ना कुल देवता पाटेश्वरी र कालिकालाई लिएर आएका थिए । सुरुसुरुमा सेनठकुरीको वंशज पूजा गर्ने कुल देवता भएकाले सेनहरूले मात्रै पूजा गर्ने गर्दथे । पछि आम रूपमा स्थानीयबासीहरू पनि पाटेश्वरी भगवतीप्रतिको आस्था बढेर गयो र पूजाआजा गर्न थाले । घटस्थापनाको दिन पूजाआजाको आरम्भ गरी दशमीको दिन टीका चढाएपछि पाटेश्वरी भगवतीको पूजाआजा समाप्त हुन्छ । सुरूमा घटस्थापनाको दिन ठुलो मेला लागेर सोरठी पैँसरी टप्पा नृत्य नाच्ने गरिन्थ्यो । मेला भर्न आएका र स्थानीयहरू विभिन्न भाकामा दोहोरी गाउने गर्दथे । आजभोलि पाटेश्वरीको मेला लोप भएर गएको छ । मेला नलागे पनि घटस्थापनाको दिन मन्दिरमा पूजाआराधना, भजन, कीर्तन गर्ने चलन चलिरहेको छ । सुरूमा लाखुँरीको रूखमुनि पातीले बारेर माथिबाट खरको छाने बनाएर भित्र सरसफाइ गरी पूजाआजा गर्ने चलन थियो । २०५० सालतिर स्थानीय व्यक्तिहरूको पहल कदमीमा आर्थिक र श्रमको व्यवस्था गरी सानो मन्दिर बनाएर त्यही मन्दिरमा पूजाआजा गर्ने व्यवस्था गरिएको छ । सत्य, न्याय र सबै मानिसहरूको रक्षा र रखपाल गर्ने देवीको रूपमा पाटेश्वरीलाई लिने गरिन्छ । कपुरकोटको एक महत्त्वपूर्ण धार्मिक पवित्र स्थलका रूपमा यो पाटेश्वरी मन्दिर रहेको छ । यसलाई धार्मिक पर्यटन स्थलका रूपमा विकास गर्ने सम्भावना रहेको छ भन्ने स्थानीय जनप्रतिनिधि वडा अध्यक्ष मित्र कठायत, समाजसेवी रत्नलाल ओली र टीकाराम कठायतले बताउनु भएको छ ।

## ५.६ दुर्गामाता मन्दिर, वडा नं. ५


वि.सं. २०४४ पञ्चायतकालीन समयमा तत्कालीन रिम गा.वि.स.का प्रधानपञ्च कृष्ण बहादुर खत्री र उपप्रधानपञ्च देव बहादुर भण्डारीको पालामा बनेको दुर्गामाता मन्दिरको मूर्ति चक्रपाणी योगीले निर्माण गरेका हुन् । छानो झिँगटी, पर्खाल इटा र ढुङ्गाको बनाइएको अति आकर्षक थियो । द्वन्द्वकालीन समयमा यहाँका सामग्रीहरू हराएर गए र मन्दिर पनि जीर्ण भएर गायो । पञ्चायतकालमा साविक रिमको वडा नं. २ बाट निर्वाचित महिला सदस्य मैती देवी बुढाले पञ्चबल दिनु भएको थियो । हाल आएर कपुरकोट ५ का निवर्तमान वडाध्यक्ष याम कुमार बस्नेतद्वारा सिलान्यास गरेको र निवर्तमान उपाध्यक्ष तीला बुढामगरबाट उद्घाटन भएको दुर्गामाताको मन्दिर २०७७ असोज २३ मा सम्झौता गरी २०७७ फागुन १ मा सम्पन्न भई यसको पुनर्निर्माण भएको छ । मन्दिर व्यवस्थापनका अध्यक्ष शिवराज बि.क., सचिव कृष्णलाल बि.क., कोषाध्यक्ष कमला बि.क. र उषा देवकोटा, अम्मर महतरा, पदम बि.क., मनिषा बि.क., सेवक कुमार बि.क. सदस्य रहनुभएको छ । यस मन्दिरको सल्लाहकार संयोजक भद्रसिंह बुढा, टोपेन्द्र केसी, खड्क केसी र टीकाराम केसी रहनुभएको छ । दैनिक रूपमा भजन कीर्तन सुन्ने सुनाउने गरिन्छ ।

बडा दसैँका लागि मन्दिरमा घटस्थापनाका दिन जमरा राखी पूजाआजा गर्ने चलन छ । टीकाका दिन मन्दिरको पूजाआजा समापन हुन्छ । चैत्र अष्टमीमा पनि यहाँ पूजाआजा गरिन्छ । यस मन्दिरलाई घण्टी चढाई सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष दुर्गा बहादुर पुन, जीवनज्योति स्कुलका प्र.अ. भूपाल साहु, स्थानीय समाजसेवी रेशम उपाध्याय, तिलसरी बोहोरा, स्व. इन्द्र बहादुर खत्री, भीमसेन थापा, लालबहादुर थापा हुनुहुन्छ । आमा भीमाको नामबाट ब्रह्मदत्त मिश्रले मन्दिरको पूजाको सामग्री व्यवस्थापन गरिदिनुभएको छ । टीकाराम केसीबाट भजनकीर्तनका लागि विद्युत उपलब्ध गराउनुभएको छ । पूजारीको काम लिलामणि देवकोटाले गर्दै आउनुभएको छ । यस




मन्दिरको शिलालेखको आर्थिक सहयोग स्थानीय बुद्धिजीवी नवराज बुढाले गर्नुभएको छ ।

## ५.७ राधाकृष्ण मन्दिर, वडा नं. ५



कपुरकोट गाउँपालिका वडा नं. ५ तीनडाँडामा राधाकृष्ण मन्दिर२०७१ सालमा निर्माण भएको हो । यो मन्दिरमा बिहान बिहान भजन कीर्तन गर्ने गरिनछ । मन्दिरमा जन्माष्टमीको दिन ब्राह्मणद्वारा बिहान पूजाआजा गरिसकेपछि भक्तजनहरू नाचगान गर्न, भजनकीर्तन गर्न आउँछन् र दिनभर नाचगान गरिन्छ । यहाँको प्रशिद्ध नृत्य लाखेले यहाँ आएर पातीद्वरा स्नान गराइन्छ । तिजका दिन पनि बाहिर शिवजीको तस्बिर राखी ब्राह्मणबाट पूजा आजा गराई दिनभर भक्तालुजनहरू नाचगान गरी रमाइलो गर्दछन् । यहाँको मन्दिर व्यवस्थापन समितिमा गोविन्द जङ शाह (अध्यक्ष), अरूणा खत्री (सचिव), उमा पुन (कोषाध्यक्ष), र सदस्यहरूमा कमानसिं बि.क, वेद बहादुर पुन, टीकाराम बुढा, भूपेन्द्र पुन रहनुभएको छ ।

## ५.८ शिव मन्दिर मङ्रा, वडा नं. ३




वि.सं. २०७४ बाट निर्वाचित स्थानीय सरकारका जनप्रतिनिधि पालिका अध्यक्ष भीम बहादुर सेन, उपाध्याक्ष तिला बुढामगर, वडाध्यक्ष मिन बहादुर सेन, कार्यपालिका सदस्य ठग बहादुर बि.क., सदस्य टीकाराम बुढाथोकी र स्थानीय व्यक्तिहरूका अगुवाइमा आर्थिक वर्ष २०७४/७५ र आ.व. २०७५/७६ को बजेटबाट रू. १० लाख विनियोजन गरी यो शिव मन्दिर, मन्दिरको प्रतिक्षालय, मन्दिर जाने घेराबार सहितको बाटो, शिव गुफामा लगाउने च्यानल गेट र शिवको मूर्ति वि.सं. २०७७ मा सम्पन्न भयो ।

पहिले मङ्सिर पूर्णिमाका दिन पूजा गर्ने गरिन्थ्यो भने मन्दिर बनिसकेपछि शिवरात्रीको दिन यस शिवमन्दिरमा पूजा गरिन्छ । दैनिक

रूपमा मानिसहरू शिवको दर्शन गर्न मन्दिरमा आउने जाने गर्दछन् भने अन्दाजी ५० मिटरजति लामो चौडाइ कम भएको शिव गुफामा हेर्न आउने गर्छन् । राप्ती राजमार्गको नजिक भएका कारण मानिसहरू आउनेजाने सङ्ख्या वृद्धि हुँदै गइरहेको छ । यसको नजिकमा स्थानीय व्यक्ति र लिसा कम्पनी गंगारोजिन टर्पेन्टाइनको तर्फबाट बनाएको सिद्धबाबाको मन्दिर पनि छ । यो मन्दिरमा मङ्सिर महिनाको पूर्णिमाको दिन पूजाआजा गर्ने गरिन्छ । सिद्धबाबाका सन्दर्भमा यस अघि नै कपुरकोट पालिका भित्रका मेलाजात्राको मङ्रा मेला भन्ने शीर्षकमा उल्लेख गरिएको छ । यसलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिने छ ।

### ५.९ ऐतिहासिक स्थल न्याले पौवा, वडा नं. ५



आजको कपुरकोट गाउँपालिका वडा नं. ५ रिम सल्यानको र्‍यालेमा ऐतिहासिक अति सुन्दर मनमोहक भक्तपुर दरबार र गोर्खा दरबारको झल्को दिने सानो क्षेत्रमा अति व्यवस्थित कला कौशलताले भरिपूर्ण दरबार आकारको पौवा बनाइएको थियो । जसको नाम न्याले पौवा भन्ने गरिन्थ्यो । यो पौवा पौवाका लागि नभई राजा, भाइभारदार, बडा हाकिम, सेना प्रहरीका प्रमुख लगायतका संलग्न टोली काठमाडौँबाट पूर्वपश्चिम गर्दा महिनौ दिन बस्ने, बैठक सञ्चालन गर्ने, पूर्व पश्चिमवाट कैदी ओसार पसार गर्दा बास वसाउने, जनताबाट उठेको कर तत्कालीन समयमा उठ्ने चाँदीका पैसा, चामको थैलामा सिलबन्दी गरी चलानी नहुँदासम्म भण्डार गरी राख्ने, पूर्व पश्चिम लग्ने सामानलाई गोदाम गर्ने प्रयोजनका लागि वनाइएको उक्त भवन वि.सं. १८७० मा रूद्र वीर शाहीको नेतृत्वमा राजा रण बहादुर शाहको पालामा बनेको देखिन्छ । रण बहादुर शाह, भीमसेन थापाको नाम उल्लेख नभए पनि गिर्वाण युद्ध विक्रम शाहको नाम उल्लेख छ । कुशल प्रशासक भीमसेन थापाको राय सल्लाहमा पश्चिमका राज्यहरूलाई कब्जा गर्दै आगाडी बढने क्रममा तत्कालीन आठ हजार रिम सल्यानको न्याले भन्ने स्थानलाई उपयुक्त मानी उक्त भवन निर्माण गरी राजकीय बसाइँको रूपमा प्रयोग गर्ने गरी बनाइएको थियो । स्थानीय बुढापाकाको भनाइ अनुसार



तत्कालीन समयमा यो भवन निर्माण गर्न झन्डै दुई वर्ष लगाएर निर्माण गरिएको थियो भन्ने भनाइ छ । वि.स. १८६९ बाट सुरू भई १८७० मा पुरा भएको थियो । टुडाल, तोरण, आँखीझ्याल र स्तम्भमा देवी देवताका चित्र र रति क्रिडाले भरिपूर्ण चित्र कुँदिएका थिए । गुलाफ, गुराँस, केराका बुंगा, कलस अनेकौ वुट्टा ढोका र झ्यालमा कुँदिएका थिए ।

तीन तले पौवाको अग्र द्वारमा दुई वटा कन्याले पुष्प गुच्छाले स्वागत गरेको चित्र काठमा कुँदिएको थियो । पौवाको मूल भवन पछाडि उत्तरतर्फ फराकिलो ठाउँमा अति मनमोहक बिचमा पोखरी र वरिपरि बाटिका निर्माण गरी विशाल राजकीय भेला गर्ने, बैठकहरू बस्ने फराकिलो आकर्षक बैठक सभा निर्माण गरिएको थियो । त्यस स्थानबाट मनोरञ्जन लिने नाट्य कला, नृत्य प्रस्तुत गर्ने मञ्च बिचमा तयार गरिएको पछाडी पट्टी कलाकार सिँगारिने कक्ष (नेपथ्य) तयार गरिएको थियो । पौवाको पश्चिम पट्टी कैदी राख्ने झ्याल विनाको कोठा तयार गरिएको थियो । पौवाको मूल घरको दोस्रो तलामा राजा, भाइभारदारका लागि वस्ने सुत्ने, आराम गर्ने कक्ष निर्माण गरिएको थियो भने पौवाको भुइँतलामा सेना, प्रहरी सुरक्षाकर्मी बस्ने वनाइएको थियो र पौवाको तेस्रो तलामा बहुमूल्य सामानहरू राख्ने गराइएको थियो भने भुइँ तलामा कम महत्त्वका सामान गोदाम गर्ने छुट्टै कोठाहरू निर्माण गरिएको थियो । भाला बर्छी, ढाल, तरवार, बन्दुक, धनुकार लगाएतका हात हतियार भण्डारण गर्ने गरी छुट्टै कोठाहरू निर्माण गरिएको थियो ।

वि.सं. १८७० देखी १८७२ सम्म नेपाल अंग्रेजको युद्ध हुँदा पश्चिमको नालापानीको किल्लाका संरक्षक प्रमुख सेनानीलाई थप सेना र हातहतियार पुऱ्याउन यसै पौवामा बसी योजना गरेको भन्ने भनाई छ । राजा महेन्द्र युवराज हुँदा र राजा भई सके पछि दुई पटक यसै पौवामा वसेर आराम गरेको कुरा स्थानीयबासीको भनाइ छ ।

हात्ती घोडाहरू वाध्ने र घाँस खुवाउने व्यवस्था पौवाको पश्चिमतिर वनाइएको थियो । पौवामा बस्न आउनेहरू नुहाउने र पानी लिने नाउला भन्ने मुहानलाई अति व्यवस्थित गरी पानीको धारा र टंकी वनाइएको थियो भन्ने भनाइ छ र उक्त स्थानमा केही अवशेषहरू रहेको देख्न पाइन्छ । यस पौवाको सुरक्षाको व्यवस्था गर्नको लागि स्थानीयबासीलाई यस पौवाको गुठी जग्गा लगाउन दिएर आम्दानी खाने र पौवा सुरक्षा गर्न दिने व्यवस्था

गरिएको थियो । झिँगटीको छानोभित्र सालहरूका ठुला ठुला चौकस, निदाल, थाम र सालका ताँछिएका पटरीले तला बनाइएको थियो । ठुला ठुला थाम र चोकसमा विभिन्न फूलबुट्टा कुँदिएको थियो । तला जाने भऱ्याङमा सुन्दर फूलबुट्टाहरू कुँदिएका थिए । वि.सं. १९९० को महा भूकम्पले यो पौवालाई आधा भत्काएर जीर्ण बनाएको थियो । यसको संरक्षणको व्यवस्था हुन नसक्दा अति जीर्ण हुँदै गएको थियो । वि.सं. २०५४/५५ सालको द्वन्द्वकालीन समयमा दारपात र बाँकी रहेका इटाहरू समेत रातारात अज्ञात रूपमा सबै सामान चोरी निकासी गरी सिध्याउने काम भयो । अहिले पौवा भएको स्थानमा साना इटाका अवशेषहरू रहेको देखिन्छ । पौवा भएको क्षेत्र समेत अतिक्रमित भई सानो क्षेत्र भएको छ ।

आज नेपालको गौरवपूर्ण भवन नयाँ पुस्तामा आउँदा शीलालेख मात्र बाँकी रही अरू सबै हराएको छ । नेपालको मूल सम्पदा नेपालबाट यसरी हराएर जानु सम्पूर्ण नेपालीको लागि दुखद क्षण, भावी सन्तान र राष्ट्रका लागि धोका राष्ट्रिय सम्पत्तिको कंगाली करणको यो एउटा उदाहरण हो । यो पौवा पुनर्निर्माण गरिनु आज सबै नेपालीको लागि गौरव हो ।

### ५.१० सिस्नेरी धर्मशाला (ठाँटी) वडा नं.५

कपुरकोट गाउँपालिका वडा नं. ५ रिमको सिस्नेरी भन्ने ठाउँमा कुनै वेला प्रशिद्ध धर्मशाला रहेको थियो । कसैकसैले यसलाई ठाँटी पनि भन्ने गरेका थिए । सल्यान राज्य नेपालको मातहतमा वि.सं. १८६९ भाद्र ३ गते रहेपछि पूर्वपश्चिम गर्न सरकारी निकायका कर्मचारी, सेना, प्रहरी आदिलाई बास बस्ने, खानपिन गर्ने, आराम गर्ने घरको रूपमा प्रयोग गर्न एउटा धर्मशाला बनाइएको थियो । सो धर्मशाला आजभन्दा झन्डै १३० वर्ष अगाडि नै लोप भएर भएर गइसकेको थियो । त्यस समयमा सरकारी निकायका मानिसहरू आजतजावत गर्दा बास बस्ने, खाना खाने, आराम गर्ने गर्दथे भने आम जनताहरू पनि हिँडडुल गर्दा बास बस्ने, खनपिन गर्ने स्थलका रूपमा यो धर्मशाला प्रयोग हुन्थ्यो ।

हाल यहाँ उक्त धर्मशाला रहेको ठाउँ नजिक पिपलको रूख रहेको छ । जसलाई धर्मशाला पिपल भन्ने गरिन्छ ।

### ५.११ घँडारू चौर, वडा नं. ४

कपुरकोट गाउँपालिका वडा नं. ४ मा घँडारी चौर भन्ने स्थान छ ।



त्यो स्थान हाल खेल खेल्नका लागि रङ्गशालाको रूपमा विकास गर्न खोजिएको छ । माथितिर सानो लेकमा जङ्गलले हराभरा भएको हरित क्षेत्र, तलतिर वडा नं. ४ को किमीचौरको बस्ती भएको हेर्नका लागि अत्यन्त आकर्षक र मनोरम स्थाल हो । यहाँ खास ऐतिहासिक, धार्मिक स्थलका रूपमा केही नभएता पनि प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको हुँदा यो एक पर्यटकीय स्थलका रूपमा विकास गर्ने सम्भावना देखिन्छ ।

### ५.१२. रूम्टी लेक, वडा नं. १, २ र ५

रूम्टी लेक कपुरकोट गाउँपालिकाको १, २ र ५ नं. वडामा पर्दछ । यो धार्मिक स्थलको रूपमा मात्र नभएर एक महत्त्वपूर्ण पर्यटकीय स्थलको रूपमा पनि विकास गर्ने सम्भावना भएको स्थल हो । यस रूम्टी लेकको बारेमा कपुरकोट गाउँपालिका भित्रका मेलाजात्र भन्ने शीर्षकमा उल्लेख गरिएको छ ।

साथै यस पालिका भित्र रहेका माथि उल्लिखित बाहेकका पर्यटकीय स्थलको सम्भावना रहेका स्थलहरू खजुरेको लेक, दयाधुरीको लेक, बल्लेजुरको लेक, तीनडाँडाको चौर, देउराली चौरमा भएको गुफा, थर्कोट लेक आदि हुन् । यसरी सङ्घ, प्रदेश, स्थानीय तह, स्थानीय व्यक्ति, बुद्धिजीवी, गैह्र सरकारी संस्था लगायत सबैले सम्भावित पर्यटकीय स्थलहरूलाई समय सान्दर्भिक भौगोलिक अवस्थाको आधारमा थप व्यवस्था गरी धार्मिक, सांस्कृति तथा कृषि पर्यावरणीय पर्यटकीय स्थलको रूपमा विकास गर्न अति आवश्यक छ ।

### ५.१३. वनस्पति अनुसन्धान केन्द्र मूलपानी वडा नं. ३






कपुरकोट गाउँपालिका वार्ड नं. ३ मूलपानीमा अवस्थित रहेको वनस्पति अनुसन्धान केन्द्र कर्णाली प्रदेशको उत्कृष्ट पर्यापर्यटक स्थल हो । मिति २०५६ मा जिल्ला वनस्पति कार्यालयको नामबाट स्थापना भएको हो । २०७२ सालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना सँगै यस कार्यालयको नाम वनस्पति अनुसन्धान केन्द्रमा परिवर्तित भयो । हाल आएर यहाँ ५५१ प्रजातिका बोटविरूवाहरू रहेका छन् । यसमध्ये २४५ जति जडीबुटी रहेका

छन् । जडीबुटीको र वनस्पतिको अनुसन्धान गर्ने, यसका बारे प्रचारप्रसार तालिम दिने, जैविक विविधता र जडीबुटीको महत्त्वको बारे जनसचेतना दिने काम गरिन्छ । वनस्पति र जडीबुटीका विरूवाहरू उत्पादन गरी किसानहरू वनसमूहहरूलाई वितरण गरिन्छ । नयाँ नयाँ जडीबुटी खोजी र परीक्षण गरिन्छ । यस कार्यालयका प्रमुख डा. मित्रलाल पाठकका अनुसार यस ठाउँमा आउने आन्तरिक र बाह्य गरी वार्षिक १० हजार प्रर्यटक आउने गरेको कुरा बताउनु भएको छ ।

### ५.१४ कालापात्ला सिद्धथान मन्दिर वडा नं. १



परापूर्वकालदेखि सिद्धबाबालाई यहाँका स्थानीयबासीहरूले पूज्दै आएका र वि.सं. २०७५ सालमा स्थानीय व्यक्तिहरूले आर्थिक र श्रमको व्यवस्था गरी ढुङ्गा, माटोको गारो र खरको छानोको मन्दिर बनाएका थिए । कपुरकोट गा.पा. वार्ड नं. १ को तर्फबाट विनियोजित गरेको रू. दुई लाखले हाल मन्दिर निर्माण गरिएको छ । मेला लाग्ने सन्दर्भमा कालापात्लाको मेला भन्ने शीर्षकमा उल्लेख भइसकेको छ ।

### ५.१५. बराह थान उनवाङ मन्दिर वडा नं. १



कपुरकोट १ उन्माङमा बस्ने रोका परिवारहरूले चोखा देवताका रूपमा परापूर्वकालदेखि जेठासी पूर्णिमामा पूजाआराधना गर्दै आएका छन् । यसलाई स्थानीय समुदाय सबैले पूजाआजा गर्न लागिसकेपछि २०७४ मा बराह थानको मन्दिर वडाबाट रू. २ लाख विनियोजन गरी मन्दिर निर्माण गरियो । स्थानीय क्लब र वन समूहको जतबिजमा मङ्सिरको पहिलो हप्तामा मेला लाग्ने गर्दछ ।

### ५.१६ सिद्धबाबा मन्दिर वडा नं. १ सारपानी



परापूर्वकालदेखि यहाँका मूलबासी ठेटी घर्तीहरूले सिद्धबाबालाई बाँजको रूख मुनि पूजाआजा गर्दै आएका थिए । पूजा गर्ने समयमा बाँजको रूखमुनि काँचा स्याउला रूखका हाँगाले मन्दिर बनाउने गर्दथे ।



जेठासे पूर्णिमामा र मङ्सिर पूर्णिमामा सिद्धबाबालाई गाईको दुधले धार हाल्ने, पातीको धुप दिने, रोट बनाएर चढाउने, बेसार र पिठोको रेखी हाली पूजाआजा गर्ने गर्दछन् । २०७५ सालमा स्थानीय व्यक्तिहरूबाट आर्थिक र श्रमको व्यवस्था गरी सारपानीको बगाले डाँडामा सिद्धबाबाको मन्दिर बनाइएको छ ।

### ५.१७ सिद्धबाबाको थान वडा नं. ४, क्युरेनी

कपुरकोट-४ धनवाङ क्युरेनीमा स्थानीयबासीहरूले परापूर्वकालदेखि जेठासे पूर्णिमामा हालको क्युरेनी स्कुलको पश्चिम उत्तरमा ढुङ्गाको गारोभित्र गुराँसको रूखको फेदिमा सिद्धबाबाको पूजाआजा गर्दै आएका छन् । गाईको दुधको धार, पातीको धुप, साँरोको बली र रोट बनाई चढाउने गर्छन् । पहिले पहिले सिद्धबाबाको पूजाआजा गर्दा जेठासे पूर्णिमाको दिन मेला लाग्ने गर्दथ्यो । हाल मेला लोप भएर गएको छ ।

### ५.१८ कालिका मन्दिर वडा नं. ४

कपुरकोट वार्ड नं. ४ ड्वाङड्वाङे भन्ने स्थानमा परापूर्वकालदेखि नै कालिकादेवीको पूजाआराधना गर्दै आएका थिए । वि.सं. २०५० सालतिर साविकको धनवाङ गा.वि.स.ले बजेट छुट्याएर ढुङ्गामाटोको गारो, टिनको छानाद्वारा कालिका मन्दिर निर्माण गरेको थियो । यहाँ दसैँमा पूजाआजा आराधना स्थानीयबासी बस्नेतहरूले गर्ने गर्दथे । मुख्य पूजारीको निधनपछि पूजाआजा गरिँदैन । पहिले पहिले घटस्थापनाको दिन मेला लाग्ने गर्दथ्यो भने हाल आएर यो मेला लोप भएर गएको छ । मन्दिर पनि जीर्ण भएको छ ।

## ६. सहिद तथा बेपत्ताहरूको विवरण :

२०५२ देखि २०६२/६३ सम्म आइपुग्दा यस पालिकामा द्वन्द्वकालीन समयमा भएका सहिद र बेपत्ता हुने व्यक्तिहरूको विवरण यस प्रकार छः

सहिदहरूको विवरण

| सि. नं. | मृतकको नाम थर | लिङ्ग | ठेगाना (साविक तथा हाल) | मृत्यु भएको मिति | घटना कसले गराएको | घटना घटित जिल्ला |
|---|---|---|---|---|---|---|
| १ | कौशिला गिरी | म. | धनवाङ-७/कपुरकोट-३ | २०६१/०३/०५ | दोहोरा | दाङ |
| २ | नर बहादुर पुन | पु. | रिम-१/कपुरकोटा-५ | २०५९/०१/१४ | विद्रोही पक्ष | सल्यान |

| सि. नं. | मृतकको नाम थर | लिङ्ग | ठेगाना (साविक तथा हाल) | मृत्यु भएको मिति | घटना कसले गराएको | घटना घटित जिल्ला |
|---|---|---|---|---|---|---|
| ३ | डम्बर बहादुर वली | पु. | सार्पानी गर्पा-६/कपुरकोट-२ | २०५९/०८/२४ | | |
| ४ | रामकृष्ण थापा सिरिस | पु. | सार्पानी गर्पा-५/कपुरकोट-२ | २०६१/०८/२९ | विद्रोही पक्ष | पाल्पा |
| ५ | दुर्ग बहादुर नेपाली | पु. | सार्पानी गर्पा-८/कपुरकोट-१ | २०५९/०७/०८ | राज्य पक्ष | दाङ |
| ६ | वीर बहादुर राना | पु. | सार्पानी गर्पा-९/कपुरकोट-१ | २०५९/०८/१० | राज्य पक्ष | रूकुम |
| ७ | राकेश बि.क. | पु. | सिनवाङ-१/कपुरकोट-६ | २०५८/०८/०२ | राज्य पक्ष | प्युठान |
| ८ | सिताराम मल्ल | पु. | सार्पानी गर्पा-८/कपुरकोट | २०५६/०१/१३ | विद्रोही पक्ष | सल्यान |
| ९ | जीत बहदुर महतारा | पु. | सिनवाङ-१/कपुरकोट-६ | २०६०/११/१४ | राज्य पक्ष | रूकुम |
| १० | टंकी महतारा | म. | सिनवाङ-१/कपुरकोट-६ | २०६०/११/१६ | राज्य पक्ष | खोरखा |
| ११ | प्रेमा महतारा | म. | सिनवाङ-२/कपुरकोट-६ | २०६१/१०/१२ | राज्य पक्ष | अर्घाखाँची |
| १२ | जगत बोहरा | पु. | सिनवाङ-२/कपुरकोट-६ | २०५९/०५/२२ | राज्य पक्ष | रोल्पा |
| १३ | चूडामणि खड्का | पु. | सिनवाङ-४/कपुरकोट-६ | २०६२/०४/१२ | विद्रोही पक्ष | सल्यान |
| १४ | लोक बहादुर पुन | पु. | सिनवाङ-६/कपुरकोट-६ | २०६०/०३/१० | विद्रोही पक्ष | सल्यान |
| १५ | हिरालाल दमाई | पु. | धनवाङ-४/कपुरकोट-४ | २०५८/०८/२५ | राज्य पक्ष | सल्यान |
| १६ | दल बहादुर दमाई | पु. | धनवाङ-८/कपुरकोट-४ | २०५८/०८/२५ | राज्य पक्ष | सल्यान |
| १७ | राम बहादुर बि.क. | पु. | धनवाङ-९/कपुरकोट-४ | २०५८/०८/०२ | राज्य पक्ष | दाङ |
| १८ | इन्द्र बहादुर बुढा | पु. | धनवाङ-८/कपुरकोट-४ | २०५८/०८/२५ | राज्य पक्ष | सल्यान |
| १९ | पूर्ण बहादुर चन्द | पु. | सिनवाङ-१/कपुरकोट-४ | | राज्य पक्ष | सल्यान |
| २० | कृष्ण बहादुर राना | पु. | सार्पानी गर्पा-९/कपुरकोट-१ | २०६१/०२/१३ | राज्य पक्ष | रूपन्देही |
| २१ | चित्र बहादुर राना | पु. | सार्पानी गर्पा-९/कपुरकोट-१ | २०६०/१२/०५ | राज्य पक्ष | दाङ |
| २२ | कृष्ण राना | पु. | सार्पानी गर्पा-९/कपुरकोट-१ | २०६०/१२/०८ | राज्य पक्ष | म्याग्दी |
| २३ | प्रेमा रेउली | म. | रिम-९/कपुरकोटा-५ | २०६१/१०/२७ | राज्य पक्ष | अर्घाखाँची |
| २४ | प्रताप घर्ती | पु. | गर्पा-९/कपुरकोट-१ | | राज्य पक्ष | दाङ |

बेपत्ता पारिएकाहरूको विवरण

| सि. नं. | बेपत्ताको नाम थर | लिङ्ग | ठेगाना (साविक तथा हाल) | घटना घटित मिति | बेपत्ता भएको स्थान | घटना कसले गराएको |
|---|---|---|---|---|---|---|
| १ | वेद बहादुर बोहरा | पु. | सिनवाङ-६/कपुरकोट-६ | २०५९/०९/१८ | सिनवाङ | राज्य पक्ष |
| २ | राजकुमार बुढाथोकी | पु. | सिनवाङ-२/कपुरकोट-६ | २०५८/१२/२६ | टुनीबोट | राज्य पक्ष |
| ३ | रेशम बोहरा | पु. | सिनवाङ-६/कपुरकोट-६ | २०५८/०१/२० | कपुरकोट | राज्य पक्ष |
| ४ | हर्क बुढाथोकी | पु. | धनवाङ-२/कपुरकोट-३ | २०५८/०१/२० | रिम-५ बर्ले | राज्य पक्ष |
| ५ | नितेन्द्र कुमार श्रेष्ठ | पु. | सार्पानी गर्पा/कपुरकोट | २०५८/०४/०२ | काठमाडौँ | राज्य पक्ष |
| ६ | कर्ण बहादुर बुढा | पु. | रिम-४/कपुरकोटा ५ | २०५५/१२/२१ | गोरूसिङ्गे | राज्य पक्ष |
| ७ | वेद बहादुर पुन | पु. | सिनवाङ/कपुरकोट | २०५८-२ | सुर्खेत | राज्य पक्ष |



## ७. निर्वाचित जनप्रतिनिधिहरूको विगतदेखि हालसम्मको नामावली

नेपालमा निर्वाचन प्रणालीको सुरुवात २०१५ सलादेखि भएको हो । सल्यान जिल्ला र यस गाउँपालिकाभित्र पर्ने साविकका गाउँपञ्चायत, गाविसमा निर्वाचित भएका जनप्रतिनिधिहरूको नामावली :

*१) माननीय*

श्री नेब बहादुर मल्ल- सल्यान खलङ्गा (२०१५)
श्री जुद्ध प्रसाद न्यौपाने- नौसय सातसय क्षेत्र डुब्रिङ (२०१५)
श्री कप्तान इन्द्रवीर थापा- काभ्रे नौसय सातसय क्षेत्र (२०२०)
श्री रेमन्त बहादुर शाह- फलावाङ (२०२६)
श्री मरिचमान सिंह श्रेष्ठ- चाँदे (२०३०-२०४६)
श्री छवि प्रसाद देवकोटा- निर्वाचन क्षेत्र-२ छायाँक्षेत्र (२०४८-२०५१)
श्री राजेन्द्र बहादुर शाह- निर्वाचन क्षेत्र-१ कोटमौला (२०४८-२०५१)
श्री नेत्रलाल श्रेष्ठ- निर्वाचन क्षेत्र-२ खलङ्गा (२०५६)
श्री प्रकाश ज्वाला- निर्वाचन क्षेत्र-१ वनगाड देवस्थल (२०५६)

*संविधानसभा सदस्य*

श्री टीका बुढाथोकी- कोटमौला- अन्तरिम विधायक (२०६३)
श्री उमाकान्त शर्मा- निर्वाचन क्षेत्र-२ बडागाउँ (२०६४)
श्री टेक बहादुर बस्नेत- निर्वाचन क्षेत्र-१ बागचौर ब्युरेखोला (२०६४)
श्री धिरेन्द्र बहादुर श्रेष्ठ- खलङ्गा (समानुपातिक)
श्री अनिशा नेपाली- दार्मा - प्रतिनिधिसभा समानुपातिक (२०७९)

*२) सङ्घीय प्रतिनिधि सभा सदस्य (२०७४)*

श्री टेक बहादुर बस्नेत- बागचौर ब्युरेखोला
श्री प्रकाश ज्वाला- प्रदेश सांसद निर्वाचन क्षेत्र-ख
श्री गुलाब जङ शाह-प्रदेश सांसद वनगाड घाँजरी पिपल

*३) सङ्घीय प्रतिनिधि सभा सदस्य (२०७९)*

श्री प्रकाश ज्वाला
श्री सुरेश अधिकारी-प्रदेश सभा सांसद निर्वाचन क्षेत्र-ख, खलङ्गा
श्री भीम प्रकाश शर्मा-पदेशसभा सांसद निर्वाचन क्षेत्र-क, बागचौर

## ४) सल्यान जिल्लाका सभापति तथा उपसभापतिहरू

| मिति | सभापति | उपसभापति |
|---|---|---|
| २०१९ | ज्योति प्रसाद शाक्य, खलङ्गा | गेहेन्द्र बहादुर शाह, रिम |
| २०२२ | रेमन्त बहादुर शाह, फलावाङ | देवी प्रसाद न्योपाने, हिवल्चा |
| २०२५ | रेशम बहादुर राई, खलङ्गा | लिला बहादुर मल्ल, खलङ्गा |
| २०२६ | टेक बहादुर बोहरा, सिनवाङ | देवी प्रसाद न्योपाने, हिवल्चा |
| २०३० | देवी प्रसाद न्यौपाने, हिवल्चा | ईश्वरी बहादुर बस्नेत, सखी |
| २०३४ | अजमत पुरी, कोटमौला | चन्द्र बहादुर राई, खलङ्गा |
| २०३८ | भरत पुरी, कोटमौला | नेत्रलाल श्रेष्ठ, खलङ्गा |
| २०४९ | ध्रुवराज पुरी, कोटमौला | गणेश चन्द, दार्मा |
| २०५४ | उदय बहादुर बोहरा, लुहाम | अनुपम श्रेष्ठ, लान्ती |
| मिति | समन्वय प्रमुख | उपप्रमुख |
| २०७४ | केश ब. बिष्ट, दारिमजिउला | हरि प्र. बुढाथोकी, कालागाउँ |
| २०७९ | बेलाराम रावल, बागचौर | असबिर बुढाथोकी, दार्मा |

## ५) यस क्षेत्रबाट निर्वाचित जिल्ला सदस्यहरूको नामावली

| मिति | जिल्ला सदस्य | ठेगाना |
|---|---|---|
| २०१९ | टेक बहादुर बोहरा | सिनवाङ खोलीगाउँ |
| २०२० | इन्द्र बहादुर खत्री | बुढागाउँ लिङ्दुङ |
| २०२२-२०२६ | टेक बहादुर बोहरा | सिनवाङ खोलीगाउँ |
| २०३० | गेहेन्द्र बहादुर शाह | रिम |
| २०३४ | भद्रलाल खत्री | गर्पा खहरे |
| २०३८ | श्याम कृष्ण शाह | रिम |
| २०४३ | सिताराम बोहरा | सिनवाङ खोलीगाउँ |
| २०४९ | बोजेन्द्र बहादुर सेन | धनवाङ पाखापानी |
| २०५४ | दल बहादुर बुढा | सिनवाङ जलवाङ |



## ६) कपुरकोट गाउँपालिकामा पर्ने साविकका गाउँपञ्चायत/गा.वि.स.का प्रधानपञ्च, उपप्रधानपञ्च, अध्यक्ष र उपाध्यक्ष

सिनवाङ

| मिति | प्रधानपञ्च | ठेगाना | उपप्रधानपञ्च | ठेगाना |
|---|---|---|---|---|
| २०१८ | टेकबहादुर बोहरा | खोली गाउँ | भीम बहादुर पुन | रामीडाँडा |
| २०१९ | अमरभूप शाह | भिँगारे पाखा | भीम बहादुर पुन | रामीडाँडा |
| २०२२ | तिलक बहादुर पुन | मगरघुर | शोभान खड्का | पोखर डाँडा |
| २०२६ | तिलक बहादुर पुन | मगरघुर | तिलक बहादुर खत्री | खसघुर |
| २०३४ | कर्णवीर घर्ती | जलवाङ | टेक बहादुर बोहरा | खोलीगाउँ |
| २०३८ | मान बहादुर महतरा | रिमालीजिउला | तिलक बहादुर खत्री | खसघुर |
| २०४३ | मान बहादुर महतरा | रिमालीजिउला | चूडामणि खड्का | खोलीगाउँ |
| मिति | अध्यक्ष | ठेगाना | उपाध्यक्ष | ठेगाना |
| २०४९ | मान बहादुर महतरा | रिमालीजिउला | भीम बहादुर खड्का | डाङ्री |
| २०५४ | ओज बहादुर महतरा | सिनवाङ | डम्बर बहादुर राना | खसघुर |

रिम

| मिति | प्रधानपञ्च | ठेगाना | उपप्रधानपञ्च | ठेगाना |
|---|---|---|---|---|
| २०१८ | गेहेन्द्र बहादुर शाह | रिम | रेशम बहादुर सेन | खाली |
| २०२२ | नरनारायण शाह | रिम | रोमहर्ष उपाध्याय | रिम |
| २०२६ | नरनारायण शाह | रिम | रोमहर्ष उपाध्याय | रिम |
| २०३० | लोमस बहादुर शाह | रिम | वीर बहादुर पुन | रिम |
| २०३४ | लोमस बहादुर शाह | रिम | वीर बहादुर पुन | रिम |
| २०३८ | कूल बहादुर ओली | रिम | हस्तराम दमाई | रिम |
| २०४३ | कृष्ण बहादुर केसी | खाली | देव बहादुर भण्डारी | दयकोट |
| मिति | अध्यक्ष | ठेगाना | उपाध्यक्ष | ठेगाना |
| २०४९ | श्यामकृष्ण शाह | रिम | मानबहादुर बुढाथोकी | जामुने |
| २०५४ | पूर्भान पुन | रिम | हिमलाल बस्नेत | खाली |

| धनवाङ | | | | |
|---|---|---|---|---|
| मिति | प्रधानपञ्च | ठेगाना | उपप्रधानपञ्च | ठेगाना |
| २०१८ | यज्ञबहादुर सेन | कपुरकोट | गंगाराम रेग्मी | चिन्नेखोला |
| २०१८ | गंगाराम रेग्मी | चिन्नेखोला | कृष्ण बहादुर थापा | किमीचौर |
| २०२२ | टेक बहादुर सेन | मूलपानी | कृष्ण बहादुर थापा | किमीचौर |
| २०२६ | लोक बहादुरा राना | धनवाङ | गेहेन्द्र सिंह | गाँडापानी |
| २०३० | डण्डीराम गिरी | कपुरकोट | धरणीधर शर्मा | कपुरकोट |
| २०३४ | पदम बहादुर सेन | कपुरकोट | मोहनलाल राजकोटी | राम्री |
| २०३८ | अम्मर बहादुर बुढा | धनवाङ | कृष्ण बहादुर थापा | किमीचौर |
| २०४३ | रूद्र प्रसाद शर्मा | कपुरकोट | डण्ड बहादुर सेन | पाखापानी |
| मिति | अध्यक्ष | ठेगाना | उपाध्यक्ष | ठेगाना |
| २०४९ | झलक बहादुर सेन | मूलपानी | पिताम्बर ओली | दमारखोला |
| २०५४ | पिताम्बर ओली | दमारखोला | चन्द्र प्रकाश बुढा | किमीचौर |

| गर्पा | | | | |
|---|---|---|---|---|
| मिति | प्रधानपञ्च | ठेगाना | उपप्रधानपञ्च | ठेगाना |
| २०१८ | मनिलाल घर्ती | गोठीवन | कलिराम पुन | गैरीवाङ |
| २०२२ | कलिराम पुन | गैरीवाङ | दलसिंह बुढा | गोठीवन |
| २०२६ | भद्रलाल खत्री | खरे | अम्मर डाँगी | सिवाङ |
| २०२६ | अम्मर डाँगी (का.वा.) | सिवाङ | सुकाराम घर्ती | गर्पा |
| २०३० | भद्रलाल खत्री | खरे | भुपलाल बस्नेत | खरे |
| २०३० | चन्द्र बहादुर घर्ती (का.वा.) | गोठीवन | भुपलाल बस्नेत | खरे |
| २०३४ | चन्द्र बहादुर घर्ती | गोठीवन | भुपलाल बस्नेत | खरे |
| २०३८ | चन्द्र बहादुर घर्ती | गोठीवन | बेल बहादुर रोका | उनवाङ |
| २०४३ | चन्द्र बहादुर घर्ती | गोठीवन | अमृत राना | गैरीवाङ |
| मिति | अध्यक्ष | ठेगाना | उपाध्यक्ष | ठेगाना |
| २०४९ | चन्द्र बहादुर घर्ती | गोठीवन | तिर्थराज राना | गर्पा |
| २०५४ | प्रेम पुन | गैरीवाङ | ओम बहादुर बुढा | गोठीवन |
| २०५७ | ओम बहादुर बुढा (का.वा. अध्यक्ष | गोठीवन | | |



*७) २०७२ को संविधान पछि साविकको रिम, सिनवाङ, धनवाङ र गर्पालाई मिलाएर कपुरकोट गाउँपालिका बनाइसकेपछि निर्वाचित जनप्रतिनिधिहरूको नाम :*

२०७४

| यस कपुरकोट गाउँपालिकाको कार्यालयका सम्पूर्ण जनप्रतिनिधिहरुको विवरण: | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | पद | स्थायी ठेगाना |
| १ | भिम बहादुर सेन | अध्यक्ष | कपुरकोट ३, सल्यान |
| २ | तिला बुढामगर | उपाध्यक्ष | कपुरकोट ५, सल्यान |
| ३ | बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | कपुरकोट १, सल्यान |
| ४ | चन्द्री खड्का | महिला सदस्य | कपुरकोट १, सल्यान |
| ५ | मन कुमारी कामी | दलित महिला सदस्य | कपुरकोट १, सल्यान |
| ६ | झुपसिंह राना | सदस्य | कपुरकोट १, सल्यान |
| ७ | बम बहादुर कंवर | सदस्य | कपुरकोट १, सल्यान |
| ८ | मान बहादुर राना | वडा अध्यक्ष वडा नं. २ | कपुरकोट २, सल्यान |
| ९ | धनकली रोका | महिला सदस्य | कपुरकोट २, सल्यान |
| १० | विवा वि.क. | दलित महिला सदस्य | कपुरकोट २, सल्यान |
| ११ | तेज बहादुर थापा | सदस्य | कपुरकोट २, सल्यान |
| १२ | लिला वहादुर घर्ति | सदस्य | कपुरकोट २, सल्यान |
| १३ | मिन बहादुर सेन | वडा अध्यक्ष वडा नं. ३ | कपुरकोट ३, सल्यान |
| १४ | ललिता गिरी | महिला सदस्य | कपुरकोट ३, सल्यान |
| १५ | तुल्सी के.सी. वि.क. | दलित महिला सदस्य | कपुरकोट ३, सल्यान |
| १६ | टिकाराम बुढाथोकी | सदस्य | कपुरकोट ३, सल्यान |
| १७ | प्रदिप खड्का | सदस्य | कपुरकोट ३, सल्यान |
| १८ | हरिलाल पुन | वडा अध्यक्ष वडा नं. ४ | कपुरकोट ४, सल्यान |
| १९ | भिमा भण्डारी | महिला सदस्य | कपुरकोट ४, सल्यान |
| २० | सेतु सार्की | दलित महिला सदस्य | कपुरकोट ४, सल्यान |
| २१ | चित्र बहादुर थापा | सदस्य | कपुरकोट ४, सल्यान |
| २२ | टेक वहादुर बुढा | सदस्य | कपुरकोट ४, सल्यान |
| २३ | यम कुमार वस्नेत | वडा अध्यक्ष वडा नं. ५ | कपुरकोट ५, सल्यान |
| २४ | भिमा बुढाथोकी | महिला सदस्य | कपुरकोट ५, सल्यान |
| २५ | कमला वि.क. | दलित महिला सदस्य | कपुरकोट ५, सल्यान |
| २६ | बहादुरे कामी | सदस्य | कपुरकोट ५, सल्यान |
| २७ | शिवे दमाई | सदस्य | कपुरकोट ५, सल्यान |
| २८ | हेरम वहादुर बुढाथोकी | वडा अध्यक्ष वडा नं. ६ | कपुरकोट ६, सल्यान |
| २९ | शान्ता वली | महिला सदस्य | कपुरकोट ६, सल्यान |
| ३० | कलसी सार्की | दलित महिला सदस्य | कपुरकोट ६, सल्यान |
| ३१ | रुपलाल बुढाथोकी | सदस्य | कपुरकोट ६, सल्यान |
| ३२ | झांक बहादुर महतारा | सदस्य | कपुरकोट ६, सल्यान |
| ३३ | ठकविर कामी | दलित वा अल्पसंख्यक | कपुरकोट ३, सल्यान |
| ३४ | यमुना नेपाली | दलित वा अल्पसंख्यक | कपुरकोट ६, सल्यान |

*स्रोत : कपुरकोट गाउँपालिका, सल्यान*

२०७९

| नाम, थर | पद | राजनितिक दल |
|---|---|---|
| दुर्गा बहादुर पुन | अध्यक्ष | नेकपा ए. समाजवादी |
| प्रकाश भरारी | उपाध्यक्ष | नेकपा माओवादी केन्द्र |
| बालाराम खड्का | वडा अध्यक्ष | नेकपा माओवादी केन्द्र |
| अनिता पुन | महिला सदस्य | नेकपा माओवादी केन्द्र |
| रेवती सुनार | दलित महिला सदस्य | नेकपा एकिकृत समाजवादी |
| भुप सिं राना | वडा सदस्य | नेकपा माओवादी केन्द्र |
| भिम बहादुर घर्ती | वडा सदस्य | नेकपा एकिकृत समाजवादी |
| इश्वर बुढा | वडा अध्यक्ष | नेकपा एमाले |
| दिलसरी पुन | महिला सदस्य | नेकपा एमाले |
| हरिकला सुनार | दलित महिला सदस्य | नेकपा एमाले |
| झक्कु प्रसाद सिरिस | वडा सदस्य | नेकपा एमाले |
| चन्द्रलाल वली | वडा सदस्य | नेकपा एमाले |
| प्रदिप खड्का | वडा अध्यक्ष | नेपाली कांग्रेस |
| राधिका यरी | महिला सदस्य | नेपाली कांग्रेस |
| निमा कुमारी सुनार | दलित महिला सदस्य | नेपाली कांग्रेस |
| तिलक बहादुर सिंह (ठकुरी) | वडा सदस्य | नेपाली कांग्रेस |
| टेक बहादुर पुन | वडा सदस्य | नेपाली कांग्रेस |
| मित्रलाल कठायत | वडा अध्यक्ष | नेकपा एमाले |
| होम कुमारी बुढा मगर | महिला सदस्य | नेकपा एमाले |
| मंगली विक | दलित महिला सदस्य | नेकपा एमाले |
| दिपक पुन | वडा सदस्य | नेकपा एमाले |
| रेशम चन्द ठकुरी | वडा सदस्य | नेकपा एमाले |
| होम बहादुर खड्का | वडा अध्यक्ष | नेकपा माओवादी केन्द्र |
| तिला बुढाथोकी रोका | महिला सदस्य | नेकपा एकिकृत समाजवादी |
| टिका नेपाली | दलित महिला सदस्य | नेकपा एकिकृत समाजवादी |
| प्रताप सिं कवर | वडा सदस्य | नेकपा एकिकृत समाजवादी |
| अमर बहादुर राना | वडा सदस्य | नेकपा एकिकृत समाजवादी |
| श्यामकृष्ण वोहरा | वडा अध्यक्ष | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| शान्ती राना | महिला सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| रामकली दमाई | दलित महिला सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| गंगाराम महतारा | वडा सदस्य | नेकपा माओवादी केन्द्र |
| पूर्ण सिं वोहरा | वडा सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| विमल कामी | कार्यपालिका सदस्य | नेपाली कांग्रेस |
| तिला कुमारी कामी | कार्यपालिका सदस्य | नेपाली कांग्रेस |

*स्रोत : कपुरकोट गाउँपालिका, सल्यान*



८. नेपालको संविधान २०७२ कार्यान्वयनमा आएपछि कपुरकोट गाउँपालिकाको कार्यालय प्रमुखको हालसम्मको विवरण :

| क्र. सं. | नामथर | पद | संकेत नं. | ठेगाना | कार्यरत मिति | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| १ | श्री गुरू प्रसाद योगी | नि.कार्यकारी अधिकृत | १३५७३५ | तुलसीपुर उ.म.न.पा. ९, दाङ | २०७३/११/२७ | २०७३/१२/२२ |
| २ | श्री रेमन्त बहादुर डाँगी | कार्यकारी अधिकृत | १५४९४५ | त्रिवेणी गा.पा. ६, सल्यान | २०७३/१२/२३ | २०७४/०६/२८ |
| ३ | श्री सुवाश रिजाल | प्रमुख प्रशासकीय अधिकृत | २०५०६६ | नौंबहिनी गा.पा. ६, प्युठान | २०७४/०६/२९ | २०७६/०६/०१ |
| ४ | श्री अमर बहादुर वली | प्रमुख प्रशासकीय अधिकृत | २०१३१७ | तुलसीपुर उ.म.न.पा. १९, दाङ | २०७६/०६/०२ | २०७६/०७/१९ |
| ५ | श्री हिरालाल भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | १५४०८३ | तुलसीपुर उ.म.न.पा. ६, दाङ | २०७६/०८/०८ | २०७७/०७/३० |
| ६ | श्री अरूण दाहाल | नि.कार्यकारी अधिकृत | १५६९५० | तुलसीपुर उ.म.न.पा. ६, दाङ | २०७७/०८/०१ | २०७७/०८/२९ |
| ७ | श्री मोहन खड्का | प्रमुख प्रशासकीय अधिकृत | | शारदा न.पा. ५, सल्यान | २०७७/०८/३० | २०७८/०६/१२ |
| ८ | श्री अमर बहादुर वली | प्रमुख प्रशासकीय अधिकृत | २०१३१७ | तुलसीपुर उ.म.न.पा. १९, दाङ | २०७८/०६/१३ | २०७८/०८/०१ |
| ९ | श्री डिल्ली खड्का | प्रमुख प्रशासकीय अधिकृत | २०७५२५ | चौरजहारी नि.पा. १०, रूकुम (प.) | २०७८/०८/१५ | २०७८/११/१२ |
| १० | श्री भरत कुमार वली | प्रमुख प्रशासकीय अधिकृत | २४४३७३ | दार्मा गा.पा. ३, सल्यान | २०७८/१२/१३ | |

## ९. कपुरकोटा गाउँपालिका भित्रका सहकारी तथा बैङ्कहरूको विवरण

| क्र. सं. | सहकारीको नाम | सहकारी कार्यालय भएको वडा | सहकारी अध्यक्षाको नाम | | सहकारी व्यवस्थापकको नाम | |
|---|---|---|---|---|---|---|
| | | | नाम | सम्पर्क नं. | नाम | सम्पर्क नं. |
| १ | साना किसान कृषि सहकारी संस्था लि. | कपुरकोट गा.पा. ३ कपुरकोटा सल्यान | डम्बर बहादुर यरी | ९८६५०८३८१२ | तिर्थराज शर्मा | ९८६५०८३८१२ |
| २ | श्री कपुरकोट कृषि सहकारी संस्था लि. | कपुरकोट गा.पा. ३ कपुरकोटा सल्यान | जगत बहादुर खड्का | ९८४७९४२०१३ | तिला कुमारी यरी | ९८६५२२०८९० |
| ३ | श्रृजना बहुउद्देशीय उपभोक्ता सहकारी संस्था लि. | कपुरकोट गा.पा. ५ रिम, सल्यान | अशोक कुमार बुढा | ९८०९५७१२६२ | ओम प्रकाश देवकोटा | ९८४४९१७१९८ |
| ४ | सिनावाङ कृषि सहकारी संस्था लि. | कपुरकोट गा.पा. ६ सिनवाङ, सल्यान | मान बहादुर खड्का | ९८१०८५१५२१ | दल बहादुर खड्का | |
| ५ | लेख सल्लाम कृषि सहकारी संस्था लि. | कपुरकोट गा.पा. ५ रिम सल्लाम सल्यान | अमर बहादुर राना | ९८४८१२९४०६ | प्रकाश | ९८६६९६३३६४ |
| ६ | खोलावाङ कृषि सहकारी संस्था लि. | कपुरकोट गा.पा. ३ सोलावाङ सल्यान | टेक बहादुर पुन | ९८४७९७८८२१ | | |
| ७ | समावेशी कृषि सहकारी संस्था लि. | कपुरकोट गा.पा. १ सारपानी, सल्यान | रण सिंह घर्ती | ९८६६७४४१४९ | | |
| ८ | नारी विकास वचत तथा ऋण सहकारी संस्था लि. | कपुरकोट गा.पा. ३ कपुरकोट, सल्यान | पार्वती बुढा | ९७४६९३५८९६ | हिम कुमारी गिरी | ९८१०९००११९ |
| ९ | हातेमालो बहुउद्देश्यीय सहकारी संस्था लि. | कपुरकोट गा.पा. ४ किमिचौर, सल्यान | भीम कुमारी थापा | ९८१०८१४४०० | होम कुमारी बुढा | |

१) कुमारी बैङ्क वि.सं. २०७०
२) ज्योति विकास बैङ्क वि.सं. २०७५
३) नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क वि.सं. २०७५



## १०. सल्यानका प्रमुख जिल्ला अधिकारीहरू :

सल्यान राज्य नेपालको मातहतमा रहेको वि.सं. १८६९ मा हो । त्यतिखेर सल्यान राज्य हालको जिल्लाभन्दा विशाल थियो । यो क्षेत्र हेर्ने जिम्मा सुवेदार रूद्रवीर शाहीलाई दिएको थियो । पछि जिल्ला वा क्षेत्रका प्रमुखहरूलाई गौँडा, बडा हाकिम हुँदै जिल्ला प्रमुख अधिकारीको व्यवस्था गरियो । सल्यानमा पहिलेको अभिलेख नभएपनि वि.सं. २०२८ सालको अभिलेखलाई आधार मानिएको छ । वि.सं. २०२८ सालदेखि हालसम्मको सल्यान जिल्लाका जिल्ला प्रमुख अधिकारीहरूको नामवली निम्न तालिकामा राखिएको छ ।

| क्र.सं. | नामथर | देखि | सम्म |
|---|---|---|---|
| १ | श्री विमलेश्वरानन्द प्रधानांग | २०२८/०१/२५ | २०३२/०४/०५ |
| २ | श्री भैरव प्रसाद उपाध्याय | २०३२/०४/०६ | २०३३/१०/२७ |
| ३ | श्री रामेश्वर यादव | २०३३/०१/२८ | २०३४/०१/२० |
| ४ | श्री प्रेमलाल श्रेष्ठ का.मु. | २०३४/१०/२१ | २०३५/१०/२१ |
| ५ | श्री केशर बहादुर श्रेष्ठ | २०३५/१०/२२ | २०३६/०८/०५ |
| ६ | श्री केशवराज राजभण्डारी | २०३६/०८/०६ | २०३९/०७/१२ |
| ७ | श्री ईश्वर नारायण पाण्डे | २०३९/०७/१६ | २०४१/०५/२१ |
| ८ | श्री लक्ष्मण प्रसाद उपायध्या | २०४१/०५/२२ | २०४२/११/११ |
| ९ | श्री कृष्ण मुरारी शर्मा | २०४२/११/२६ | २०४३/१०/२९ |
| १० | श्री डि.बि. भट्टराई | २०४३/११/०१ | २०४४/०१/१७ |
| ११ | श्री कृष्ण प्रसाद शर्मा | २०४४/०१/३१ | २०४६/०१/०८ |
| १२ | श्री आनन्दराज पोखरेल | २०४६/०५/१२ | २०४७–०४–३२ |
| १३ | श्री दुर्गा प्रसाद पोखरेल | २०४७/०६/०८ | २०४८/०८/०१ |
| १४ | श्री नरेन्द्रराज पौडेल | २०४८/०९/१५ | २०४९/०७/०४ |
| १५ | श्री जय नारायण मण्डल | २०४९/०९/२६ | २०५१/०१/१२ |
| १६ | श्री हरिहर शर्मा | २०५१/०१/२० | २०५३/०२/०८ |
| १७ | श्री देवनारायण यादव | २०५३/०३/०९ | २०५४/०६/०८ |
| १८ | श्री रत्न राज शर्मा | २०५४/०६/०९ | २०५४/०८/३० |
| १९ | श्री वासुदेव पौडेल | २०५४/१०/०१ | २०५६/०८/१३ |
| २० | श्री दुर्गा प्रसाद भण्डारी | २०५६/०८/२८ | २०५६/०९/१३ |
| २१ | श्री प्रेम प्रसाद शर्मा सापकोटा | २०५७/०२/२४ | २०५८/०१/२४ |

| क्र.सं. | नामथर | देखि | सम्म |
|---|---|---|---|
| २२ | श्री रूद्रनाथ बस्याल | २०५८/१०/०६ | २०५९/०८/१६ |
| २३ | श्री बालकृष्ण पन्थी | २०५९/०९/१० | २०६२/११/२१ |
| २४ | श्री मोहन पौडेल का.मु. | २०६२/११/२२ | २०६३/०३/०२ |
| २५ | श्री कृष्णश्याम बुढाथोकी | २०६३/०४/०३ | २०६४/०३/१९ |
| २६ | श्री टेकवीर जङ रायमाझी | २०६४/०३/२० | २०६५/०७/१० |
| २७ | श्री ऋषिकेश निरौला | २०६५/०७/२० | २०६५/१०/०५ |
| २८ | श्री सीताराम कार्की | २०६५/११/०१ | २०६६/०८/२५ |
| २९ | श्री बाबुराम खनाल का.मु | २०६६/०८/२६ | २०६६/१०/१८ |
| ३० | श्री रामेश्वर दंगाल | २०६६/१०/१९ | २०६७/०१/१६ |
| ३१ | श्री नारायण प्रसाद आचार्य | २०६७/०१/१७ | २०६८/०३/०६ |
| ३२ | श्री तेज प्रसाद पौडेल | २०६८/०३/१३ | २०६८/१०/१९ |
| ३३ | श्री भविश्वर पाण्डे | २०६८/१०/२२ | २०६८/१२/२९ |
| ३४ | श्री मुरारी प्रसाद शर्मा | २०६८/१२/३० | २०६९/१०/२९ |
| ३५ | श्री यज्ञराज बोहरा | २०६९/११/१६ | २०७१/०५/३१ |
| ३६ | श्री कृष्ण प्रसाद आचार्य | २०७१/०६/२७ | २०७२/११/२७ |
| ३७ | श्री गोविन्द प्रसाद रिजाल | २०७२/११/२८ | २०७३/०१/१७ |
| ३८ | श्री दुर्गादत्त पौडेल | २०७३/०१/२७ | २०७३/१०/११ |
| ३९ | श्री भरत कुमार बुढाथोकी | २०७३/१०/१२ | २०७४/०२/२३ |
| ४० | श्री दिल कुमार तामाङ | २०७४/०२/२४ | २०७४/०५/२७ |
| ४१ | श्री परमानन्द घिमिरे | २०७४/०५/२८ | २०७५/०४/२६ |
| ४२ | श्री कमलराज ढकाल | २०७५/०४/२८ | २०७५/१२/१३ |
| ४३ | श्री चुडाराज न्यौपाने | २०७५/१२/१३ | २०७६/१०/२५ |
| ४४ | श्री शिवराम पोखरेल | २०७६/१०/२९ | २०७७/०५/१६ |
| ४५ | श्री हेमराज तामाङ | २०७७/०५/२१ | २०७७/११/१६ |
| ४६ | श्री लक्ष्मी देवी होमागाई खतिवडा | २०७७/११/१९ | २०७८/०९/२५ |
| ४७ | श्री विपीन आचार्य | २०७८/०९/२६ | २०७९/१०/०९ |
| ४८ | श्री कृष्णचन्द्र पौडेल | २०७९/१०/१५ | २०७९/१२/१८ |
| ४९ | श्री वेद प्रसाद खरेल | २०७९/१२/१९ | |



## ११. वडामा भएका सडक र लिफ्टिङ खानेपानी

### वडा नं. १

**सडकहरू :** दहवन-लापु-लामपोखरा, दहवन-खोरबारे-बगाले, बगाले-सार्पानी-लापु, लामपोखरा-खामागारे-बाँझबोट, दहवन-उनवाङ-कालापात्ला, बगाले-दहवन, दहवन-सिल्किने-ढोरवाङ ।

**भवन :** वडापालिका भवन, स्वास्थ्य भवन, गाउँघर क्लिनिक भवन ।

**लिफ्टिङ खानेपानी :** देब्रेखोला लिफ्टिङ खानेपानी, ग्रामीण सौर्य ऊर्जा लिफ्टिङ सार्पानी खानेपानी, धार्पानी उनवाङ लिफ्टिङ खानेपालनी ।

### वडा नं. २

**सडकहरू :** खाली-गर्पा-गोठीवन-रिठाबोट, कपुरकोट-दानवाङ-सिवाङ-खलटाकुरा-ढन्ठाना-गोठीवन, कपुरकोट-दमारखोला-झुल्नेटा-सिमलकुना, गेरूखोला-काउले खोला-रिठाबोट, दानवाङ-सिलेखोला, काले-भकम, खाली-खरे-अम्रैडाँडा, गोठीवन-झिम्मन, गोठीवन-अँधेरी खोला, गर्पा-ढन्ठाना, सिवाङ-काउलेपानी, गर्पा-माझगाउँ ।

**भवन :** वडा कार्यालय, स्वास्थ्यचौकी, गाउँघर क्लिनिक भवन सिमलकुना ।

**लिफ्टिङ खानेपानी :** ढन्ठाना गोठीवाङ लिफ्टिङ खानेपानी, भूतखोला गर्पा लिफ्टिङ खानेपानी, दानवाङ लिफ्टिङ खानेपानी निर्माणाधिन ।

### वडा नं. ३

**सडकहरू :** कपुरकोटा-पाखापानी-धैरेनी, कपुरकोट-फँलाटे, किमीचौर-लामीडाँडा-धैरेनी, मूलपानी-डाँडाटोल, घट्टेखोला-घाँङे, डाँडाटोल-जम्पानी, टेकनडाँडा-गेरूखोला, टेकनडाँडा-सल्लेरी, दमारखोला-गैरीवाङ, कपुरकोट-खुङा, कपुरकोट-कटौंजेरी-चमेरे गुफा, काले-भकम, कालिका मन्दिर-सागिने ।

**भवन :** गाउँघर क्लिनिक लामीडाँडा, गाउँघर क्लिनिक मूलपानी, स्वास्थ्यचौकी ।

**लिफ्टिङ खानेपानी :** कपुरकोट बजार लिफ्टिङ खानेपानी, टकने खोला लिफ्ट खा.पा., कटौंजेरी लिफ्ट खानेपानी, भिरघारी लिफ्ट सिँचाइ योजना, पाखापानी लिफ्ट खा.पा. ।

### वडा नं. ४

**सडकहरू :** कपुरकोट-किमीचौर बिजगाउँ-धनवाङ-गाडापानी-फलावाङ, कपुरकोट-किमीचौर-धनवाङ लेक-गाडापानी-फलावाङ, पातीहाल्ना-भारखोला-खसटोल-खोरियावन-चिन्नेखोला, किउरेनी-खसटोल-बैसेरी, घडारीचौर-अरिङ्गाले, कालापोखरा-टुनीबोट, वडाकार्यालय-पातीहाल्ना, माथिल्लो चिन्नेखोला-तल्लो चिन्नेखोला ।

***भवन*** : स्वास्थ्यचौकी भवन निर्माणाधिन, वडा कार्यालय भवन निर्माणाधिन, गाउँघर क्लिनिक डाँडापानी निर्माणाधिन, गाउँघर क्लिनिक किमीचौर ।

***लिफ्टिङ खानेपानी*** : धनवाङ किमीचौर बृहत् लिफ्ट खानेपानी योजना ।

***वडा नं. ५***

***सडकहरू*** : खाली-सल्लम-ऱ्याले-शीतलबजार-जामुने-टुनीबोट, खाली-सिँदुर खोला-जुँगेपानी-मेलचौर-शीतलबजार, सोलावाङ-शीतलबजार-कोइला, सोलावाङ-शीतलबजार-छायाँनाथ सिनवाङ, खारखोला-जामुने, ठाँटीबोट-सम्धीमोड, जामुने-सिप्पन गैरा, शीतलबजार-साउनेपानी-अक्कासी-देउराली चौर, शीतलबजार-ओखरपाटा, शीतलबजार-खजुरे, बर्ले-गर्ज्याम, गौराचौर-सिमलगैरा-तीनडाँडा, तीनडाँडा-जेबिचौर, तीनडाँडा-डालीगन्ज, खालीगाउँ-सल्लम, सल्लम-बगाले डाँडा, बगाले-निगालपानी, शीतलबजार-छापटोला, छिपछिपे-राउटेचौर ।

***भवन*** : वडाकार्यालय, स्वास्थ्यचौकी, बर्थिङ सेन्टर, आयुर्वेदिक, रेडक्रस, गाउँघर क्लिनिक, खाली, गाउँघर क्लिनिक लेक सल्लम, गाउँघर क्लिनिक सिँदुरी, गाउँघर क्लिनिक जामुने ।

***लिफ्टिङ खानेपानी*** : शीतल बजार लिफ्ट खानेपानी योजना, पाङ्राङ लिफ्ट खानेपानी योजना, सिमपाखा सल्लाम बगालेडाँडा लिफ्ट खानेपानी योजना, जामुने लिफ्ट खानेपानी योजना, दयकोट लिफ्ट खानेपानी योजना, तुसारे खोला खाली मिलन बजार लिफ्ट खानेपानी योजना ।

***वडा नं. ६***

***सडकहरू*** : टुनीबोट-छायाँनाथ-कोइला, जलवाङ-रातामाटा-डाँडागाउँ-सातामुल-सिनवाङ-सल्ले, सातामुल-रएँजे, रातामाटा-कोइला, पटारेखोला-डिबाङ, ढाँर-खसघुर-कोइला, जलवाङ-कोइला ।

***भवन*** : वडाकार्यालय, स्वास्थ्यचौकी, गाउँघर क्लिनिक सिनवाङ, गाउँघर क्लिनिक डाङ्री, गाउँघर क्लिनिक ढाँर ।

***लिफ्टिङ खानेपानी*** : सिनवाङ लिफ्ट खानेपानी योजना ।

यसका अतिरिक्त वडाहरूमा सामुदायिक वनका भवन, विद्यालय भवनहरू, कृषि टहरा, सिँचाइका कुलाहरू निर्माण भएका छन् ।

**१२. यस पालिकाका गौरवका योजनाहरू :**

- कपुरकोट अँध्यारोमुक्त गाउँपालिका निर्माण ।
- कपुरकोट १५ सैयाको अस्पताल निर्माण ।
- पालिकाभित्रमा फुसको छानामुक्त कार्यक्रम ।
- घुरखोला पिपलबोट मोटर फुल निर्माण कार्यक्रम ।
- एकीकृत कृषि कार्यक्रम ।
- गाउँपालिका पूर्ण सरसफाइको कार्यक्रम ।
- एक घर एक धारा खानेपानी कार्यक्रम ।
- पालिकाभित्र कृषि क्याम्पस सञ्चालनमा ल्याउने कार्यक्रम ।
- प्रत्येक वडामा खेलमैदान निर्माण ।
- हाम्रो विद्यालयमा राम्रो सिकाइ ।
- पालिकाभित्र कृषि क्याम्पस सञ्चालन ।
- प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, कृषि पर्यटकीय स्थल निर्माण कार्यक्रम ।

**सन्दर्भसामग्री**


१. अधिकारी, डा. बम बहादुर, *प्राचीन तथा मध्यकालीन नेपालको इतिहास*, डिकुरा पब्लिकेसन ।
२. आचार्य, डा. गोविन्द, *लोकगीतको विश्लेषण*, पैरवी प्रकाशन ।
३. आचार्य, बलराम, *मानवशास्त्री सिद्धान्तहरूको विश्लेषण*, नेस्नल बुक सेन्टर ।
४. खतिवडा, सोमप्रसाद, *अभिलेख विज्ञान एवं मुद्रा शास्त्र*, एम.के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।
५. जीवनज्योति मा.वि. *स्मरिका २०७९* ।
६. पाण्डे, मधुसूदन, *नेपालका जनजातिहरू*, पैरवी प्रकाशन ।
७. पुन, डम्बर बहादुर, *आठहजार क्षेत्रका लोकगीतको विश्लेषण*, त्रिभुवन विश्वविद्यालय डिग्रीका लागि शोधपत्र ।
८. बुढामगर, पूर्ण बहादुर, *मगर भाषा बोलचाल शब्दावली*, सल्यान : शारदा अफसेट श्रीनगर ।
९. *मगर भाषाको पाठ्यक्रम*, नेपाल मगर सङ्घ केन्द्रीय कार्य समिति ।
१०. शर्मा, प्रतिमा, *लैङ्गिक अध्ययन सिद्धान्त र व्यवहार*, उत्सव बुक्स प्रकाशन ।
११. *श्री स्वस्थानी व्रतकथा*, बम्बै बुक डिपो ।